जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ • अंक १६ • २०८३ साल जेठ २२ गते शुक्रबार (5 June, Friday, 2026) • पृष्ठ ८ • मूल्य रु. ५।-

## सर्वोच्चद्वारा यादवको पक्षमा फैसला

**टुडे समाचारदाता**



जनकपुरधाम । जनता समाजवादी पार्टी (जसपा) नेपालको विभाजन मुद्दामा जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवको पक्षमा सर्वोच्च अदालतले फैसला गरेको छ । करिब दुई वर्षपछि सर्वोच्चले अध्यक्ष यादवको पक्षमा फैसाला गरेको छ ।

सर्वोच्च अदालतका न्यायाधीश कुमार रेग्मी, महेश शर्मा पौडेल र श्रीकान्त पौडेलको पूर्ण इजलासले बिहीबार यादव नेतृत्वको जसपा नेपाललाई आधिकारिकता दिने गरी फैसला गरेको छ ।

जसपा नेपालका नेता अशोक राईको नेतृत्वमा विभाजन भएको थियो । उक्त विभाजनविरुद्ध यादवले सर्वोच्चमा रिट दर्ता गरेका थिए ।

तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको सरकार रहेको बेला जसपा नेपाल विभाजित भएको थियो ।

उक्त विभाजनकै कारण यादवले एमाले र माओवादी केन्द्रको गठबन्धन छोडेका थिए । तर, अदालतले भने लामो समयसम्म यो विभाजनको विषयमा फैसला सुनाएको थिएन ।

पार्टी विभाजनको विरुद्धसम्बन्धी रिटमाथि छलफलपछि सर्वोच्चले विभाजनलाई यथास्थानमा राखेको थियो । जसले गर्दा दुवै पक्ष अन्योलमै थिए । करिब दुई वर्षसम्म अदालतमा अल्झिएको मुद्दाले अहिले फैसला गरेपनि यो बीचमा पार्टीका नेताहरू भने तितरवितर भइसकेका छन् ।

अहिले अशोक राईको नेतृत्वमा पार्टीका नेताहरूमध्ये राजेन्द्र श्रेष्ठसहितको एउटा टोली नेपाली कम्युनिस्ट पार्टी (नेकपा)मा छन् । त्यस्तै प्रदीप यादव, मोहम्मद इस्तियाक राईहरू एमालेमा छन् । अशोक राई एमालेबाट बाँकेका निर्वाचित सांसद छन् ।

मुद्दा लम्बिनुमा भने संयुक्त इजलासले गम्भीर संवैधानिक व्याख्याको विषय देखिएको भन्दै पूर्ण इजलासमा पठाउने आदेश गरेको थियो । त्यतिबेला न्यायाधीशद्वय हरिप्रसाद फुयाँल र तिलप्रसाद श्रेष्ठले पूर्ण इजलासमा पेश गर्ने आदेश दिएको थियो ।

त्यतिबेला अशोक राईले जसपा नेपालका सात जना सांसदसहितलाई लिएर जसपा गठनसंगै पार्टी विभाजन गरेका थिए ।

### मधेश प्रदेशमा थापाको एक्सन

## बाराका सभापति निलम्बन, तीन सांसदलाई चेतावनी

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली कांग्रेस संस्थापन पक्षले संस्थापन इतर पक्षका नेताहरुमाथि अनुशासनको कारबाही गरिएको छ।

सभापति गगनकुमार थापाले मधेश प्रदेशका असन्तुष्ट पक्षलाई कारबाही थालेका छन् । जेठ २८ गतेको मधेश प्रदेश भेलाको लागि बिहीबार तयारी बैठक भइरहेको बेला अनुशासन समितिले कारबाहीको डण्डा घुमाएको छ ।

केन्द्रीय अनुशासन समितिले बारा जिल्लाका पार्टी सभापति राजेश राय यादवलाई निलम्बन गरेको छ। उनले पार्टीको आधिकारिक उम्मेदवारको विरुद्ध चुनावमा लागेर अन्तरघात गरेको ठहरगर्दै अनुशासन समितिले पदबाट निलम्बन गर्ने निर्णय गरेको छ ।

सभापति यादव संस्थापन इतर पक्षतर्फ खुलेका छन्। उनी निवर्तमान सभापति शेरबहादुर देउवा निकट मानिन्छ। सभापति यादवले थापाको नेतृत्वलाई स्वीकार नगरेको बताइन्छ।

यसैगरी अनुशासन समितिले मधेश प्रदेशका ३ जना प्रदेश सांसदलाई सचेत गराएको छ । उनीहरुले हालै सम्पन्न प्रतिनिधि सभाको चुनावमा सर्लाही जिल्लाको निर्वाचन क्षेत्र नम्बर ४ बाट उम्मेदवार रहेका नेपाली कांग्रेसका केन्द्रीय सभापति गगन कुमार थापाविरुद्ध लागेको भन्दै आरोप लागेको थियो ।





अनुशासन समितिको बिहीबार बसेको बैठकले सर्लाही जिल्ला क्षेत्र नम्बर २ का तीन जना प्रदेश सभा सदस्यहरूलाई सजगताका साथ पार्टीको जिम्मेवारी पूरा गर्न निर्देशन दिएको हो ।

प्रदेश सभा सदस्यहरु सकुन्ती देवी महरा, कौशल किशोर राय र जंगीलाल रायले पार्टीको आधिकारिक उम्मेदवार विरुद्ध काम गरेको आरोप लागेको थियो । उनीहरुलाई समितिले सचेत गराएको छ। आरोपित प्रदेश सांसदहरुले आफूमाथिको आरोप निराधार रहेको भन्दै स्पष्टीकरण बुझाएका थिए । उनीहरुले बुझाएको स्पष्टीकरणलाई समितिले चित्त बुझ्दो ठहर गरेको छ।

तर उनीहरूको स्पष्टीकरण चित्तबुझ्दो भए पनि समितिले आगामी दिनमा कुनै गुनासो नआउने गरी पार्टीको विधान र नियमावलीप्रति प्रतिबद्ध रही पदीय जिम्मेवारी निर्वाह गर्न निर्देशन दिएको छ।

सचेत गराइएकाहरु मध्येको जंगीलाल यादवलाई जेठको दोस्रो हप्ता प्रदेश मन्त्रीबाट बर्खास्त गरिएको थियो। स्वास्थ्य तथा जनसंख्या मन्त्री रहेका यादवलाई हटाएर कांग्रेस रौतहटका नागेन्द्र साहलाइ नियुक्त गरिएको हो।

मन्त्रिमण्डल पुनर्गठन हुने साँझ सभापति थापाले तत्काल हटाउन मुख्यमन्त्री कृष्णप्रसाद यादवलाई निर्देशन दिएको उच्चस्रोतले जनाएको छ । स्रोतका अनुसार यादवले थापा विरुद्ध सर्लाहीमा अन्तरघात गरेको आरोप लागेको थियो।

सर्लाही जिल्लामा थापाको पक्षबाट वीरेन्द्र प्रसाद सिंहलगायतका नेताहरुले नेतृत्व गरिरहेका छन्। उनीहरुकै सुझावमा जंगीलाललाई बर्खास्त गराएर साहलाई मन्त्री बनाइएको थियो।

थापा समूहले बोलाएको विशेष महाधिवेशनमा साहको सक्रिय सहभागिता रहेको थियो । जंगीलाल सहित सचेत गराइएका तीनै जना सांसद विशेष महाधिवेशनमा सहभागी भएका थिएनन् । सांसद पद समेत खुस्काइदिन संस्थापन पक्ष लागेको सुईको पाएका उनीहरुले स्पष्टीकरणको जवाफ दिएर पद जोगाएको स्रोतले जनाएका छन् ।

बारा जिल्ला कार्यसमितिका उपसभापति अमिरीलाल राउतले अनुशासन उल्लंघनको आरोपबाट सफाइ पाएका छन् ।

उनले बुझाएको स्पष्टीकरण सन्तोषजनक रहेको र मिसिल संलग्न कागजात अध्ययन गर्दा थप कारबाही गर्नुपर्ने अवस्था नदेखिएको भन्दै समितिले उनलाई सफाइ दिने निर्णय गरेको हो। उनीमाथि समेत अन्तरघातको गंभीर आरोप लागेको थियो ।तर उनलाई सफाइ दिएको छ।

पार्टी केन्द्रीय कार्यालय सानेपामा बसेको समितिको बैठकले पार्टीको आधिकारिक उम्मेदवारलाई अन्तरघात गरेको आरोपमा बारा जिल्ला सभापति राजेश राय यादवलाई पदबाट निलम्बन गरेकोले उपसभापति राउतलाई सफाई दिएको बताइन्छ। सभापति राय थापाको विरोधी समूहमा रहेकाले निलम्बन गरिएको बताइएको छ । अन्तरघातकै आरोप लागेको सर्लाही जिल्लाका तीन जना प्रदेश सांसद र बारा जिल्लाका उपसभापतिलाई थप कारबाही नगरिए पनि सभापति रायलाई निलम्बन गरिएको छ।

बारा जिल्लामा सभापति रायको बलियो जनाधार रहेको छ। उनलाई निलम्बन गरेसंगै कांग्रेस संस्थापनलाई ठूलो धक्का लाग्ने बताइएको छ।

अनुशासन समितिका संयोजक तारामान गुरुङको अध्यक्षतामा बसेको समितिको बैठकले यादवलाई निलम्बन गर्ने निर्णय गरेको हो । चुनावबाट सभापतिमा यादव निर्वाचित भएका थिए । सभापतिबाट यादव निलम्बन गरिएपनि कार्यवाहक सभापति तोकिएको छैन।

यस अघि सभापति थापाले केही निर्वाचित वडा अध्यक्षलाई कारबाहीको सिफारिस गरी निर्वाचित पदबाट समेत मुक्त गराएको थियो । कांग्रेस पार्टीमा हाल क्रियाशील सदस्यता अद्यावधिक गर्ने कार्य भइरहेको छ। तर त्यसमा असन्तुष्ट पक्ष सहभागी भएको छैन।

## भाँसिएको कमला पुलः नयाँ पुल तत्काल नबन्ने

**टुडे समाचारदाता**

जनकपुरधाम । संघीय सरकारले धनुषा-सिरहा जोड्ने पूर्व-पश्चिम हुलाकी राजमार्गअन्तर्गतको कमला पुलको स्थानमा तत्काल नयाँ पुल निर्माण नगर्ने स्पष्ट पारेको छ। स्थानीयवासीले विगत पाँच वर्षदेखि नयाँ पुल निर्माणको माग गर्दै आन्दोलन गरिरहे पनि सरकारले हालको प्राथमिकता भाँसिएको कमला पुलको मर्मत तथा पुनर्स्थापना गरेर सञ्चालनमा ल्याउनु रहेको जनाएको छ।

जेठ १५ गते सार्वजनिक भएको आगामी आर्थिक वर्ष २०८३/८४ को बजेटमा नयाँ पुल निर्माणको विषय समेटिएको छैन । यसप्रति असन्तुष्टि जनाउँदै धनुषा- सिराहाका बासिन्दाले दिनहूँ दबाबमूलक आन्दोलन गर्दै आएका छन् ।



हुलाकी राजमार्ग निर्देशनालयका आयोजना निर्देशक कुवेर नेपालीका अनुसार पुललाई पुरानै डिजाइन र क्षमतामा फर्काउने गरी तीव्र गतिमा पुनर्स्थापना कार्य भइरहेको छ । उनका अनुसार भत्किएको, धसिएको तथा क्षतिग्रस्त भागको मर्मत तथा आवश्यक संरचना थप्ने काम अन्तिम चरणमा पुगेको छ। म्याद थपिएपछि आगामी असारभित्र काम सम्पन्न गरी पुल हस्तान्तरण गर्ने र वर्षायाम सकिएलगत्तै सवारी सञ्चालनका लागि खुला गर्ने लक्ष्य रहेको उनले बताए ।

निर्देशनालयका अनुसार पुल हस्तान्तरण भएपछि पनि पाँच वर्षसम्म 'डिफेक्ट लायबिलिटी पिरियड' (डीएलपी) लागू हुनेछ। यस अवधिमा पुलमा देखिने कुनै पनि प्राविधिक समस्या समाधान गर्ने जिम्मेवारी सम्बन्धित ठेक्केदार कम्पनीकै हुनेछ । यही कारण पाँच वर्षभित्र नयाँ पुल निर्माणको सम्भावना नरहेको अधिकारीहरूको भनाइ छ। उनीहरूका अनुसार भविष्यमा पुल सञ्चालन अयोग्य बनेको अवस्थामा मात्रै नयाँ पुल निर्माणको प्रक्रिया अघि बढ्न सक्छ ।

हाल पुलको करिब ९० प्रतिशत काम सम्पन्न भइसकेको दाबी गरिएको छ । बाँकी रहेको स्टिल संरचना जडान तथा एप्रोच रोड व्यवस्थापनको काम असारभित्र पूरा गर्ने लक्ष्य राखिएको छ । यसपटक पुलको भार कम गर्न सिमेन्टेड स्ल्याबको सट्टा स्टिल संरचना प्रयोग गरिएको छ, जसले पुललाई थप सुरक्षित र टिकाउ बनाउने अपेक्षा गरिएको छ ।

प्राविधिक रूपमा सिराहातर्फ पहिले रहेका दुई स्पानको स्थानमा तीन नयाँ स्पान निर्माण गरिएको छ । धनुषातर्फको संरचनामा ठूलो समस्या नदेखिएकाले त्यहाँका स्ल्याब हटाउन आवश्यक नरहेको प्राविधिक अध्ययनले निष्कर्ष निकालेको छ। असारसम्म पुलको सुपरस्ट्रक्चर निर्माण सम्पन्न भएपछि बर्खापछिको नदी नियन्त्रण कार्य पनि दिगो रूपमा सम्पन्न गरिने निर्देशनालयले जनाएको छ।

यद्यपि स्थानीयवासी भने पुनःर्निर्माण गरिएको कमला पुल दीर्घकालीन रूपमा सुरक्षित र भरपर्दो नहुने दाबी गर्दै नयाँ पुल निर्माणको मागमा अडिग रहेका छन् । उनीहरूका अनुसार २०७८ सालको बाढीले पुलका दुई जग भाँसिएर चार स्पान क्षतिग्रस्त भएको थियो, जसले निर्माण गुणस्तरमाथि नै प्रश्न उठाएको छ।

४६९ मिटर लामो कमला पुल निर्माणका लागि २०६८ साल जेठमा पप्पु-लुम्बिनी जेभीसंग २४ करोड ९१ लाख रुपैयाँमा ठेक्का सम्झौता भएको थियो। तीन वर्षभित्र निर्माण सम्पन्न गर्नुपर्ने पुल २०७१ मंसिरमै सकिनुपर्ने भए पनि पटक-पटक म्याद थपिँदा काम लामो समयसम्म अलपत्र नै रह्यो । २०७८ असार १७ गते पुल उद्घाटन हुनुअघि नै आएको भीषण बाढीले संरचनामा ठूलो क्षति पुर्‍याएको थियो । पछि पप्पु कन्स्ट्रक्सन कालोसूचीमा परेपछि बाँकी काम लुम्बिनी बिल्डर्सले अघि बढाउँदै आएको छ।

मुलुककै 'लाइफलाइन' मानिएको हुलाकी राजमार्गमा पर्ने कमला पुल सञ्चालनमा नआउँदा सिराहा, सप्तरी र धनुषाका बासिन्दाले ठूलो सास्ती खेप्दै आएका छन् । वर्षायाममा जोखिमपूर्ण डुंगा यात्रा गर्नुपर्ने तथा छोटो दूरी पार गर्न मिर्चैया-ढल्केवर हुँदै घुमाउरो बाटो प्रयोग गर्नुपर्ने बाध्यता रहेको छ। सरकारले भने पुनर्स्थापना कार्य सम्पन्न भएपछि स्थानीयले छिट्टै सहज र सुरक्षित यात्रा गर्न पाउने विश्वास व्यक्त गरेको छ।

ठेक्का सम्झौताअनुसार मर्मत सम्भारपश्चात् हस्तानान्तर हुने उक्त पुलको नियमित रेखदेख र मर्मत सम्भारको जिम्मेवारी ठेक्केदार कम्पनीको रहेको छ।

यस शर्त अनुसार हस्तानान्तरण भएको पुल आगामी ५ वर्षसम्म सम्बन्धित ठेक्केदार कम्पनीले हेर्ने भएकाले त्यो अवधीभित्र नयाँ पुल निर्माणको कुनै अवस्था नरहेको आयोजना निर्देशक नेपालीले प्रस्ट पारे।

असार मसान्तसम्म सुपरस्ट्रक्चरको काम सकिएपछि र वर्षायामपछिको नदी नियन्त्रण कार्य सम्पन्न भएपछि कमला पुलले स्थायी रूपमा निकास पाउने अपेक्षा गरिएको छ । हालको १० प्रतिशत काममा विशेष गरी स्टिल स्ट्रक्चर राख्ने र एप्रोच रोडको व्यवस्थापन गर्ने कार्य बाँकी छ, जुन असारभित्रै सक्ने लक्ष्य निर्देशनालयले जनाएको छ।

निर्माण सम्पन्न भएको पुलको उदघाट्न नहुँदै २०७८ असार १७ गते आएको भिषण बाढीको भेलले क्षतिग्रस्त बनाएको थियो । बाढीले पुलको दुईवटा जग भाँसिएर ४ वटा स्पानमा क्षति पुगेको थियो । क्षति पुगेका स्लावमध्ये सिराहा (पूर्व) तर्फको २ वटा स्लाव हटाएर तीनवटा नयाँ स्पान निर्माण गरिएको छ। उता धनुषा (पश्चिम) पट्टिको २ वटा स्लाव हटाउन नपर्ने प्राविधिक अध्ययनमा देखाइएको छ।



# एसइईमा चिट चोर्न प्रयोग भएका मोबाइल र 'स्मार्टवाच' नष्ट

सिरहा । सिरहामा माध्यमिक शिक्षा परीक्षा (एसइई)मा चिट चोर्न प्रयोग गरिएको आरोपमा बरामद गरिएका ४९६ वटा मोबाइल फोन र पाँच वटा स्मार्टवाच नष्ट गरिएको छ ।

गत चैतमा सम्पन्न एसइई परीक्षाका क्रममा जिल्लाका विभिन्न परीक्षा केन्द्रबाट सात वटा आइफोन, ४८९ वटा विभिन्न कम्पनीका एन्ड्रोइड मोबाइल र पाँच वटा स्मार्टवाच बरामद गरिएको थियो । ती उपकरण परीक्षा सञ्चालन निर्देशिका विपरीत प्रयोग भएको भन्दै बिहीबार नष्ट गरिएको हो ।

मधेश प्रदेशकी तत्कालीन शिक्षामन्त्री रानी कुमारी तिवारीले परीक्षामा मोबाइल प्रयोग भएको पाइएमा नष्ट गर्ने बताउनुभएको थियो । सोही निर्देशनका आधारमा जिल्ला परीक्षा समन्वय समिति सिरहाले बरामद उपकरण व्यवस्थापनका लागि उपसमिति गठन गरी नष्ट गर्ने निर्णय गरेको थियो ।

शिक्षा विकास तथा समन्वय इकाइका शाखा अधिकृत राजदेव यादवको नेतृत्वमा जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, सशस्त्र



प्रहरी बल र राष्ट्रिय अनुसन्धान कार्यालयका प्रतिनिधि सम्मिलित पाँच सदस्यीय उपसमिति गठन गरिएको थियो ।

उपसमिति संयोजक यादवका अनुसार बरामद गरिएका मोबाइल तथा स्मार्टवाच जिल्ला प्रहरी कार्यालयमा २४ घण्टासम्म पानीमा राखिएको थियो । त्यसपछि थप प्रयोगयोग्य नहुने गरी नष्ट गरिएको उहाँले बताउनुभयो ।

बरामद गरिएका उपकरणको अनुमानित बजार मूल्य रु एक करोडभन्दा बढी रहेको जनाइएको छ । केही अभिभावक तथा सरोकार भएकाले जरिवाना लिएर एकपटकका लागि मोबाइल फिर्ता दिनुपर्ने माग गरेका थिए । तर, सम्बन्धित निकायले परीक्षा मर्यादा कायम राख्नका लागि ती उपकरणको नष्ट गर्ने निर्णय कार्यान्वयन गरेको जनाएको छ ।

> मधेश प्रदेशकी तत्कालीन शिक्षामन्त्री रानी कुमारी तिवारीले परीक्षामा मोबाइल प्रयोग भएको पाइएमा नष्ट गर्ने बताउनुभएको थियो ।

मधेस प्रदेशमा एसइई परीक्षाका क्रममा विद्यार्थीबाट बरामद गरिएका मोबाइल यति ठूलो संख्यामा नष्ट गरिएको यो पहिलो घटना भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । रासस

# समयमै काम नगर्ने निर्माण व्यवसायीको ठेक्का सम्झौता रद्द

राँझा । बाँकेको खजुरा गाउँपालिकाले योजनाको काम समयमै सम्पन्न नगर्ने निर्माण व्यवसायीको ठेक्का सम्झौता रद्द गरेको छ ।

निर्माण कार्यको प्रगति सन्तोषजनक नभएको, लामो समय बितिसक्दा पनि सुधार नदेखिएको तथा काम सम्पन्नतर्फ निर्माण व्यवसायी अग्रसर नभएकाले पाँच योजनाको ठेक्का सम्झौता रद्द गरिएको खजुरा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत दिलबहादुर पौडेलले जानकारी दिनुभयो । उहाँका अनुसार, गाउँपालिकाको विभिन्न वडामा योजना निर्माण कार्यका लागि अमन कन्स्ट्रक्सन, गुलरिया-५, बर्दियासँग गरिएका पाँच वटै ठेक्का सम्झौता रद्द गरिएको हो ।


खजुरा गाउँपालिका-४ एफगाउँमा करिब ५०० मिटर सडक कालोपत्र गर्न २०७७ फागुन १२ गते अमन कन्स्ट्रक्सन, गुलरिया-५, बर्दियासँग ठेक्का सम्झौता भएको थियो । कम्पनीले २०७८ जेठ ३० गतेभित्र निर्माण कार्य सम्पन्न गर्ने सम्झौता गरे पनि हालसम्म काम पूरा भएको छैन ।

दुई भागमा अलग-अलग ठेक्का आह्वान गरिएको उक्त योजनाअन्तर्गत ग्राभेल हाल्ने र गिट्टी बिछ्याउने काम भए पनि कालोपत्र हुन नसक्दा सडक पुनः जीर्ण बनेको छ । अमन कन्स्ट्रक्सनले ठेक्का पाएको एनआइसी बैङ्कदेखि मनकामना जाने सडक तथा नाली निर्माण, गोपालसिंह आलेको घरदेखि लालबहादुर रजालीको घरसम्मको बाटो स्तरोन्नति, तथा बिगाउँ ९० नम्बरदेखि १०५ नम्बरसम्मको बाटो स्तरोन्नतिका योजना पनि वर्षौंदेखि अधुरै छन् ।

पालिकाले यी सबै पाँचवटै ठेक्का रद्द गर्ने निर्णय गरेको हो । सबै ठेक्का अमन कन्स्ट्रक्सनकै रहेका छन् । निर्माण कार्यको प्रगति सन्तोषजनक नभएको, लामो समय बितिसक्दा पनि सुधार नदेखिएको तथा काम सम्पन्नतर्फ निर्माण व्यवसायी अग्रसर नभएकाले सम्झौता रद्द गरी कालोसूचीमा किन नराख्ने भन्दै पालिकाले गत मङ्सिर २ गते सार्वजनिक सूचना जारी गरेको प्रमुख प्रशासकीय अधिकृत पौडेलले बताउनुभयो ।

सार्वजनिक सूचना जारी भएपछिको तोकिएको अवधिमा पनि सम्झौताबमोजिम निर्माण कार्य अगाडि बढाउने विश्वसनीय आधार पेस गर्न नसकेकाले अमन कन्स्ट्रक्सन, गुलरिया-बर्दियासँगको ठेक्का सम्झौता अन्त्य गरिएको उहाँको भनाइ छ । रासस

# महोत्तरीका १६ कामदार भारतमा बन्धक



जलेश्वर । महोत्तरी जिल्लाको बर्दिवास नगरपालिकाका १० पुरुष र छ महिला गरी १६ कामदार भारतको एक कुखुरा फार्ममा बन्धकमा परेका छन् ।

बर्दिवास नगरपालिका-१४ मा अवस्थित मुसहर बस्तीका सो १६ जना कामदार भारतको हरियाना राज्यको जिन जिल्लाको झाझर थानाअन्तर्गतका हेलन गाउँमा रहेको एक कुखुरा फार्ममा बन्धकमा परेका हुन् । बर्दिवास १४ का १७ वर्षीय मुकेश १६ वर्षीय किसन १३ वर्षीय आशिक २१ वर्षीय अमृत निजकी पत्नी २० वर्षीया किरण, ३५ वर्षीय झरी निजकी पत्नी ३४ वर्षीया लालमुनी, छोरीहरु १६ वर्षीया काजल, १३ वर्षीया साजन, छोरा नौ वर्षीय शङ्कर सदा रहेका छन् ।

३८ वर्षीय विसुनदेव, निजकी पत्नी ३५ वर्षीया महावती, छोरा १० वर्षीय अमृत, ४० वर्षीय मोहन, उनकी पत्नी ३५ वर्षीया बेचो सदा रहेको इलाका प्रहरी कार्यालय बर्दिवासका प्रहरी नायब उपरीक्षक गुरुप्रसाद तिमिल्सिनाले बताउनुभयो । मुसहर बस्तीका वीरेन्द्र सदा, कारि चरण सदा, अशोक सदा, अमरलाल सदा र मनोहर सदाले निजका आफन्तहरु बन्धकमा परेको भन्दै उनीहरुलाई भारतको राजधानी नयाँ दिल्लीस्थित नेपाली राजदूवाससँग समन्वय, सहकार्य गरेर उद्धार गराइ दिन निवेदन दिएको गुरुप्रसाद तिमिल्सिनाले जानकारी दिनुभयो ।

उनीहरुलाई बर्दिवास नगरपालिका-३ गौरीडाँडा बस्ने दिलीप परियारले गत चैत १३ गते आकर्षक तलब र सेवा सुविधा तथा हलुको काम रहेको प्रलोभन दिँदै भारतको हरियाना राज्यको जिन जिल्लाको झाझर थानाअन्तर्गत हेलन गाउँमा रहेको एक कुखुरा फाराममा रोजगारीका लागि लगेका थिए ।

बन्धक परेकामध्ये २० वर्षीया किरण सदाले साहुबाट लुकेर फोन गर्दै आफूहरुलाई डरधाक र यातना दिएर राखेको, ज्याला मजदुरी नदिएको र बन्धक बनाएर राखेको प्रहरीलाई बताएकी छिन् । रासस

# तातो लहरसम्बन्धी विशेष बुलेटिनः १४ जिल्लामा सतर्क रहन आग्रह




काठमाण्डु । जल तथा मौसम विज्ञान विभागले तातो दिन वा तातो लहरसम्बन्धी आज विशेष बुलेटिन जारी गर्दै तराईका केही जिल्लामा सावधानी अपनाउन अनुरोध गरेको छ ।

विभागको मौसम पूर्वानुमान महाशाखाले आज अपराह्न ४:०० बजे तातो लहरसम्बन्धी विशेष बुलेटिन जारी गर्दै विभिन्न १४ जिल्लामा सतर्क रहन र अन्य सात जिल्लामा अध्यावधिक रहन अनुरोध गरेको हो ।

जारी विशेष बुलेटिनमा आगामी तीन दिन कोशी, मधेस, बागमती, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका तराई भू-भागका केही ठाउँमा अधिकतम तापक्रम ३८ डिग्री सेल्सियस वा योभन्दा बढी रहने सम्भावना रहेको मौसमविद् सरोज पुडासैनीले जानकारी दिनुभयो । उहाँका अनुसार आज भैरहवामा भने ४१ डिग्री तापक्रम मापन भएको छ भने नेपालगञ्जमा ४० डिग्री छ ।

मधेस र लुम्बिनी प्रदेशका तराई भू-भागका थोरै ठाउँमा आगामी तीन दिनसम्म मध्यम तातो लहर हुने पनि महाशाखाले जनाएको छ । "कोशी, बागमती, गण्डकी र सुदूरपश्चिम प्रदेशका तराई भू-भागका केही ठाउँमा तातो दिन हुने सम्भावना छ । त्यसैले गर्मीबाट जोगिने उपाय अपनाउनु होला", विभागको सूचनामा उल्लेख छ । महाशाखाले गर्मी अत्यधिक बढिरहेकाले विशेष ख्याल गर्न सबैमा अनुरोध गरेको छ ।

### सतर्क रहनुपर्ने जिल्लाहरू

विभागले बर्दिया, बाँके, दाङ, कपिलवस्तु, रुपन्देही, नवलपरासी बर्दघाट-सुस्तापश्चिम, पर्सा, बारा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिराहा र सप्तरीका नागरिकलाई तातो हावा चल्नसक्ने भएकाले सतर्क रहने अनुरोध गरेको छ ।

त्यस्तै कञ्चनपुर, कैलाली, नवलपरासी बर्दघाट-सुस्तापूर्व, चितवन, सुनसरी, मोरङ र झापा जिल्लाका नागरिकलाई सूचना अध्ययावधि सूचना हेर्न अनुरोध गरिएको मौसमविद् पुडासैनीले बताउनुभयो ।

### जोगिने उपाय

तातो हावा तथा तातो लहरबाट थकाई लाग्ने, कमजोरी हुने, बढी तिर्खा लाग्ने, टाउको दुख्ने, खुट्टा बाउँडिने, चक्कर आउने, बेहोस हुने, मांसपेशीहरू दुख्ने, बान्ता हुनेलगायत लक्षण देखिनसक्ने भएकाले सोबाट बच्न विभागले सबैमा अनुरोध गरेको छ ।

तातो हावा तथा तातो लहरबाट बच्न बढी गर्मीको समयमा घरभित्र अर्थात् चिसो स्थानमा रहने, बाहिरी वातावरणमा बढी नजान र चर्को घाममा बाहिर ननिस्किन तथा हल्का लुगा (सुतीका कपडा) लगाउन मौसमविद् पुडासैनीले अनुरोध गर्नुभयो । रासस

# विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा मस्यौदामाथि छलफल सम्पन्न

रञ्जन यादव

बरा । बारा जिल्लाको सिमरामा जीतपुरसिमरा उपमहानगरपालिका स्तरीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा तथा विपद् व्यवस्थापन रणनीतिक कार्ययोजना तर्जुमाका लागि मस्यौदामाथि छलफल तथा पृष्ठपोषण कार्यशाला सम्पन्न भएको छ । जीतपुरसिमरा उपमहानगरपालिका र लुमन्ती आवासका लागि सहयोग समूहको संयुक्त आयोजनामा सम्पन्न कार्यशालामा विभिन्न वडाका वडा अध्यक्षहरू, राजनीतिक दलका प्रतिनिधिहरू, नेपाल रेडक्रस सोसाइटीका प्रतिनिधिहरू, सुरक्षा निकाय, पत्रकार, नागरिक समाज तथा सरोकारवाला निकायका प्रतिनिधिहरूको सहभागिता रहेको उपमहानगरपालिकाको बन ,बाताबरण तथा बिपद ब्यवीथापन शाखाकी अधिकृत पुष्पा सिँहले जानकारी दिइन् । नगर प्रमुख राजन पौडेलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा सहजकर्ता रामकुमार दाहाल र यशप्रसाद




सुब्बाले विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी, उद्धार तथा पुनःस्थापना लगायतका विषयमा प्रस्तुति दिएका थिए। उनीहरूले जलवायु परिवर्तनका कारण बढ् दो प्राकृतिक तथा मानव सिर्जित विपद्को जोखिमलाई न्यूनीकरण गर्न स्थानीय तहले दीर्घकालीन योजना निर्माण गरी कार्यान्वयनमा लैजानुपर्ने आवश्यकता औंल्याएको लुमन्तिका कार्यक्षेत्र संयोजक अब्दुल कैसले जानकारी दिए । उपमहानगरपालिका स्तरीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा तथा विपद् व्यवस्थापन रणनीतिक कार्ययोजना तर्जुमाका लागि सहजकर्ता टोली उपमहानगरपालिकाको बिभिन्न वडामा गएर १० दिन अनुसन्धान गरी नक्सा तयार पारेको संयोजक कैसले बताए ।

कार्यक्रममा उपमहानगरपालिका क्षेत्रभित्र रहेका खोला तथा नदीजन्य जोखिम, वन्यजन्तुको आक्रमण, सामुदायिक कुकुरको समस्या, औद्योगिक प्रदूषण, आगलागी, हावाहुरी, बाढी-डुबान, चट्याङ, सर्पदंश तथा सडक दुर्घटनाजस्ता सम्भावित विपद्का जोखिमहरूको नक्साङ्कन प्रस्तुत गरिएको थियो । सहभागीहरूले आ-आफ्नो क्षेत्रका जोखिमहरू पहिचान गर्दै कार्ययोजनामा समावेश गर्नुपर्ने सुझाव दिएका थिए।छलफलका क्रममा विपद् पूर्वतयारीलाई वडास्तरसम्म प्रभावकारी बनाउने, आपत्कालीन उद्धार सामग्रीको व्यवस्थापन, सुरक्षित बस्ती विकास, जलवायु अनुकूल पूर्वाधार निर्माण, जनचेतना अभिवृद्धि तथा विपद् सूचना प्रणालीलाई थप सुदृढ बनाउनुपर्ने विषयमा जोड दिइएको थियो।कार्यक्रममा बोल्दै नगर प्रमुख पौडेलले विपद् व्यवस्थापनलाई केवल उद्धारमा सीमित नराखी जोखिम न्यूनीकरण र पूर्वतयारीमा केन्द्रित हुनुपर्ने बताए। उनले स्थानीय समुदायको सहभागिता, सरोकारवाला निकायबीचको समन्वय तथा वैज्ञानिक आधारमा तयार गरिने कार्ययोजनालेउपमहानगरपालिकालाई विपद् प्रतिरोधी र जलवायु उत्थानशील नगरका रूपमा विकास गर्न सहयोग पुग्ने विश्वास व्यक्त गरे।कार्यशालाबाट प्राप्त सुझावहरूलाई समेटेर विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा र रणनीतिक कार्ययोजनाको अन्तिम मस्यौदा तयार गरिने आयोजकले जनाएको छ ।

# भारतीय सहयोगमा विद्यालय भवन निर्माण



टुडे समाचारदाता

वीरगञ्ज । रौतहटको राजदेवी नगरपालिका-४ मा रहेको श्री प्राथमिक विद्यालयको विद्यालय तथा पुस्तकालय भवन निर्माणका लागि र शिलान्यास गरिएको छ ।

भारत सरकारको आर्थिक सहयोगमा निर्माण हुन लागेको उक्त परियोजनाको संयुक्त रूपमा भारतका महावाणिज्यदूत देवी सहाय मीना र राजदेवी नगरपालिकाका प्रमुख भिखारी प्रसाद यादवले शिलान्यास गरेका हुन् ।

भारत सरकारको उच्च प्रभाव सामुदायिक विकास परियोजना (ज्क्ष्क्ष्म्ए) अन्तर्गत सञ्चालन हुने यस योजनाका लागि २ करोड ८४ लाख रुपैयाँ बराबरको आर्थिक सहयोग उपलब्ध गराइएको छ। परियोजना राजदेवी नगरपालिकामार्फत कार्यान्वयन गरिने जनाइएको छ ।

निर्माण हुने नयाँ भवन दुई तल्लाको हुनेछ । भवनमा आठवटा कक्षाकोठा, छात्र र छात्राका लागि छुट्टाछुट्टै शौचालय, भऱ्याङ आवरण, सेप्टिक ट्याङ्की, सोक पिट, ट्युबवेल, विद्युतीय तथा सरसफाइसम्बन्धी आवश्यक संरचनासहित अन्य पूर्वाधार निर्माण गरिनेछ । विद्यालयमा आधुनिक र व्यवस्थित शैक्षिक वातावरण सिर्जना गर्ने उद्देश्यले पुस्तकालय भवनसमेत निर्माण गरिने बताइएको छ ।

शिलान्यास कार्यक्रममा राजदेवी नगरपालिकाका जनप्रतिनिधि, विद्यालय व्यवस्थापन समिति, स्थानीय अगुवा तथा अन्य सरोकारवालाहरूको सहभागिता रहेको थियो। कार्यक्रममा वक्ताहरूले भारत सरकारले शिक्षा, स्वास्थ्य, पूर्वाधार तथा सामुदायिक विकासका क्षेत्रमा निरन्तर पुऱ्याउँदै आएको सहयोगको प्रशंसा गरेका थिए ।

# जनतासँग दूरी बढ्नुको कारण नेताहरूको विलासी जीवनशैली

टुडे समाचारदाता

काठमाण्डु । नेकपा एमालेले नेताहरूमा बढ्दो विलासी र भड्किलो जीवनशैली तथा असल आचरण र व्यवहारको कमीले जनतासँग पार्टीको सम्बन्ध टाढिएको ठहर गरेको छ ।

संगठन विभागले काठमाण्डुमा आयोजना गरेको दुई दिने 'पार्टी सदस्यता नवीकरण र विस्तार उत्प्रेरणा राष्ट्रिय कार्यशाला' मा समूहगत छलफलपछि नेताहरूले यस्तो निष्कर्ष सुनाएका हुन् । गत फागुन २१ मा सम्पन्न संसदीय निर्वाचनमा लज्जास्पद हार बेहोरेपछि नेकपा एमालेले पार्टीलाई प्रभावकारी बनाउने उदेश्य पहिल्याउन दुई दिने कार्यशाला आयोजना गरेको हो ।

अध्यक्ष केपी शर्मा ओलीले बुधबार उद्घाटन गरेको कार्यशालामा १० समूहगत छलफलपछि बिहीबार टोली नेताले संगठन निर्माणलाई कसरी प्रभावकारी बनाउन सकिन्छ भन्ने प्रश्नको निष्कर्ष सुनाएका थिए ।रासस

## माइग्रेशन हरायो

मेरो निम्न ब्यहोरा भएको कक्षा स्नातक तहको माइग्रेशन मिति २०८३/०२/२० गते हराएकोले फेला पार्नु हुने महानुभावले तलको ठेगानामा अथवा नजिकको प्रहरी चौकीमा खबर गरिदिनु हुन अनुरोध छ ।

**नाम : मुकेश कुमार मिश्रा**
**सिम्बोल नं.: ३३७५४**
**रजिष्ट्रेशन नं.: ३-२-२६-२५०-२००९**
**ठेगाना:जि.ध. जनकपुरधाम-४**
**मो.नं. ९८४३६८४२३५**

## ज्योतिष-मार्गदर्शन

प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | आत्मविश्वास बढ्ने दिन हो । काममा नयाँ जिम्मेवारी आउन सक्छ । |
| वृष : | मन शान्त रहनेछ । पुराना काम पूरा हुने संकेत छ । |
| मिथुन : | बोलिचालीले काम बन्नेछ । सामाजिक क्षेत्रमा सक्रियता बढ्नेछ । |
| कर्कट : | भावनात्मक पक्ष बलियो रहनेछ । |
| सिंह : | नेतृत्व क्षमता देखिनेछ । काममा प्रशंसा पाइनेछ । |
| कन्या : | योजना अनुसार काम अघि बढ्नेछ । सानो लाभको योग छ । |
| तुला : | सम्बन्धमा मिठास बढ्नेछ । साझेदारी काम लाभदायक हुनेछ । |
| वृश्चिक : | गोप्य कुरा बाहिर नल्याउनु राम्रो । काममा ध्यान केन्द्रित गर्नुहोस् । |
| धनु : | नयाँ अवसर देखिन सक्छ । यात्राको योग बलियो छ । |
| मकर : | मेहनतको फल पाइनेछ । काममा जिम्मेवारी बढ्नेछ । |
| कुम्भः | नयाँ सोच विकास हुनेछ । सृजनात्मक काममा सफलता मिल्नेछ । |
| मीनः | मन संवेदनशील रहनेनछ । |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**

बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**

बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# साहित्य मानव सभ्यताको आत्मबोध गर्ने सशक्त माध्यम हो: सञ्चारमन्त्री

काठमाण्डु । सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनाले प्रविधि, कृत्रिम बौद्धिकता र 'एल्गोरिदम'द्वारा निर्देशित वर्तमान विश्वमा पनि साहित्यले मानव सभ्यता र जीवन-जगत्लाई बुझ्ने सशक्त आधारभूत माध्यमका रूपमा काम गरिरहेको बताउनुभएको छ ।

आज यहाँ आयोजित 'हिमालयन लिट्रेचर फेस्टिभल एन्ड राइटर्स वर्कसप' मा उहाँले साहित्यले समाज र मानिसलाई आत्मचिन्तन तथा मानवीय संवेदनालाई जोडेको बताउनुभयो ।

"एल्गोरिदम, डेटा र तीव्र गतिले आकार दिइरहेको विश्वमा मानिसहरू अझै किन कविता लेख्छन् ? किन कथा सुनाइरहन्छन् ? किनकि साहित्य मानव सभ्यताको आत्मबोध गर्ने सबैभन्दा सशक्त माध्यम हो", उहाँले भन्नुभयो ।

यस वर्षको महोत्सवको विषयवस्तु सान्दर्भिक रहेको उल्लेख गर्दै सञ्चारमन्त्री तिमिल्सिनाले विश्व राजनीति, अर्थतन्त्र र प्रविधिमा आएको तीव्र परिवर्तनका बीच पनि मानिसहरू अर्थ, सम्मान, पहिचान र आशाको खोजीमा रहेका बताउनुभयो ।

"सूचना प्रविधिको युगमा हामी पहिलेभन्दा धेरै जोडिएका छौँ तर एकअर्कालाई पहिलेभन्दा धेरै बुझ्न सकेका छैनौँ । यही कारण साहित्य अपरिहार्य बन्छ । साहित्यले तीव्र गतिमा दौडिरहेको संसारलाई केही समय रोक्न बाध्य बनाउँछ", उहाँले भन्नुभयो ।

उहाँले कविता, उपन्यास र अनुवादको भूमिकाबारे चर्चा गर्दै लेखकहरूले केवल पाठ सिर्जना मात्र नगरी मानवतालाई जोगाइरहेका बताउनुभयो ।



आफूले झण्डै एक दशक नेपाली साहित्य र सङ्गीतमा केन्द्रित रेडियो कार्यक्रम सञ्चालन गरेको अनुभव सुनाउँदै उहाँले साहित्य र सङ्गीतले राजनीति, भूगोल र सामाजिक विभाजनले नपुग्ने ठाउँसम्म सम्बन्ध विस्तार गर्नसक्ने बताउनुभयो ।

मुलुकको सांस्कृतिक विविधता र भाषिक सम्पदाबारे चर्चा गर्दै उहाँले नेपालमा १२० भन्दा बढी भाषा बोलिने र हरेक भाषाको आफ्नै विशिष्टता रहेको उल्लेख गर्नुभयो । "हरेक भाषाले आफ्नो विश्वदृष्टि बोकेको हुन्छ । हरेक समुदायका कथा, लोकसाहित्य, मिथक र स्मृतिले हाम्रो साझा पहिचानलाई समृद्ध बनाएका छन्", उहाँले भन्नुभयो ।

आधुनिक सञ्चार प्रणाली र सामाजिक सञ्जालको विकास हुनुअघि पनि कथा वाचन, लोकगीत र मौखिक परम्पराले समाजलाई जोडेको उल्लेख गर्दै सञ्चारमन्त्री तिमिल्सिनाले साहित्य मानव सभ्यताको विकाससँगै निरन्तर परिस्कृत हुँदै आएको बताउनुभयो ।

आफ्नो साहित्यिक यात्राबारे चर्चा गर्दै उहाँले सन् २००६ मा नेपाली गजलसङ्ग्रह प्रकाशन गरेको सुनाउनुभयो । कविताले तथ्याङ्क, नीति र औपचारिक भाषणले व्यक्त गर्न नसक्ने सत्यलाई अभिव्यक्त गर्न सक्ने उहाँको भनाइ थियो ।

नेपाली साहित्यिक परम्पराबारे चर्चा गर्दै उहाँले आदिकवि भानुभक्त आचार्यदेखि महाकवि लक्ष्मीप्रसाद देवकोटासम्मका स्रष्टाले स्थानीय यथार्थलाई सार्वभौमिक मानवीय चिन्तनसँग जोडेका बताउनुभयो । वर्तमान पुस्ताका लेखक, पत्रकार, अनुवादक र सर्जकहरूले पनि यही परम्परालाई नयाँ चुनौतीसँग जोड्दै अगाडि बढाइरहेका उहाँले बताउनुभयो ।

विभिन्न साहित्यिक मेला तथा जमघटको महत्त्वबारे चर्चा गर्दै उहाँले यस्ता मञ्चहरूले विचारलाई सीमापार र विश्वभर स्वतन्त्र रूपमा यात्रा गर्न सहयोग गर्ने बताउनुभयो । उहाँले अन्तरराष्ट्रिय साहित्यकारहरूको काठमाडौँ भेलाले नेपालका हिमाल, सम्पदा, संस्कृति, भाषा र कथाहरूलाई विश्वसमुदायसम्म पुऱ्याउन सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

सञ्चारमन्त्री तिमिल्सिनाले समाज निर्माणमा पूर्वाधार, संस्था र अर्थतन्त्र जतिकै कल्पना, भाषा, संस्कृति र स्मृतिको पनि महत्त्वपूर्ण भूमिका हुने बताउनुभयो ।

"सरकारले पूर्वाधार निर्माण गर्न सक्छ । संस्थाले प्रणाली बनाउन सक्छ । अर्थतन्त्रले समृद्धि दिन सक्छ तर लेखक, कलाकार, कवि र कथाकारहरूले राष्ट्रको भित्री जीवन निर्माण गर्छन्", उहाँले भन्नुभयो ।


साहित्यिक मेलाहरूले सार्थक संवाद, सिर्जनात्मक सहकार्य तथा सर्जकहरूबीच अनुभव आदानप्रदान गर्ने महत्त्वपूर्ण थलोका रूपमा भूमिका निर्वाह गरिरहेका उहाँको कथन थियो । रासस

# चिकित्सक लाइसेन्स परीक्षामा 'सिएमसी' उत्कृष्ट

चितवन । नेपाल मेडिकल काउन्सिलले लिएको चिकित्सक 'लाइसेन्स' परीक्षामा चितवन मेडिकल कलेज (सिएमसी) उत्कृष्ट भएको छ । त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त भरतपुरस्थित सिएमसीले ९३.१० प्रतिशत विद्यार्थी उत्तीर्ण गराएर यस वर्ष सर्वोत्कृष्ट बन्न सफल भएको छ ।

यही जेठ १२ देखि १५ गतेसम्म काउन्सिलले सञ्चालन गरेको 'लाइसेन्स' परीक्षामा सिएमसी कलेजबाट 'एमबिबिएस' तह उत्तीर्ण गरेका ५८ विद्यार्थीमध्ये ५४ जना सफल भएका हुन् । काउन्सिलले सार्वजनिक गरेको विवरणअनुसार समग्रमा यस वर्ष एमबिबिएसतर्फ ६३.५० प्रतिशत र बिडिएसतर्फ ८१.५२ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन् ।

यसैगरी, उक्त परीक्षामा बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान ९२.२१ प्रतिशत अर्थात् ७७ मध्ये ७१ उत्तीर्ण गराई दोस्रो र नेपाली सेना स्वास्थ्य विज्ञान संस्थानको ८९.७७ प्रतिशत अर्थात् ८८ मध्ये ७९ जना उत्तीर्ण गराई तेस्रो हुन सफल भएका छन् । यसैगरी, भारतमा पढेका ४२.३१ प्रतिशत, बङ्गलादेशमा पढेका ४१.१४ प्रतिशत, चीनमा अध्ययन गरेका १५.०४ प्रतिशत




र फिलिपिन्समा पढेका २८.५७ प्रतिशत विद्यार्थी मात्र उत्तीर्ण हुन सफल भएका छन् भने इजिप्ट र रसियामा पढेकाहरूले पुनः परीक्षा दिनुपर्ने भएको छ ।

काउन्सिलको नतिजाअनुसार नेपाल बाहिर पढेका विद्यार्थीले सात/आठ पटक परीक्षा दिने गरेका तर नेपालका मेडिकल कलेजमा पढेकाले बढीमा दुई पटकमै परीक्षा उत्तीर्ण गरेको यथार्थलाई विश्लेषण गर्दा चिकित्सा विधामा नेपालको पढाइ सन्तोषजनक रहेको देखिन्छ । काउन्सिलका अनुसार नेपालको समग्र नतिजा राम्रो भए पनि विदेशका मेडिकल कलेजमा पढेका नेपाली विद्यार्थीको नतिजाले सम्बद्ध सबैलाई पुनः चिन्तित बनाएको छ ।

यसै सन्दर्भमा चितवन मेडिकल कलेजका उपनिर्देशक अरुण कोइरालाले मेडिकल कलेजहरूको शैक्षिक गुणस्तरको मानकका रुपमा लिइने काउन्सिलको यस वर्षको परीक्षामा उत्कृष्ट स्थान हासिल गरेको सिएमसीको उत्पादन गर्व गर्न लायक रहेको बताउनुभयो । कुशल व्यवस्थापनसहित सिएमसीमा कार्यरत शैक्षिक तथा प्रशासनिक जनशक्तिको खटाइ र विद्यार्थीको मेहनतका कारण सर्वोत्कृष्ट हुन सफल भएको स्पष्ट गर्दै उपनिर्देशक कोइरालाले भन्नुभयो, "आउँदा दिनमा शतप्रतिशत नतिजा प्राप्त गर्ने लक्ष्यका साथ अघि बढ्ने छौँ । स्वदेश तथा विदेशका प्रतिभावान् विद्यार्थीहरूको पहिलो रोजाइमा 'सिएमसी' पर्नेगरी सम्पूर्ण टिम परिचालित हुनेछ ।"

सिएमसी कलेजका अध्यक्ष एवं प्रबन्ध निर्देशक प्राडा हरिश्चन्द्र न्यौपानेले शैक्षिक गुणस्तरका पक्षमा कुनै पनि सम्झौता नगरी अघि बढेकाले उत्कृष्ट नतिजा ल्याउन सफल भएको बताउनुभयो । उहाँले देशकै करिब मध्यभागमा अवस्थित चितवनको भरतपुरमा अवस्थित सुविधासम्पन्न सिएमसी शिक्षण अस्पतालमा बिरामीको चाप अत्यधिक रहेको, प्रयोगात्मक कक्षालाई उच्च प्राथमिकता दिएका, अनुभवी एवम् क्षमतावान् शिक्षक तथा कर्मचारीको व्यवस्था गरिएको र पठनपाठनसहित अनुशासनलाई प्राथमिकता दिएकाले पछिल्ला वर्षहरूमा अब्बल विद्यार्थीको रोजाइमा सिमसी कलेज परेको स्पष्ट गर्नुभयो ।

सो कलेजमा स्नातक तहको एमबिबिएस, बिडिएस, बिएस्सी नर्सिङ, बिएस्सी मिडवाइफरी, पब्लिक हेल्थ, फार्मेसी, बिएस्सी एमएलटी (ल्याब), बिएस्सी एमआइटी (रेडियोग्राफी) को पढाइ हुने गरेको छ । यसैगरी, स्नातकोत्तर तहमा एमडी/एमएस, एमएन, एमपिएच, एमएस्सी माइक्रोबायोलोजीरविशिष्टीकृततर्फ एमडी/एमसिएचको पढाइ हुने सो कलेजले जनाएको छ । सो क्याम्पसमा अहिले विभिन्न विधा र तहमा गरी एक हजार ४०० विद्यार्थी अध्ययनरत रहेका क्याम्पस प्रशासनले जनाएको छ । रासस

# बालबालिकाको सुरक्षा सुनिश्चित गर्न राष्ट्रसंघको आह्वान

काठमाण्डु । आज निर्दोष बालबालिकामाथि हुने आक्रमणका पीडितको अन्तरराष्ट्रिय दिवस हो । संयुक्त राष्ट्रसङ्घको आह्वानमा सन् १९८२ देखि मनाउन प्रारम्भ भएको यो दिवसको उद्देश्य युद्ध र सशस्त्र द्वन्द्वका कारण बालबालिकामाथि हुने हिंसा, दुर्व्यवहार र अधिकार उल्लङ्घनप्रति विश्वभर ध्यानाकर्षण गराउनु हो ।

संयुक्त राष्ट्रसंघका अनुसार युद्धग्रस्त क्षेत्रमा रहेका बालबालिका घरमा सुरक्षित रूपमा बस्न, विद्यालयमा अध्ययन गर्न, खेल्न वा अस्पतालमा उपचार गराउनसमेत नसक्ने अवस्थामा छन् । हत्या, शारीरिक क्षति, अपहरण, यौन हिंसा, विद्यालय तथा स्वास्थ्य संस्थामाथि आक्रमण र मानवीय सहायता पहुँचमा अवरोधजस्ता गम्भीर घटनाबाट बालबालिका प्रत्यक्ष प्रभावित भइरहेका छन् ।

महासचिव एन्टोनियो गुटेरेसद्वारा सार्वजनिक 'बालबालिका र सशस्त्र द्वन्द्व'सम्बन्धी वार्षिक प्रतिवेदनअनुसार सन् २०२४ मा बालबालिकाविरुद्ध भएका गम्भीर उल्लङ्घनका घटना अघिल्लो वर्षको तुलनामा २५ प्रतिशतले बढेका छन् । प्रतिवेदनमा विश्वभर २२ हजार ४९५ बालबालिकालाई प्रभावित पार्ने ४१ हजार ३७० गम्भीर उल्लङ्घनका घटना प्रमाणीकरण गरिएका उल्लेख छ ।

प्रतिवेदनमा सबैभन्दा बढी उल्लङ्घनका घटना इजरायल तथा



अधीनस्थ प्यालेस्टिनी क्षेत्रमा आठ हजार ५५४, कङ्गो लोकतान्त्रिक गणतन्त्रमा चार हजार ४३, सोमालियामा दुई हजार ५६८, नाइजेरियामा दुई हजार ४३६ र हैटीमा दुई हजार २६९ वटा अभिलेख गरिएका छन् ।

प्रतिवेदनअनुसार हत्या तथा शारीरिक क्षति बालबालिकाविरुद्ध हुने सबैभन्दा धेरै गम्भीर उल्लङ्घनका रूपमा देखिएको छ । सन् २०२४ मा मात्र ११ हजार ९६७ बालबालिका यसबाट प्रभावित भएका छन् । विस्फोटक पदार्थ, युद्धका अवशेष, बारुदी सुरुङ, अस्थायी विस्फोटक उपकरण तथा जनघनत्व बढी भएका क्षेत्रमा गरिएका आक्रमणका कारण अधिकांश बालबालिका पीडित भएका छन् ।

सशस्त्र समूह तथा सैन्य बलद्वारा हजारौँ बालबालिकालाई भर्ती गरी युद्ध तथा सहयोगी भूमिकामा प्रयोग गरिएको प्रतिवेदनमा उल्लेख छ । अपहरण तथा बाल सैनिकका रूपमा प्रयोग गरिने घटनामा वृद्धि भएको जनाइएको छ ।

बालबालिकाविरुद्ध हुने यौन हिंसाका घटनासमेत बढ्दै गएका छन् । विशेषगरी बालिकाहरू बढी प्रभावित भए पनि बालकहरू पनि यौन हिंसाको सिकार बनेका छन् । सामाजिक कलङ्क, प्रतिशोधको डर तथा पर्याप्त सहयोग सेवाको अभावका कारण यस्ता घटना अझै कम मात्रामा सार्वजनिक हुने गरेको राष्ट्रसङ्घले जनाएको छ ।

सन् २०२४ मा मानवीय सहायता पहुँचमा अवरोधसमेत चिन्ताजनक रूपमा बढेको प्रतिवेदनमा उल्लेख छ । द्वन्द्वरत पक्षहरूले राहत सामग्री बोकेका सवारीसाधन र सहायता कर्मीमाथि आक्रमण गर्नुका साथै आवतजावतमा प्रतिबन्ध र प्रशासनिक अवरोध सिर्जना गर्दा बालबालिका स्वास्थ्य, शिक्षा र संरक्षणलगायत आधारभूत सेवाबाट वञ्चित भएका छन् ।

संयुक्त राष्ट्रसङ्घले गत वर्ष विद्यालय र अस्पतालमाथि करिब दुई हजार आक्रमण भएको पुष्टि गरेको छ । यस्ता घटनाले बालबालिकाको शिक्षा र स्वास्थ्य सेवामा पहुँच थप प्रभावित भएको तथा द्वन्द्वग्रस्त क्षेत्रमा उनीहरूको जोखिम बढेको प्रतिवेदनमा उल्लेख छ ।

उक्त विश्वसंस्थाले बालबालिकामाथि हुने गम्भीर उल्लङ्घन अन्त्य गर्न द्वन्द्वका मूल कारण समाधान, दोषीमाथि जवाफदेहिता सुनिश्चित तथा बाल संरक्षण, पुनःस्थापना र पुनःएकीकरणका कार्यक्रमलाई प्राथमिकता दिनुपर्नेमा जोड दिएको छ ।

यसैबीच, बालअधिकार अभियन्ता तथा संयुक्त राष्ट्रसङ्घको ' बालबालिका र सशस्त्र द्वन्द्व' सम्बन्धी ऐतिहासिक प्रतिवेदनकी लेखक डा ग्रासा माशेलले बालबालिकाको सुरक्षा सुनिश्चित गर्नु वयस्कहरूको साझा दायित्व भएको बताउनुभएको छ । उहाँले प्रत्येक बालबालिकाको अधिकार सुरक्षित र सुनिश्चित हुने शान्तिपूर्ण विश्व निर्माणका लागि अन्तरराष्ट्रिय समुदायले थप प्रतिबद्धता देखाउनुपर्नेमा जोड दिनुभएको छ ।

"बालबालिका सबैभन्दा पहिले बालबालिका नै हुन् । उनीहरूको संरक्षण गर्नु र उनीहरूका सबै अधिकार सुनिश्चित हुने शान्तिपूर्ण संसार निर्माण गर्नु हाम्रो दायित्व हो", उहाँले यस अवसरमा जारी गर्नुभएको सन्देशमा भन्नुभएको छ । रासस

# बालश्रम रोकथामका लागि ठमेलका स्पा र मसाज सेन्टरमा अनुगमन




काठमाण्डु । काठमाण्डु महानगरपालिकाले ठमेल क्षेत्रभित्र रहेका मसाज सेन्टर र स्पाको अनुगमन गरेको छ ।

काठमाण्डु महानगरपालिका-२६ को मानव बेचबिखन तथा ओसारपसार समितिले अनाहत नेपाल, नेपाल प्रहरी, महानगर प्रहरीसहितको सहकार्यमा बुधबार ठमेल क्षेत्रमा हुने बाल यौन बेचबिखन र श्रम शोषणको अन्त्यका लागि अनुगमन गरेको हो । अनुगमनका क्रममा आचारसंहिता विपरीत मसाज तथा स्पा सेन्टर सञ्चालन, दर्ता नगरी स्पा तथा मसाज सेन्टर सञ्चालन गरेको पाइएको समितिका संयोजक शान्ता प्रजापतिले जानकारी दिनुभयो ।

काठमाण्डु महानगरपालिका-२६ भित्र सञ्चालित होटेल, मसाज सेन्टर, स्पा, खाजाघर, लज तथा गेष्ट हाउसमा विभिन्न बहानामा १८ वर्षमुनिका बालिकालाई श्रममा लगाउने र यौन व्यवसायमा प्रयोग गर्ने गरिएको गुनासोलाई सम्बोधन गर्दै वडाले यस्तो कदम चालेको संयोजक प्रजापतिले बताउनुभयो ।

"अठार वर्षभन्दा मुनिका बालबालिकालाई कुनै पनि प्रकारको जोखिमपूर्ण काम, श्रम वा यौन व्यवसायमा लगाउनु नेपालको कानुन अनुसार अक्षम्य र दण्डनीय अपराध हो, यदि कसैले यस्तो कार्य गरेको पाइएमा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन र बालश्रम (निषेध र नियमित गर्ने) ऐनबमोजिम कडा कानुनी कारबाही गरिनेछ," उहाँले भन्नुभयो ।

काठमाण्डु महानगरपालिकाले ठमेल क्षेत्रभित्र सञ्चालित मसाज तथा स्पा सेन्टरमा नियमित चेकजाँच गर्ने जनाएको छ । काठमाडौँ महानगरपालिकाले व्यवसायमा कार्यरत कर्मचारीको उमेर खुल्ने आधिकारिक परिचयपत्र राख्नुपर्ने, प्रत्येक व्यावसायिक स्थलमा 'बालश्रम र यौन शोषण निषेध' सम्बन्धी जानकारीमूलक बोर्ड राख्नुपर्ने बताएको छ ।रासस

# नारच्याङमा ७६औँ अन्नपूर्ण आरोहण दिवस मनाइयो



नारच्याङ । आठ हजार ९१ मिटर अग्लो अन्नपूर्ण हिमाल आरोहण गर्ने बाटो र आधार शिविर रहेको म्याग्दीको अन्नपूर्ण गाउँपालिका-४ नारच्याङमा बुधबार विविध कार्यक्रमका साथ ७६औँ आरोहण दिवस मनाइएको छ ।

चार हजार १९० मिटर उचाइमा रहेको अन्नपूर्ण आधार शिविरदेखि नारच्याङसम्म खुला दौड प्रतियोगिता, पदयात्रा, आरोही र आधार शिविर जोड्ने मौरिस हर्जोग पदमार्गको विकास तथा प्रवर्द्धनमा योगदान गरेका व्यक्ति तथा संस्थालाई सम्मान र सांस्कृतिक कार्यक्रम गरेर दिवस मनाइएको हो ।

सन् १९५० जुन ३ तारिखमा फ्रान्सका मौरिज हेर्जोग र लुई लचेनलको टोलीले अन्नपूर्णको शिखर चुमेको तीन वर्षपछि विश्वको सर्वोच्च शिखर सगरमाथाको सफल आरोहण भएको थियो । आठ हजार मिटरभन्दा अग्लो पहिलो मानव पाइला परेका कारण अन्नपूर्णलाई जेठो हिमाल भनिन्छ । पर्यटन विभागको अभिलेखअनुसार आरोहणका हिसाबले जोखिमयुक्त मानिने अन्नपूर्णमा ७६ वर्षको अवधिमा ५७२ जनाले आरोहण गरेका छन् ।

नेपालको पर्यटन क्षेत्रको विकास र पर्वतारोहणको शुभारम्भ भई हिमाललाई विश्वभर चिनाउने दिनको सम्झनाका रूपमा अन्नपूर्ण आरोहण दिवस मनाइएको अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष भारतकुमार पुनले बताउनुभयो । दिवसका अवसरमा आयोजित रु एक लाख २५ हजार पुरस्कार राशिको ३१ दशमलव छ किलोमिटर दूरीको दोस्रो अन्नपूर्ण हेर्जोग दौड प्रतियोगिमा पुरुषतर्फ ताप्लेजुङका रमेश लिम्बू र महिलातर्फ डोल्पाकी सुनसरी रोका विजयी भएका छन् ।

एथ्लेटिक्स सङ्घ गण्डकी र नेपाल भूतपूर्व खेलाडी मञ्चको प्राविधिक सहयोगमा भएको प्रतियोगितामा नौ महिला र १२ जना पुरुष सहभागी भएको सो प्रतियोगिता अन्नपूर्ण गाउँपालिका-४ का वडाअध्यक्ष लोकबहादुर फगामीले बताउनुभयो । लिम्बूले दुई घण्टा चार मिनेट र रोकाले दुई घण्टा ४७ मिनेट १६ सकेन्डमा उक्त दूरी पूरा गरी उपाधि हासिल गर्नुभएको हो ।रासस

# एचआइभी एड्स सङ्क्रमितलाई सामाजिक विभेद अझै चुनौती

कञ्चनपुर । एचआइभी एडस सङ्क्रमणको उपचार र नियन्त्रणका क्षेत्रमा उल्लेखनीय प्रगति भए पनि सङ्क्रमित व्यक्तिप्रति समाजमा कायम रहेको लाञ्छना, भेदभाव र गलत धारणा अझै ठूलो चुनौतीका रूपमा रहेको छ । एचआइभीबारे पर्याप्त जानकारी नहुँदा सङ्क्रमितहरू सामाजिक बहिष्कार, अपमान, मानसिक तनावलगायत समस्या भोग्न बाध्य छन् ।

स्वास्थ्य कार्यालय कञ्चनपुरको आयोजनामा आज शुक्लाफाँटा नगरपालिकामा सम्पन्न 'एचआइभी एड्ससम्बन्धी लाञ्छना तथा भेदभाव न्यूनीकरणका लागि सरोकारवालासँग अभिमुखीकरण कार्यक्रम'मा सहभागी वक्ताहरूले एचआइभी सङ्क्रमित व्यक्तिलाई हेर्ने दृष्टिकोणमा परिवर्तन ल्याउन नसकेसम्म सङ्क्रमण नियन्त्रणको अभियान पूर्ण रूपमा सफल हुन नसक्ने बताए ।

कार्यक्रममा स्वास्थ्य कार्यालय कञ्चनपुरका एचआइभी फोलक पर्सन नरेन्द्रसिंह रावलले एचआइभीको वर्तमान अवस्था, सङ्क्रमणका कारण, रोकथामका उपाय तथा सङ्क्रमित व्यक्तिमाथि हुने सामाजिक विभेदका विषयमा प्रशिक्षण दिनुभएको थियो । उहाँका अनुसार आर्थिक वर्ष २०८०/८१ सम्मको तथ्याङ्क हेर्दा सुदूरपश्चिम प्रदेशमा एचआइभी सङ्क्रमित तीन हजार ७२३ रहेका छन् । सोही क्रममा ५५ हजार २२८ गर्भवतीको जाँच गरिएकामा जसमध्ये एचआइभी सङ्क्रमित तीन जना मात्रै रहेका छन् ।

प्रदेशका नौ जिल्लामध्ये सबैभन्दा बढी कैलालीमा एचआइभी पोजेटिभको सङ्ख्या एक हजार ७४५ रहेको छ । दार्चुलामा सङ्क्रमितको सङ्ख्या ४५ रहेको छ । यसैगरी, अछाममा ५८४, डोटीमा ४९३, कञ्चनपुरमा ४६०, बैतडीमा ११८, डडेल्धुरामा ११५, बझाङमा ९१ र बाजुरामा ६२ एचआइभी सङ्क्रमित रहेका छन् । उहाँका अनुसार नेपालमा एचआइभी सङ्क्रमितको अनुमानित सङ्ख्या ३४






हजार ३३७ छ । तीमध्ये १९ हजार २७९ पुरुष, १४ हजार महिला तथा एक हजार ५८ बालबालिका रहेका छन् ।

सन् २०२४ को अन्त्यसम्म ३० हजार २१७ जनामा सङ्क्रमण पहिचान भइसकेको छ भने २६ हजार २८८ जना नियमित उपचारमा रहेका फोलक पर्सन रावलले बताउनुभयो । उहाँले एचआइभी सङ्क्रमितलाई समाजले अझै पनि नकारात्मक दृष्टिकोणले हेर्ने गरेको बताउँदै यसले सङ्क्रमितको आत्मविश्वास घटाउने, मानसिक समस्या निम्त्याउने र उपचार प्रक्रियामा समेत असर पार्ने बताउनुभयो ।

"धेरै व्यक्तिहरू एचआइभीको नाम सुन्नासाथ डराउने र सङ्क्रमितलाई अलग व्यवहार गर्ने गर्छन्," शुक्लाफाँटा स्वास्थ्य शाखाका जनस्वास्थ्य अधिकृत पदमबहादुर महराले भन्नुभयो, "तर अहिले औषधि सेवन गरेर एचआइभी सङ्क्रमित व्यक्तिले सामान्य जीवन बिताउन सक्छन्, उहाँहरूलाई समाजबाट टाढा राख्नु वा अपमान गर्नु गलत हो ।"

एचआइभीसम्बन्धी गलत धारणाकै कारण धेरै जना परीक्षण गराउन हिच्किचाउने गरेका छन् । समयमै परीक्षण र उपचार सुरु गर्न नसक्दा सङ्क्रमण थप जटिल बन्ने जोखिम छ । कार्यक्रममा एचआइभी सङ्क्रमणका मुख्य माध्यमबारे जानकारी दिँदै असुरक्षित यौन सम्पर्क, सङ्क्रमित रगतको प्रयोग, लागूऔषध प्रयोग गर्दा सुई साटासाट गर्ने व्यवहार, सङ्क्रमित औजारको प्रयोग तथा आमाबाट बच्चामा सङ्क्रमण सर्न सक्ने बताइएको थियो ।

गर्भावस्था, प्रसूति तथा स्तनपानको समयमा आमाबाट बच्चामा सङ्क्रमण सर्न सक्ने भएकाले गर्भवती महिलाको नियमित परीक्षण आवश्यक रहेको जानकारी दिइयो । स्वास्थ्यकर्मी हरि नाथले खोक्दा, हाच्छ्युँ गर्दा, हात मिलाउँदा, अँगालो हाल्दा, सँगै बसेर खाना खाँदा, एउटै भाँडाकुँडा प्रयोग गर्दा, सार्वजनिक शौचालय प्रयोग गर्दा, लामखुट्टेले टोक्दा वा एउटै कार्यस्थलमा काम गर्दा एचआइभी नसर्ने स्पष्ट पार्नुभयो । उहाँले एचआइभी सङ्क्रमितसँग सामान्य सामाजिक सम्बन्ध राख्न कुनै जोखिम नरहेको बताउँदै यस्ता भ्रमले नै लाञ्छना र विभेदलाई बढावा दिएको उल्लेख गर्नुभयो ।रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# सर्वोच्चको फैसलामा ढिलाइ

सर्वोच्च अदालतमा जनता समाजवादी पार्टी(जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले पार्टी विभाजन विरुद्ध सर्वोच्च अदालतमा दुईवटा मुद्दा दर्ता गरेका थिए । निर्वाचन आयोग र तत्कालीन जनता समाजवादी पार्टी(जसपा) लाई विपक्षी बनाएर दर्ता गरिएको रिटको सुनवाई बुधबार सकिएको छ । सर्वोच्च अदालतमा दर्ता रहेको सो मुद्दाको औचित्य नै अब समाप्त भइसकेको छ। मुद्दा दर्ता गरिएको बखत फैसला भएको भए तत्कालीन समयमा जसपा नेपालबाट विभाजित भएर जसपामा गएका सांसदहरु फिर्ता हुन सक्थ्यो। अथवा उनीहरुको सांसद पद समाप्त हुन सक्थ्यो। त्यस बखत त्यो हुँदा पुष्पकमल दाहाल(प्रचण्ड) नेतृत्वको तत्कालीन सरकार ढल्न सक्थ्यो । जसपा नेपालका अध्यक्ष सरकारमा रहेरै विदेश गएको मौकामा तत्कालीन प्रधानमन्त्री प्रचण्ड र सहयोगी दलका अध्यक्ष केपी शर्मा ओलीको जोडबलमा दल विभाजित भएको थियो। जसपा नेपालमा गएका सांसदहरुलाई प्रचण्डले सरकारमा सामेल गरेका थिए । त्यो विभाजित संख्याले नै सरकार अल्पमतमा पर्नबाट जोगिएको थियो । उनीहरुको दबाबमा नै निर्वाचन आयोगले जसपालाई गैरकानुनी ढंगले मान्यता दिएको आरोप लगाउँदै उपेन्द्र यादवले सर्वोच्चमा रिट दर्ता गराएका थिए। तर अदालतले त्यो मुद्दालाई समयमा फैसला गर्न चाहेन । राजनीतिक प्रभाव पर्ने विशेष किसिमको सो मुद्दालाई अदालतले प्राथमिकतामा नराखेपछि औचित्य समाप्त भइसकेको बेला फैसला आएको छ। सर्वोच्च अदालतको फैसलाको अब औचित्य नै रहेन। जसपा नेपाल प्रतिनिधि सभा निर्वाचनमा सहभागी भइसकेको छ। हुन त त्यसले एउटै सिट जित्न सकेन। विभाजित भएर गठन भएको जसपाका अधिकांश नेताहरु पार्टी छाडेर अन्य दलहरुमा प्रवेश गरिसकेका छन्। जसपा नेपालमा पनि लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा) नेपाल विलय भइसकेको छ । चुनावमा जसपा नेपाललाई छाडेर पनि केही नेताहरु अन्य दलमा प्रवेश गरिसकेका छन्। केही नेताहरु निस्क्रिय भएका छन्। सर्वोच्चको फैसलाले जसपा नेपाल अथवा जसपालाई कुनै लाभहानी गर्दैन। तर मुद्दा गरिएको बेला सर्वोच्च अदालतले फैसला गरेको भए त्यसको ठूलो प्रभाव पर्ने थियो। जसपा नेपालको पक्षमा फैसला आएको भए तत्कालीन सरकार ढल्न सक्ने थियो । सर्वोच्चको फैसला आवश्यक समयमा आएन् । जसपा नेपालको भन्दा धेरै पछि जनमत पार्टीका अध्यक्ष सीके राउतले त्यस्तै प्रकृतिको मुद्दा समयमै फैसला भएपछि चुनावको मुखमा सो पार्टी विभाजन हुनबाट जोगिएको थियो । निर्वाचन आयोगले जनमतको विभाजित पार्टीलाई समेत दिएको मान्यतालाई सर्वोच्चले रद्द गरेको थियो । जसपा नेपालले दायर गरेको रिटको सुनवाई समयमै भएको भए फैसलाको महत्व रहने थियो । अहिले त्यो फैसलाबाट नेताले स्वयं प्रशंसित हुनु भन्दा अन्य केही छैन। त्यसकारण सर्वोच्चले मुद्दाको प्रकृति अनुसार समय दिएर फैसला गर्न आवश्यक छ।

# विचारको संक्रमण र दिशाहीन समाजको अग्निपरीक्षा



सुमन सिंह

एक्काइसौँ शताब्दीको तेस्रो दशकसम्म आइपुग्दा मानव सभ्यता एउटा अभूतपूर्व र जटिल मोडमा पुगेको छ। आजको विश्वलाई सञ्चालन गर्ने प्रमुख कडी भूगोल, सैन्य शक्ति वा परम्परागत पुँजी मात्र होइन, बरु 'सूचना' र त्यसलाई नियन्त्रण गर्ने 'एल्गोरिदम' बन्न पुगेको छ। विज्ञान र प्रविधिको विकासले मानिसलाई थुप्रै सुविधाहरू त दिएको छ, तर यसले पैदा गरेको 'सूचना क्रान्ति' ले आज विश्वको अर्थतन्त्र, राजनीति, संस्कृति र मानव चेतनाका बहुआयामिक पक्षहरूलाई आफ्नो कब्जामा लिँदै गइरहेको छ। यो क्रान्ति यति तीव्र छ कि यसले पुराना सामाजिक संरचनाहरूलाई भत्काइदिएको छ, तर नयाँ, भरपर्दो र न्यायसंगत संरचनाको निर्माण गर्न भने सकेको छैन।

यसको परिणामस्वरूप आज संसारभरि नै एउटा गम्भीर वैचारिक, सांस्कृतिक र नैतिक संकट देखा परेको छ। सूचनाको बाढी त छ, तर सँगै ज्ञानको खडेरी पनि पैदा भएको छ । सञ्चारका माध्यमहरू तीव्र छन्, तर मानिसहरूबीचको वास्तविक संवाद र मानवीय संवेदना हराउँदै गइरहेको स्पष्ट देखिन्छ। यो अवस्थालाई गम्भीरतापूर्वक नबुझी आजको राजनीतिक र सामाजिक आन्दोलनलाई अगाडि बढाउन असम्भवप्रायः भएको छ।

### ऐतिहासिक सन्दर्भ र हरारीको 'नेक्सस'

सूचना क्रान्तिको यो गहिराइ र यसका चुनौतीहरूलाई बुझ्नका लागि इतिहासकार युवल नोहा हरारीले आफ्नो पछिल्लो कृति 'नेक्सस' र 'सेपियन्स' मा अगाडि सारेका विचारहरू निकै सान्दर्भिक र मननीय छन् । हरारीका अनुसार, मानव जातिको इतिहास वास्तवमा सूचना नेटवर्ककै इतिहास हो । करिब ७० हजार वर्षअघिको संज्ञानात्मक क्रान्तिबाट सुरु भएको मानव भाषाको विकासले मानिसलाई साझा मिथक र कथाहरू निर्माण गर्ने क्षमता दियो, जसकै जगमा ठूला साम्राज्य र धर्महरू खडा भए। सत्रौँ शताब्दीको छापाखानाको आविष्कारले सूचनालाई विकेन्द्रित गऱ्यो, तर सँगसँगै भ्रम र अन्धविश्वास पनि फैलायो। उन्नाइसौँ र बीसौँ शताब्दीको आमसञ्चारले रेडियो र पत्रिकामार्फत सूचनालाई केन्द्रीकृत गऱ्यो, जसलाई तत्कालीन समयमा एडोल्फ हिटलर र नाजी शासकहरूले आफ्नो प्रचारबाजीका लागि चरम दुरुपयोग गरेर एउटा सिङ्गो सभ्य समाजलाई नरसंहारको बाटोमा डोऱ्याए।

आज २१ औँ शताब्दीमा आइपुग्दा सूचना क्रान्ति एउटा यस्तो खतरनाक बिन्दुमा पुगेको छ, जहाँ इतिहासमै पहिलो पटक 'निर्णय गर्ने क्षमता' मानिसको हातबाट फुत्केर गैर-मानवीय एजेन्ट अर्थात् 'आर्टिफिसियल इन्टेलिजेन्स' र 'एल्गोरिदम' को हातमा जाँदैछ। हरारीले जोड दिएका छन् कि सूचना भनेको सधैँ 'सत्य' वा 'ज्ञान' होइन। जब सूचनाको माध्यम सत्यको खोजी र मानवीय हितभन्दा टाढा जान्छ, यसले विनाश निम्त्याउँछ। आजको कर्पोरेट पुँजीवादले एल्गोरिदमलाई सत्य उजागर गर्नका लागि होइन, बरु मानिसको ध्यान खिच्न र समाजमा आक्रोश, घृणा एवं भ्रम फैलाएर मुनाफा कमाउनका लागि प्रयोग गरिरहेको छ।

### मानवीय मूल्यमाथि प्रहार र अधिनायकवादको नयाँ खतरा

आजको सूचना क्रान्तिमा हिटलरको समयमा भन्दा कयौँ गुणा बढी खतरनाक र सूक्ष्म ढङ्गले जनचेतनालाई नियन्त्रण गर्ने क्षमता छ । आजका साम्राज्यवादी शक्तिहरूलाई सडकमा चिच्याइरहनु पर्दैन, तिनीहरूले एल्गोरिदममार्फत मानिसको सोच, चाहना, डर र आक्रोशलाई गोप्य रूपमा नियन्त्रण गरिरहेका छन् । डाटाको चोरी र डिजिटल निगरानीमार्फत जनताको स्वतन्त्र चेतनालाई नै बन्धक बनाउने काम भइरहेको छ। यो मानवीय मूल्य, स्वतन्त्रता र सामाजिक न्यायमाथिको सबैभन्दा ठूलो चुनौती हो। जब प्रविधि मानवीय मूल्य र नैतिकताको नियन्त्रणभन्दा बाहिर जान्छ, यसले मानव सभ्यतालाई नै संकटमा धकेल्छ र अधिनायकवादको खतरा उत्पन्न हुन्छ। यस्तो अधिनायकवाद नाजी युगमा मात्र होइन, शंकास्पद भूमिकामा रहेको नेपाली सेनाको छायामा 'ब्लु' युगमा पनि उदाउन सक्ने प्रबल सम्भावना छ। त्यसैले, ठूलो त्यागबाट बनेको नेपाली समाजको राजनीतिक, सांस्कृतिक र सामाजिक मूल्यलाई दुई पैसासँग सम्झौता गर्ने नेपालका सत्तावादी कम्युनिस्ट, लोकतान्त्रिक र देशभक्त भनिएका शक्तिहरू जिउँदो छन् वा मृत ? प्रश्न खडा भएको छ।

### नवपुस्ता (जेनजी) को विद्रोह र वैचारिक संक्रमण

यो विश्वव्यापी लहरबाट नेपाल अछुतो रहने कुरै भएन । पछिल्लो समय नेपालमा पनि सूचना प्रविधिको विस्तार तीव्र गतिमा भएको छ । यसैको पृष्ठभूमिमा नेपाली समाजमा 'जेनजी' अर्थात् नवपुस्ताको एउटा विशिष्ट प्रकारको विद्रोह र असन्तोष सतहमा देखा परेको छ। वर्षौँदेखिको राजनीतिक अस्थिरता, आर्थिक मन्दी, बेरोजगारी र पुराना शक्तिहरूको अकर्मण्यताबाट वाक्क भएको यो पुस्ताले सामाजिक सञ्जाललाई आफ्नो असन्तोष पोख्ने र संगठित हुने माध्यम बनाएको छ। यसैको जगमा परम्परागत पार्टी र विचारहरूलाई चुनौती दिँदै नयाँ शक्ति र पात्रहरूको उदय भएको छ।

सूचना क्रान्तिले आजको मानिसमा 'केही नयाँ हुनुपर्छ' भन्ने चेतना त पैदा गरिदियो, तर 'नयाँ के र कस्तो हुने ?' भन्ने ज्ञानको अभावमा आजको मानिस भौँतारिरहेको छ। समाजमा बहसहरू छरपस्ट छन्। कतै यी बहसहरू असल नियतले भएका छन् भने कतै झिनामसिना लोभ वा स्वार्थबाट प्रेरित पनि हुन सक्छन् । यतिबेला आलोचना, छलफल र बहस सर्वत्र छ र यो आजको सिङ्गो नेपाली समाजको मुख्य विशेषता बन्न पुगेको छ, जुन स्वाभाविक पनि हो।

नयाँपनको खोजीमा हिँडेको यो पुस्ता र यो समयको समाज उचित वैचारिक नेतृत्व र ज्ञानको अभावमा सजिलै दक्षिणपन्थी पपुलिजम, प्रायोजित छद्म-राष्ट्रवाद र पश्चगामी शक्तिहरूको जालमा फस्ने खतरा बढेर गएको छ । एल्गोरिदमले पस्किने सतही, सनसनीपूर्ण र टुक्रा-टुक्रा सूचनाका कारण समाजमा 'ज्ञानको संक्रमण' पैदा भएको छ। यो एउटा यस्तो विचारधारात्मक संक्रमणकालीन समय हो, जहाँ पुराना विचारहरूले काम गरिरहेका छैनन् र नयाँ विचारहरू पूर्ण रूपमा परिपक्व भइसकेका छैनन् । यस्तो वैचारिक संक्रमणको समयमा हामीले विचार, राजनीति, सङ्गठन र संघर्षमा कसरी सोच्ने? यो प्रश्नमा आज विशेष गरी कम्युनिस्टहरूले गम्भीर विमर्श गर्नैपर्ने भएको छ। तर, नेपालका कम्युनिस्टहरू वैचारिक पक्षमा मौन बसेर नितान्त प्राविधिक र सत्ता स्वार्थमा आफ्ना लक्ष्यहरूलाई बन्धक बनाइरहेका छन् ।

### कम्युनिस्ट आन्दोलनमा संकट र वैचारिक प्रतिबद्धताको आवश्यकता

आजको नेपाली कम्युनिस्ट आन्दोलन यति धेरै रक्षात्मक बन्नुको पछाडि आफ्ना आधारभूत वैचारिक मूल्यहरूमा दृढ हुन नसक्नु नै मुख्य कारण हो । सत्ता राजनीतिको भोक मेटाउनका लागि जेसुकै र जस्तोसुकै कुरा पनि पचाउन तयार हुने जुन प्रवृत्ति आज कम्युनिस्ट आन्दोलनभित्र सडेर बसेको छ, त्यो नै सबैभन्दा ठूलो समस्या हो। कम्युनिस्ट आन्दोलन केवल सरकार बनाउने वा भत्काउने प्राविधिक खेल होइन, यो त एउटा उन्नत वैचारिक र सांस्कृतिक आन्दोलन हो। हाम्रो आफ्नो वैचारिक प्रतिबद्धतालाई सुदृढ गर्दै, स्वाधीन देश र समाजवादी गन्तव्यका लागि निरन्तर प्रयत्न गर्नु नै आजको मुख्य कार्यभार हो।

यही आवश्यकतालाई बोध गरेर विभिन्न प्रस्तावहरू अगाडि सारिए, जसमध्ये 'एकीकृत जनक्रान्ति' पछिल्लो समयको गतिशील वैचारिक प्रस्ताव हो। यो विचार एक थान कागजी सिद्धान्तको रूपमा मात्र छैन, यसमा दर्जनौँ योद्धाहरूको रगत, हजारौँ समर्पित कार्यकर्ताहरूको पसिना र लाखौँ शोषित-पीडित जनताको न्यायपूर्ण अपेक्षा जोडिएको छ। आजको समयमा हामीले पछिल्लो समय देखा परेका यी नवीन र जटिल आयामहरूलाई गहिरोगरि अध्ययन गर्दै विचारलाई नयाँ उचाइमा संश्लेषित गर्नुपर्छ । वैचारिक संकटका कारण दिशाहीन हुँदै दुर्घटनामा जाकिन खोजिरहेको नेपाली समाज र सिङ्गो मानवजातिलाई सही क्रान्तिकारी दिशा देखाउनु नै हाम्रो ऐतिहासिक जिम्मेवारी हो । हामीले यो जिम्मेवारी पुरा गर्ने सामर्थ्य राख्नैपर्छ।

### मार्क्सवादी दृष्टिकोण र नयाँ आयामहरूको संश्लेषण

यो गम्भीर वैचारिक संकट र अलगावबाट निकास पाउनका लागि हामीले हाम्रा आधारभूत सैद्धान्तिक मूल्य-मान्यताहरू र मार्क्सवादी दृष्टिकोणलाई केन्द्रमा राखेर नयाँ वैचारिक संश्लेषण गर्नैपर्छ । एकीकृत जनक्रान्तिको आलोकमा हामीले सामान्यतः निम्न आयामहरूमा गम्भीरतापूर्वक चिन्तन गरी ठोस कार्ययोजना बनाउनु पर्छ :

क) सूचना क्रान्तिका कारण पुँजीवादको स्वरूप बदलिएर 'डिजिटल पुँजीवाद' का रूपमा देखा परेको छ। आज उद्योगहरूमा परम्परागत मजदुरहरू मात्र छैनन्, बरु सूचना र प्रविधिको क्षेत्रमा काम गर्ने 'डिजिटल सर्वहारा' वा ज्ञान-मजदुरहरूको ठूलो वर्ग तयार भएको छ। सूचना क्रान्तिले पैदा गरेका यी नयाँ वर्ग र आर्थिक सम्बन्धहरूलाई मार्क्सवादी दृष्टिकोणबाट पुनः परिभाषित गर्दै यसले सिर्जना गरेका नयाँ अन्तर्विरोधहरूको पहिचान गर्नु र त्यसलाई समाधान गर्ने आर्थिक एवं राजनीतिक कार्यक्रम विकास गर्नु पर्छ।

ख) अब परम्परागत र पुराना सङ्गठनात्मक संरचनाले मात्र पुग्दैन। सूचना प्रविधिको उपयोग गर्दै युवा पुस्ता, बौद्धिक वर्ग र आम जनतालाई सङ्गठित गर्ने डिजिटल र भौतिक दुवै स्वरूपका आधुनिक कार्यशैलीहरू अपनाउनुपर्छ। सङ्गठनभित्र वैचारिक स्पष्टता, ज्ञानको गहिराइ र प्रविधिको उच्चतम ज्ञान भएका क्याडरहरूको निर्माण गरिनुपर्छ । मार्क्सवादलाई वर्तमान समयसँग जीवन्त संवाद गर्न सक्ने दर्शनको रूपमा हामीले संश्लेषित गर्न सक्नुपर्छ।

ग) आजको राजनीतिक संघर्ष केवल सडक र सदनमा मात्र सीमित छैन, यो 'न्यारेटिभ' (भाष्य) र विचारको लडाइँ पनि हो, जुन डिजिटल प्लेटफर्महरूमा लडिँदैछ। बुर्जुवा र पुँजीवादी शक्तिहरूले जसरी सूचना क्रान्तिलाई जनतालाई दिग्भ्रमित पार्ने र आफ्नो लुटतन्त्र टिकाउने 'जनविरोधी हतियार' का रूपमा प्रयोग गरेका छन्, त्यसका विरुद्ध हामीले यसलाई जनचेतना जगाउने, सत्य स्थापित गर्ने र क्रान्तिकारी विचार फैलाउने 'जनपक्षीय हतियार' मा बदल्नुपर्छ। कतिपय अवस्थामा डिजिटल प्लेटफर्महरू हाम्रा निम्ति होइनन् वा पुँजीपतिद्वारा नियन्त्रित छन् भन्ने तर्क पनि आउँछन्, तर यो केवल भाग्ने वा अलगावमा रमाउने सोच हो। वास्तवमा विज्ञानको सार्वभौमिकतालाई श्रमिकहरूको हितमा परिचालन गर्न सकिने सत्यलाई हामीले ग्रहण गर्नैपर्छ। बरु, यसमा हाम्रो कला पक्षको स्थितिबारे गम्भीर आत्मसमीक्षा भने जरुरी छ।

### नयाँ बहस र मानव सभ्यताको रूपान्तरण

अन्ततः सूचना क्रान्ति आफैँमा खराब वा असल वस्तु होइन। संकट तब उत्पन्न हुन्छ जब यो प्रविधि मानव सभ्यताको हित र क्रान्तिकारी मूल्यहरूभन्दा टाढा पुगेर मुठ्ठीभर पुँजीपतिहरूको नाफा कमाउने र सत्ता कब्जा गर्ने माध्यम बन्न पुग्छ।

आजको संक्रमणकालीन समयमा हुने बहस, छलफल, क्रिया-प्रतिक्रिया र आलोचनाहरूलाई हामीले स्वाभाविक र खुला रूपमा लिनुपर्छ । तर, यसको मूल्यमा समाजलाई सही अर्थमा रूपान्तरण गर्न चाहने अग्रगामी शक्तिहरू अलमलमा पर्नु हुँदैन। हामीले सत्ताको फोहोरी खेलबाट माथि उठेर मानवीय मूल्य, मार्क्सवादी चेतना, नेपाली समाजमा प्रस्तावित र प्रयोगमा समेत आइसकेका पुष्पलाल, बीपी, मदन भण्डारी र पछिल्लो समय नेपाली कम्युनिस्ट आन्दोलनमा प्रयोगमा आएको एकीकृत जनक्रान्तिका विचारको समेत जगमा उभिएर नयाँ ढङ्गले बहसहरूलाई डोऱ्याउनै पर्छ।

यसो गर्दै गर्दा हामीले २०२८ सालको झापा विद्रोहकालीन सङ्गठनात्मक अनुशासनको स्कुल, जनयुद्धको बलिदानको स्कुल र जातीय, क्षेत्रीय, लैङ्गिक उत्पीडनविरुद्ध भएका विद्रोहका विशेषता र आयामहरूलाई समेत जोड्नुपर्छ।

दिग्भ्रमित र दिशाहीन हुँदै गइरहेको यो समाजलाई सही वैचारिक मार्गचित्र दिनु आजको कम्युनिस्ट आन्दोलनका निम्ति अग्निपरीक्षा हो । वैचारिक सुदृढता, गम्भीर चिन्तन र वैज्ञानिक कार्यदिशाको जगमा मात्रै हामीले यो सूचना युगको चुनौतीलाई चिर्दै स्वाधीन देश र समाजवादको सुन्दर भविष्यतर्फ पाइला चाल्न सक्छौँ । नेपाली समाजलाई अब गुमराहमा होइन, एउटा नयाँ, सचेत र वैचारिक बहसका निम्ति तयार गर्नु नै आजको क्रान्तिकारीहरूको पहिलो दायित्व हो । यसका निम्ति हामी जिम्मेवारीपूर्वक प्रस्तुत होऔँ । यो लेख रातोपाटीडटकमबाट साभार गरिएको छ।

> दिग्भ्रमित र दिशाहीन हुँदै गइरहेको यो समाजलाई सही वैचारिक मार्गचित्र दिनु आजको कम्युनिस्ट आन्दोलनका निम्ति अग्निपरीक्षा हो । वैचारिक सुदृढता, गम्भीर चिन्तन र वैज्ञानिक कार्यदिशाको जगमा मात्रै हामीले यो सूचना युगको चुनौतीलाई चिर्दै स्वाधीन देश र समाजवादको सुन्दर भविष्यतर्फ पाइला चाल्न सक्छौँ । नेपाली समाजलाई अब गुमराहमा होइन, एउटा नयाँ, सचेत र वैचारिक बहसका निम्ति तयार गर्नु नै आजको क्रान्तिकारीहरूको पहिलो दायित्व हो ।

# स्क्रिनको छायामा हुर्किँदै बालबालिका : डिजिटल युगको मनोवैज्ञानिक यथार्थ

ऋचा खड्का



साँझको खाना तयार छ । आमाले बच्चालाई बोलाउँछिन्। बच्चा आउँछ, बस्छ, तर आँखा मोबाइलको स्क्रिनमै अडिएको छ। एक चम्चा भात मुखमा हाल्छ, फेरि स्क्रिनमा फर्किन्छ । आमाबाबु पनि आ-आफ्नै फोनमा व्यस्त छन्। टेबलमा चार जना छन्, तर कुराकानी कमै हुन्छ । यो दृश्य आज धेरै नेपाली घरको यथार्थ बनेको छ।

त्यसैले आजको समाजमा बाल्यकालको अनुभव पहिलेभन्दा निकै फरक भइसकेको छ । बिहान उठेदेखि राति सुत्ने बेलासम्म बालबालिकाको ध्यान स्क्रिनमै केन्द्रित देखिन्छ । मोबाइल, ट्याबलेट, टेलिभिजन र ल्यापटप उनीहरूको दैनिक जीवनको साधारण हिस्सा बनिसकेका छन्। धेरै घरमा खाना खुवाउन मोबाइल देखाउने, बच्चा रोएमा भिडियो लगाएर शान्त पार्ने गरिन्छ। किशोरकिशोरीहरू राति अबेरसम्म अनलाइन गेम र सामाजिक सञ्जालमा झुण्डिएर बस्ने प्रवृत्ति सामान्य भइसकेको छ।

बच्चा बाहिरबाट शान्त देखिए पनि भित्रभित्रै ऊ कसैसँग भावनात्मक रूपमा जोडिएको हुँदैन, केवल डिजिटल रूपमा व्यस्त हुन्छ । यो बाहिरबाट सजिलो समाधानजस्तो देखिए पनि भित्रभित्रै बच्चाको ध्यान, भावना, सम्बन्ध र व्यवहारमा निरन्तर असर परिरहेको हुन्छ । अन्तर्राष्ट्रिय अध्ययनहरूले देखाएका छन् कि स्क्रिन समय र बालबालिकाको मानसिक स्वास्थ्यबीचको सम्बन्ध निजकै जटिल तरिकाले जोडिएको हुन्छ।

### स्क्रिन र मानसिक स्वास्थ्यको दुष्चक्र

विभिन्न अध्ययनहरूका अनुसार बढी स्क्रिन प्रयोगले बालबालिकामा भावनात्मक समस्या बढाउन सक्छ। तर यो सम्बन्ध एकतर्फी होइन। भावनात्मक रूपमा असहज, तनावमा परेका वा एक्लो महसुस गर्ने बालबालिकाहरू पनि स्क्रिनतर्फ अझ बढी आकर्षित हुन्छन्।

यो चक्र यसरी चल्छ- बच्चाले तनाव, डर, खालीपन वा एक्लोपन महसुस गर्छ। उसँग त्यो भावना व्यवस्थापन गर्ने सीप विकसित भएको हुँदैन। स्क्रिनले तुरुन्तै ध्यान अन्यत्र मोड्छ र असहजता केही बेरका लागि कम पार्छ। तर भित्रभित्रै मस्तिष्कको 'रिवार्ड सिस्टम' सक्रिय हुन्छ, तत्काल आनन्द खोज्ने बानी बस्छ, धैर्य र भावनात्मक सहनशीलता घट्दै जान्छ।

बिस्तारै निद्रा बिग्रिन्छ, चिडचिडापन बढ्छ, साथीभाइ र परिवारबाट टाढिँदै जाने हुन्छ। अनि बच्चा फेरि स्क्रिनतर्फ नै फर्किन्छ। यसरी समाधानजस्तो देखिने व्यवहार नै समस्याको हिस्सा बन्न पुग्छ।

अत्यधिक र असन्तुलित स्क्रिन प्रयोग गर्ने बालबालिकामा चिन्ता, डिप्रेसन, व्यवहारजन्य समस्या र ध्यान केन्द्रित गर्न नसक्ने समस्या उल्लेखनीय रूपमा बढी देखिन्छ भन्ने कुरा अध्ययनहरूले पुष्टि गरेका छन्। तर वैज्ञानिक रूपमा यो पनि बुझ्न जरुरी छ कि स्क्रिन समय मात्रैले बच्चाको मानसिक स्वास्थ्य निर्धारण गर्दैन । पारिवारिक वातावरण, निद्राको गुणस्तर, सम्बन्धको न्यानोपन र अभिभावकको उपस्थिति अझ बढी महत्त्वपूर्ण मानिन्छन्।

### स्क्रिनले मस्तिष्क र शरीरमा पार्ने असर

लामो समय स्क्रिन प्रयोगले बच्चाको शारीरिक सक्रियता घटाउँछ। शारीरिक निष्क्रियताले मनोदशा सन्तुलनमा राख्ने मस्तिष्क-रसायन (जस्तै, सेरोटोनिन) कम गर्छ र तनाव-हार्मोन (कोर्टिसोल) बढाउँछ, जसले बच्चाको आत्मविश्वास र भावनात्मक स्थिरतामा असर पुऱ्याउँछ।

विशेषगरी राति स्क्रिन प्रयोगले सुत्ने समय ढिलो बनाउँछ, गहिरो निद्रा घटाउँछ र बिहान थकान तथा चिडचिडापन बढाउँछ । स्क्रिनबाट निस्कने नीलो प्रकाशले निद्रा ल्याउने हार्मोन मेलाटोनिनको उत्पादन घटाउँछ, जसले शरीरको प्राकृतिक निद्रा-चक्र नै बिगार्छ।

डिजिटल प्लेटफर्महरू तुरुन्तै 'रिवार्ड' दिने ढाँचामा बनेका हुन्छन् । यसले बच्चामा पर्खने धैर्यता, असहज अवस्थामा सहने क्षमता र सन्तुष्टिका लागि कुर्ने बानी कम गर्छ। किशोर अवस्थामा सामाजिक सञ्जालले 'म पर्याप्त छैन' भन्ने भावना, आफ्नो शरीरप्रति असन्तुष्टि र सामाजिक चिन्ता बढाउन सक्छ। लामो समयमा यसले डिप्रेसनको जोखिम पनि बढाउँछ।

### सबै स्क्रिन खराब होइनन्, सन्तुलन नै मुख्य कुरा हो

समस्या स्क्रिन आफैँमा होइन। समस्या यसको मात्रा, समय, उद्देश्य र निर्भरतामा छ। सही ढंगले प्रयोग गर्दा स्क्रिनले सिकाइ, सिर्जनात्मकता र परिवारसँगै हेर्ने-सिक्ने गतिविधिमा सकारात्मक भूमिका खेल्छ। तर समस्या तब हुन्छ, जब स्क्रिन भावनात्मक राहतको एकमात्र उपाय बन्छ, निद्राको विकल्प बन्न पुग्छ, साथीभाइसँगको साँचो भेटघाटलाई विस्थापित गर्छ वा लतजस्तो व्यवहारमा परिणत हुन्छ।

बच्चाको मस्तिष्क अझै विकास हुँदै गरेको हुन्छ । निर्णय र आत्म-नियन्त्रणको केन्द्र मानिने अग्रमस्तिष्क २०-२५ वर्षको उमेरसम्म पूर्णविकसित हुँदैन। यसैले उनीहरूको आवेग नियन्त्रण कमजोर हुन्छ, निर्णय क्षमता अपरिपक्व हुन्छ र भावना सम्हाल्न उनीहरूलाई बाहिरी सहयोग चाहिन्छ।

त्यसैले बच्चालाई केवल नियम र नियन्त्रण होइन, भरोसा गर्न सकिने वयस्कको साथ चाहिन्छ, जसको सान्निध्यमा रहेर उनीहरूले भावना व्यवस्थापन गर्न सिकुन्।

### उमेरअनुसार अभिभावकका लागि सुझाव

विश्व स्वास्थ्य संगठन (डब्लुएचओ, २०१९) र अमेरिकन एकेडेमी अफ पेडियाट्रिक्स (एएपी, २०१६) का मार्गदर्शनहरूका आधारमा बालबालिकाको स्क्रिन प्रयोगलाई उमेरअनुसार सीमित गर्नुपर्छ । दुई वर्षभन्दा साना बालबालिकालाई स्क्रिन प्रयोग गराउनु हुँदैन । टाढाका आफन्तसँग भिडियो कल गर्ने अवस्थाबाहेक अन्य स्क्रिन प्रयोग सामान्यतया सिफारिस गरिँदैन।

दुईदेखि चार वर्षका बालबालिकाका लागि दैनिक एक घण्टाभन्दा कम, त्यो पनि अभिभावकको साथमा गुणस्तरीय सामग्री हेर्ने व्यवस्था राख्नुपर्छ । ५ देखि १२ वर्षका बालबालिकाका लागि स्पष्ट समय-सीमा तोक्नुपर्छ। खाना खाने र सुत्ने बेलामा स्क्रिन-मुक्त नियम कडाइका साथ लागू गर्नुपर्छ। किशोर अवस्थामा आत्म-नियन्त्रण सिकाउने, सामाजिक सञ्जालको मनोवैज्ञानिक असरबारे खुला कुराकानी गर्ने र राति सुत्ने बेलामा डिभाइस कोठाबाहिर राख्ने अभ्यास बसाल्नुपर्छ।

### ध्यान दिनुपर्ने संकेतहरू

स्क्रिन बन्द गर्दा बच्चाले अत्यधिक रिस वा रुवाइ देखाउनु, निद्राको तालिका बिग्रिनु, पढाइमा ध्यान घट्नु, साथीभाइ र परिवारबाट टाढिनु, मूडमा अस्थिरता र चिडचिडापन बढ्नु, अनि निरन्तर डिजिटल लालसा देखिनु- यी केवल बानीका कुरा होइनन्। यी गहिरो भावनात्मक र व्यवहारजन्य असन्तुलनका संकेत हुन सक्छन्।

यदि यी लक्षणहरू लामो समय रहिरहेमा विशेषज्ञको सल्लाह लिनु उचित हुन्छ। समयमै सहयोग खोज्नु कमजोरी होइन- यो जिम्मेवार अभिभावकत्वको पहिचान हो।

### नियन्त्रण होइन, सन्तुलित वातावरण

असली समाधान भनेको स्क्रिन पूरै हटाउनु होइन। बरु बच्चाका लागि सन्तुलित विकासात्मक वातावरण बनाउनु हो। खाना खाने बेलामा डिभाइस-मुक्त नियम, सुत्नुअघिको स्क्रिन-मुक्त दिनचर्या र दिनभरिको स्पष्ट समय-सीमा बच्चाको विकासका लागि महत्त्वपूर्ण हुन्छन् । खेलकुद, बाहिरी खेल र परिवारसँग बिताइने सक्रिय समयले बच्चाको शरीर र मन दुवै स्वस्थ राख्छ।

भावनात्मक समर्थन सबैभन्दा महत्त्वपूर्ण कुरा हो। बच्चाको भावनालाई स्वीकार गर्ने सरल कुराकानी आवश्यक छ। 'तिमीलाई गाह्रो भइरहेको छ भन्ने मलाई थाहा छ' भन्ने सरल वाक्यले पनि ठूलो असर पार्छ। सजायभन्दा समझदारीले स्थायी परिवर्तन ल्याउँछ।

बच्चाहरूले उपदेश होइन, व्यवहार सिक्छन् । अभिभावक आफैँ फोनमा व्यस्त रहँदा बच्चालाई 'स्क्रिन नचलाऊ' भनेर सिकाउन सम्भव हुँदैन । त्यसैले परिवर्तन घरबाटै, ठूलाहरूबाटै सुरु हुनुपर्छ। डिजिटल युगमा स्क्रिन जीवनको अनिवार्य हिस्सा बनिसकेको छ । तर बच्चाको विकसित हुँदै गरेको मस्तिष्कको सन्दर्भमा यसको असन्तुलित प्रयोगले गहिरो मनोवैज्ञानिक असर पार्न सक्छ।

# जातीय भेदभाव राष्ट्रको साझा समस्या हो: सभापति थापा



काठमाण्डु । नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले जातीय भेदभाव तथा छुवाछूत कुनै एक जाति वा समुदायको मात्र समस्या नभई राष्ट्रको साझा समस्या भएको बताउनुभएको छ । जातीय भेदभाव तथा छुवाछूत उन्मुलन राष्ट्रिय दिवसका अवसरमा शुभकाना व्यक्त गर्दै उहाँले सबैको सामूहिक र साझा प्रयत्नबाट मात्र यो कूरीतिको अन्त्य गर्न सकिनेमा जोड दिनुभएको छ । यसमा कांग्रेस प्रतिबद्धतापूर्वक अनवरत रूपमा लागेको उहाँले उल्लेख गर्नुभएको छ ।

उहाँले यो दिवसले सबैमा समानता, सामाजिक न्याय, मानव अधिकार र सबै मानव जाति समान हौँ भन्ने भावनाको विकास गर्दै जातका आधारमा मानिसमाथि गरिने सबैखालका घृणा र विभेदको अन्त्य गर्ने प्रेरणा र सन्देश दिन सकोस् भनी शुभकामना व्यक्त गर्नुभएको छ ।

जातीय भेदभाव मुक्त राष्ट्र घोषणामा तत्कालीन सरकार प्रमुखको तर्फबाट पहल गर्नुहुने पूर्वप्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाप्रति सम्मान व्यक्त गर्दै सभापति थापाले कांग्रेस दलित समुदायले भोग्दै आएको छुवाछूत तथा भेदभाव अन्त्यका लागि लाग्ने एक प्रतिबद्ध दल भएको उल्लेख गर्नुभएको छ ।

"दलित समुदायको राजनीतिक प्रतिनिधित्वको कुरा गर्ने हो भने नेपालका दलित समुदायलाई पहिलो पटक संसद्मा निर्वाचित गराउने पहिलो दल पनि कांग्रेस नै हो । विसं २०४८ मा बाँकेबाट कांग्रेसका कृष्ण परियार नेपालको इतिहासमा पहिलो निर्वाचित प्रतिनिधिसभा सदस्य हुनुहुन्थ्यो । कांग्रेसको केन्द्रीय समितिको महामन्त्री जस्तो गरिमामय पदमा धनमानसिंह परियार पार्टीको महामन्त्री हुनुभयो", उहाँले सन्देशमा उल्लेखमा गर्नुभएको छ ।

तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाको नेतृत्वमा बनेको कांग्रेसको सरकारले २०५८ सालमा राष्ट्रिय दलित आयोगको स्थापना गरेको र कांग्रेसका नेता पूर्वप्रधानमन्त्री सुशील कोइरालाको पालामा नेपालले नयाँ संविधान पाएको तथा उक्त संविधानमा छुवाछूतलाई दण्डनीय सामाजिक अपराधका रूपमा लिइएको सभापति थापाको भनाइ छ । उहाँले सबै तहमा सरकार, नीतिनिर्माता, राजनीतिक दल, सबै सरोकारवाला साथै पार्टी पङ्क्त स्वयंलाई दलित समुदायको सामाजिक न्यायको र समृद्धिका पक्षमा घनिभूत रूपमा लागि पर्न अपिल गर्नुभएको छ । रासस

# संविधान संशोधन कार्यदलद्वारा पूर्वराष्ट्रपतिद्वय डा. यादव र भण्डारीसँग सुझाव संकलन

काठमाण्डु । संविधान संशोधनका लागि बहसपत्र तयार गर्न गठित कार्यदलले पूर्वराष्ट्रपतिद्वय डा रामवरण यादव र विद्यादेवी भण्डारीसँग छुट्टाछुट्टै भेट गरी संविधान संशोधनका विषयमा महत्त्वपूर्ण सुझाव संकलन गरेको छ । नेपालको संविधानलाई समयसापेक्ष, व्यावहारिक र थप सुदृढ बनाउने उद्देश्यका साथ उहाँहरूबाट मार्गदर्शक सुझाव संकलन गरिएको हो ।

प्रधानमन्त्री वालेन्द्र शाहका राजनीतिक सल्लाहकार अशिम शाहको संयोजकत्वमा गठित कार्यदलले पूर्वराष्ट्रपतिद्वय डा यादव र भण्डारीको निवासमै पुगेर राष्ट्रिय हित र प्रणालीगत सुधारका विषयमा केन्द्रित भई महत्त्वपूर्ण छलफल गरेको हो ।



पूर्वराष्ट्रपति डा. रामवरण यादवले जतिसक्दो फराकिलो राष्ट्रिय सहमति कायम गरेर मात्र बहसपत्र तयार पार्न कार्यदललाई सुझाव दिनुभएको छ । नेपाली जनताको निकै ठूलो सङ्घर्ष, अनवरत बलिदान र संविधानसभाको समय थपेर गहन छलफलका बीच जारी भएको संविधानको मूल मर्मलाई जीवन्त राख्नु आजको आवश्यकता भएको उहाँले प्रष्ट पार्नुभयो ।

उहाँले संविधानमा व्यवस्था गरिएका संघीयता, लोकतन्त्र, गणतन्त्र, धर्मनिरपेक्षता र समानुपातिक समावेशीजस्ता मुख्य स्तम्भलाई अक्षुण्ण राख्दै नयाँ पुस्ताका बदलिँदा माग र भावनालाई ध्यानमा राखेर अघि बढ्नुपर्नेमा विशेष जोड दिनुभएको छ ।

कार्यदलले बहसपत्र तयार पार्न अपनाएको हालको प्रक्रिया सकारात्मक र लोकतान्त्रिक रहेको उल्लेख गर्दै उहाँले संशोधनका लागि पर्याप्त समय लिएरै भए पनि गहन गृहकार्य गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो । यो राष्ट्रिय सरोकारको विषय भएकाले यसका लागि सकेसम्म संसद् रहेका सबै राजनीतिक दलहरूको, नभए दुई तिहाइको र त्यो पनि सम्भव नभए स्पष्ट बहुमतको सहमति लिनु श्रेयस्कर हुने उहाँको धारणा छ ।

संविधान निर्माणका बेला देशका सबै राजनीतिक दल, विभिन्न जातजाति र सामाजिक विविधतालाई प्राथमिकता दिइएको स्मरण गराउँदै पूर्वराष्ट्रपति यादवले अब संशोधनको बहसपत्र तयार गर्दा पनि नेपाली समाजको यही विविधतालाई विशेष सम्मान र ध्यान दिन आग्रह गर्नुभयो ।

लोकतन्त्रको वास्तविक सुन्दरता नै समाजको अन्तिम पङ्क्तिमा रहेका नागरिकको उत्थानमा हुने धारणा राख्दै उहाँले सडकको छेउमा गिटी कुटिरहेका श्रमजीवीहरू, हलो जोत्ने किसानहरू, सुकुमवासी तथा विपन्न वर्गको मर्म र आवश्यकतालाई बुझेर उनीहरूको हित अनुकूल हुनेगरी संशोधनका अक्षरहरू लेखिनुपर्ने धारणा व्यक्त गर्नुभयो ।

यसैगरी, लोकतन्त्रको सुदृढीकरणका लागि जनताले दिएको म्यान्डेट (जनादेश) को रचनात्मक प्रयोग हुनुपर्ने र विगतका ऐतिहासिक उपलब्धिलाई संस्थागत गरिनुपर्नेमा उहाँको जोड थियो । वर्तमान संसदीय प्रणालीलाई थप बलियो र जनमुखी बनाउन आवश्यक रहेको औँल्याउँदै उहाँले यसका लागि विश्वका अन्य सफल लोकतान्त्रिक मुलुकको असल अभ्यास र शैलीलाई पनि आत्मसात् गर्न सकिने सुझाव दिनुभयो । जुनसुकै असहज परिस्थिति सिर्जना भए पनि विचलित नभई धैर्यतापूर्वक सबै पक्षका कुरा सुन्दै, बुझ्दै र साझा सुझाव समेट्दै अघि बढ्न उहाँले कार्यदलका सदस्यलाई प्रेरित गर्नुभयो ।

यसैगरी, पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले पनि संसद्मा झण्डै दुईतिहाइ मत ल्याएको दल, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले संविधान संशोधनको यो राजनीतिक प्रक्रिया सुरु गर्नु सकारात्मक भएको उल्लेख गर्दै कार्यदलले अपनाएको कार्यशैली र प्रक्रियाको सराहना गर्नुभयो । यो कार्यदल आधिकारिक रहेको स्पष्ट पार्दै उहाँले यो ऐतिहासिक काम सफलतापूर्वक सम्पन्न होस् भनी शुभकामना समेत व्यक्त गर्नुभयो ।

संविधान आफैँमा एउटा राजनीतिक सम्झौताको दस्तावेज भएकाले यसको संशोधन गर्दा पनि बृहत् राष्ट्रिय सहमति कायम गरेर अघि बढ्न आवश्यक रहेको र विशेषगरी निर्णायक मत बोकेका दलहरूले चाहेमा आपसी सहमतिमा संविधान संशोधनको कार्यलाई सहज रूपमा अगाडि बढाउनसक्ने उहाँको धारणा छ । महिला सहभागिता र समावेशीताको सवालमा पूर्वराष्ट्रपति भण्डारीले संविधानमा सुनिश्चित गरिएको महिलाको एक तिहाइ सहभागिताको उपलब्धिलाई रक्षा गर्दै यसलाई अझ बढी व्यावहारिक बनाउनुपर्नेमा जोड दिनुभयो ।

हालको समानुपातिक प्रणाली इमानदार र क्षमतावान् कार्यकर्ताका लागि हुनुपर्नेमा यसको दुरूपयोग बढेको र यसले ठूला दलहरूलाई बदनाम गराएकाले अब प्रत्यक्ष निर्वाचन प्रणालीमै महिलाको संख्या स्पष्ट रूपमा निर्धारण गरिनुपर्ने उहाँको सुझाव छ । यसका लागि प्रमुख नेताहरू प्रत्यक्ष चुनावमा नउठी ती सिटहरू महिलाका लागि सुरक्षित गर्ने वा महिलालाई पनि प्रत्यक्षतर्फ सङ्घर्षशील रूपमा अगाडि बढाउने खालको संवैधानिक सुधार आवश्यक रहेको उहाँले औँल्याउनुभयो । त्यसैगरी, राजदूत नियुक्तिका सम्बन्धमा सरकार परिवर्तन हुनासाथ राजदूतलाई फिर्ता बोलाउने वा हटाउने परिपाटी परिमार्जन हुनुपर्ने धारणा उहाँले व्यक्त गर्नुभयो ।

संसदीय सुनुवाइ समितिमा विस्तृत सुनुवाइ प्रक्रिया पूरा गरेर नियुक्त भइसकेका राजदूतहरूलाई सरकार फेरिँदैमा हटाउनु न्यायसङ्गत नहुने उहाँको तर्क छ । यसका साथै, संविधानद्वारा व्यवस्था गरिएका कतिपय नयाँ आयोग गठन भएको १० वर्ष पुग्न लागेकाले अब तिनको कार्यप्रणाली र उपादेयताबारे गम्भीर पुनःमूल्याङ्कन गर्न आवश्यक भइसकेको उहाँले प्रष्ट पार्नुभयो ।

वर्तमान संविधानलाई समय अनुकूल बनाउन र हिजोका दिनमा अभ्यासका क्रममा देखिएका कतिपय कमजोरीलाई सुधार गरेर नै संशोधन गरिनुपर्ने उहाँको मान्यता छ । मुलुकको दीर्घकालीन हितका लागि राजनीतिक प्रणाली, शासकीय स्वरूप र राजनीतिक ढाँचाका बारेमा राजनीतिक दलहरू दलीय वा व्यक्तिगत स्वार्थ र कुनै पनि आग्रह-पूर्वाग्रहभन्दा माथि उठेर राष्ट्रिय स्वार्थका आधारमा गम्भीर छलफलमा जुट्नुपर्ने उहाँको सुझाव छ ।

पूर्वराष्ट्रपतिद्वयसँगको महत्त्वपूर्ण छलफलपछि कार्यदलले पूर्वप्रधानमन्त्रीलाई भेटेर संविधान संशोधनका विषयमा सुझाव सङ्कलन गर्ने गृहकार्य अघि बढाएको छ । रासस

# टीकापुरमा 'अन्तर व्यवस्थापिका सम्मेलन' हुने



अत्तरिया । कैलालीको टीकापुरमा 'अन्तर व्यवस्थापिका सम्मेलन' हुने भएको छ । अन्तर व्यवस्थापिका मञ्चको आयोजनामा यही जेठ २३ र २४ गते सम्मेलन हुन लागेको हो ।

सुदूरपश्चिम प्रदेशसभाका सभामुख भीमबहादुर भण्डारीले आज प्रतिनिधिसभा, राष्ट्रियसभा तथा सातवटै प्रदेशसभाका पदाधिकारीको सहभागिता रहने जानकारी दिनुभयो । उहाँले सम्मेलनमा सङ्घीय संसद् तथा सबै प्रदेशसभाले हालसम्म निर्माण गरेका कानुन, भएका प्रगति, आगामी दिनमा गर्नुपर्ने काम र कठिनाइकाबारेमा छलफल तथा अनुभव आदानप्रदान गरिने बताउनुभयो ।

"विशेषगरी राजनीतिक अस्थिरता र त्यसले सङ्घ तथा प्रदेशसभामा पार्ने प्रभाव एवं सभामुखको भूमिकामा अझ बढी पेचिलो हुने देखिन्छ," उहाँले भन्नुभयो, "हामीले हाम्रो भूमिकालाई कानुन र संविधानको परिधिभित्र रहेर निष्पक्ष स्वतन्त्र हुँदाहुँदै पनि प्रश्न उठ्ने सन्दर्भमा अझ बढी छलफल गर्नुपर्ने जिम्मेवारी थपिएको जस्तो मलाई लाग्छ ।" उहाँका अनुसार सम्मेलनमा सभामुख, उपसभामुख र सचिवको अलगअलग प्यानल बनाई समूहगत छलफल गरिनेछ । रासस

# जातीय भेदभाव र छुवाछूत लोकतान्त्रिक र उन्नत समाजको बाधक हो: मन्त्री वादी

पाटन । महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षामन्त्री सीता वादीले जातीय छुवाछूत र भेदभाव लोकतान्त्रिक र उन्नत समाजको बाधक भएको बताउनुभएको छ ।

जातीय भेदभाव तथा छुवाछूत उन्मुलन राष्ट्रिय दिवसका अवसरमा राष्ट्रिय दलित आयोगद्वारा आज यहाँ आयोजित कार्यक्रममा उहाँले नेपालको लोकतान्त्रिक आन्दोलनमा दलित समुदायले पुऱ्याएको योगदान महत्वपूर्ण रहेको स्पष्ट पार्नुभयो ।



मन्त्री वादीले भन्नुभयो, "नेपालको हरेक परिवर्तनमा दलित समुदायले पुऱ्याएको योगदानको सम्मान गर्न चाहन्छु, सीमित स्रोतसाधन जनशक्तिकाबीच आयोगले गरेका काम प्रशंसनीय छ, दलित समुदायका समस्या समाधान गर्न मन्त्रालय र आयोगबीच समन्वय र सहकार्य गर्छौं ।"

राष्ट्रिय दलित आयोगका अध्यक्ष देवराज विश्वकर्माले विभेदका विषयमा सघन छलफल र संवादका माध्यमबाट समतामूलक र न्यायपूर्ण समाज निर्माण गर्न सकिने धारणा व्यक्त गर्नुभयो । उहाँले राज्य कमजोर र न्यूनआर्थिकस्तर भएकाका लागि हुनुपर्छ भन्ने पैरवी दलित आयोगले गरिरहेको छ भन्नुभयो ।

आयोगका सदस्य मेहले पार्कीले आयोगले गरेका सिफारिस र सरोकार कार्यान्वयन गरिनुपर्नेमा जोड दिनुभयो ।

महान्यायाधिवक्ता डा नारायणदत्त कँडेलले जातीय भेदभाव तथा छुवाछूत उन्मुलन गर्न सामाजिक चेतना अभिवृद्धिमा सरकार, आयोग र सरोकारवालाले एकताबद्ध भएर काम गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले मानवीय सम्मान, गरिमा र आत्मसम्मानको पाटोमा राज्यका सबै संयन्त्रले ध्यान पुऱ्याउनुपर्ने बताउनुभयो ।

जिल्ला प्रहरी परिसर ललितपुरका सूचना अधिकारी प्रहरी उपरीक्षक गौतम मिश्रले दलित समुदायको न्यायमा पहुँचका लागि प्रहरी सङ्गठन निरन्तर क्रियाशील रहने प्रतिबद्धता जनाउनुभयो ।

विसं २०६३ जेठ २१ गते तत्कालीन संसद्बाट नेपाललाई जातीय भेदभाव तथा छुवाछूत उन्मुलन राष्ट्र घोषणा गरिएको थियो । उक्त दिनको स्मरणमा 'दलित समुदायको न्यायमा पहुँचका लागि राज्य संरचनाको प्रभावकारी परिचालन' भन्ने नाराका साथ आज जातीय भेदभाव तथा छुवाछूत उन्मुलन दिवस मनाइएको हो । रासस

# सुशासनका प्रति जनअपेक्षा छ : सभामुख अर्याल

काभ्रेपलाञ्चोक । सभामुख डोलप्रसाद अर्यालले सुशासनप्रति जनअपेक्षा रहेको बताउनुभएको छ । जिल्ला समन्वय समिति काभ्रेपलाञ्चोकको धुलिखेलमा आयोजित नवौँ जिल्ला सभा तथा आर्थिक बर्ष २०८२/०८३ को प्रगति समीक्षा कार्यक्रमा उहाँले नागरिकले पहिलो अपेक्षा गर्ने सुशासननै भएको बताउनुभयो ।

सभामुख अर्यालले भन्नुभयो, "सुशासन सबैभन्दा ठूलो जनअपेक्षा हो, पछिल्लो समयमा पारदर्शिता, जवाफदेहीता र उत्तरदायीका विषयमा उठेका सवालले राज्य प्रणालीलाई थप जिम्मेवार र नागरिकमैत्री बनाउन महत्वपूर्ण प्रेरणा प्रदान गरेको छ ।"

उहाँले लोकतन्त्र निर्वाचनबाट मात्रै सुदृढ नहुने भएकाले प्रेरणामुखी सेवा आवश्यक रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "यसले लोकतन्त्रको जिवन्तता र नागरिक चेतनाको उचाइलाइ समेत प्रतिबिम्बित गरेको छ ।"



सभामुख अर्यालले सङ्घीयताको बास्तविक परीक्षण सिंहदरबारबाट मात्र नहुने हुँदा स्थानीय तहको सेवाको मापनमा निर्भर हुने बताउनुभयो ।

"संविधानले प्रदान गरेको जिम्मेवारी र अवसरलाई नागरिकले प्रत्यक्ष अनुभूति हुने गरी स्थानीय तहले काम गर्नुपर्दछ, संसद्ले निर्माण गर्ने कानुनको अन्तिम सफलता स्थानीय तहको प्रभावकारी कार्यान्वयमा निर्भर रहन्छ, स्थानीय तह भनेको नागरिकको अझ नजिकको सरकार हो", उहाँले भन्नुभयो ।

सभामुख अर्यालले 'सरकार मेरो लागि छ' भन्ने नागरिकको चाहनाअनुरुप सरकारले काम गर्ने बताउनुभयो । कार्यापालिका, न्यायपालिका, व्यवस्थापिकाको 'स्प्रीड'ले आमनागरिक तथा कर्मचारीवर्गले आत्मसम्मानपूर्वक महसुस गर्ने उहाँले स्पष्ट पार्नुभयो ।

सभामुख अर्यालले संविधानको अक्षरस पालना गरेरै विधि, सिद्धान्त, कानुन, ऐन परिमार्जन र संशोधन गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो ।

उहाँले भन्नुभयो, "हाम्रो र हुर्कँदै गरेको पुस्ताको आवश्यकतालाई हेरेर संविधान संशोधन गर्नुपर्दछ, त्यसमा सबै राजनीतिक दल, क्षेत्र तथा व्यक्तिको भावना समेटिइनुपर्छ ।"

त्यस अवसरमा सभामुख अर्यालले गत प्रतिनिधिसभा निर्वाचनमा काभ्रेपलाञ्चोकमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बाट निर्वाचितद्वय मधुकुमार चौलागाईं र बदन भण्डारी, समानुपातिक सांसद राम लामा तथा विभिन्न विधानमा उत्कृष्ट जिल्लाका स्थानीय तहका जनप्रतिनिधिलाई सम्मान गर्नुभयो ।

जिल्ला समन्वय प्रमुख दीपक गौतमले आगामी आर्थिक बर्ष २०८३/८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्नुभएको थियो । रासस

# उच्च शिक्षाको गुणस्तर अभिवृद्धिका लागि मन्त्रालय प्रतिबद्ध छ: शिक्षामन्त्री पोखरेल

काठमाण्डु । शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले उच्च शिक्षा क्षेत्रमा सुशासन, जवाफदेहिता र संस्थागत अनुशासन स्थापित गर्ने सरकारको अभियानले महत्त्वपूर्ण उपलब्धि हासिल गरेको बताउनुभएको छ । सामाजिक सञ्जाल फेसबुकमा मन्त्री पोखरेलले उच्च शिक्षा क्षेत्रमा संस्थागत अनुशासन कायम गर्ने प्रयासअन्तर्गत अध्ययन बिदा लिएर सेवामा नफर्किएका त्रिभुवन विश्वविद्यालय (त्रिवि) का प्राध्यापकबाट हालसम्म रु १० करोड ४६ लाखभन्दा बढी रकम फिर्ता भएको जानकारी गराउनुभएको छ ।



शिक्षा मन्त्रालयको पहल तथा त्रिविको सक्रियतामा अध्ययन बिदा लिएर सेवामा नफर्किएका प्राध्यापकबाट हालसम्म रु १० करोड ४६ लाखभन्दा बढी रकम फिर्ता भएको छ । यससँगै थप प्राध्यापक पनि रकम फिर्ता गर्ने प्रक्रियामा सहभागी भइरहेको मन्त्री पोखरेलले उल्लेख गर्नुभएको छ । मन्त्री पोखरेलले अध्ययन बिदा विश्वविद्यालयलाई दक्ष, अनुसन्धानमुखी तथा अन्तरराष्ट्रियस्तरको प्राज्ञिक जनशक्ति उपलब्ध गराउने उद्देश्यले प्रदान गरिने विशेष सुविधा भएको उल्लेख गर्नुभएको छ ।

उहाँले सार्वजनिक स्रोत र राज्यको लगानीबाट प्राप्त उक्त अवसरको उपयोगपछि सेवामा नफर्कने प्रवृत्तिका कारण विश्वविद्यालयले आर्थिक, शैक्षिक तथा नैतिक क्षति व्यहोर्दै आएको भन्दै विश्वविद्यालयको शाख गिराउने किसिमका यस्ता क्रियाकलाप आगामी दिनमा दोहोरिन नहुनेमा उहाँको जोड छ ।

मन्त्रालयले यस विषयलाई गम्भीरतापूर्वक लिँदै आवश्यक पहल गर्न त्रिविलाई प्रोत्साहित गरेको र त्यसपश्चात् गरिएको छानबिन तथा कानुनी प्रक्रियाका आधारमा रकम फिर्ता हुनेक्रम तीव्र बनेको मन्त्री पोखरेलले जानकारी दिनुभयो । उहाँले यो उपलब्धि केबल आर्थिक रकम असुलीमा सीमित नभई सार्वजनिक उत्तरदायित्व सुनिश्चित गर्ने, संस्थागत अनुशासन कायम गर्ने तथा उच्च शिक्षा प्रणालीप्रति नागरिकको विश्वास सुदृढ गर्ने दिशामा महत्त्वपूर्ण कदम हो भन्नुभयो ।

मन्त्री पोखरेलले शिक्षा क्षेत्रमा सुशासन, पारदर्शिता र उत्तरदायित्वलाई थप मजबुत बनाउँदै सार्वजनिक स्रोतको संरक्षण तथा उच्च शिक्षाको गुणस्तर अभिवृद्धिका लागि आफ्नो प्रतिबद्धता निरन्तर रहने विश्वास व्यक्त गर्नुभयो । अध्ययन विदाको दुरूपयोग गरी त्रिविलाई हानिनोक्सानी पुऱ्याएकोबारे सरकारले चासो लिएपछि अध्ययन बिदामा गएर नफर्किने प्राध्यापकहरूले धमाधम रकम फिर्ता गरिरहेका छन् ।

त्रिविका अनुसार हालसम्म ४१ प्राध्यापकले रकम फिर्ता गरेका छन् । यसबाट रु १० करोड ४६ लाख ५६ हजार ८०४ रकम जम्मा भएको छ । अध्ययन बिदामा बसेर नफर्किने १९१ प्राध्यापकमध्ये ४१ जनाले रकम फिर्ता गरेका छन् । ६२ जनाले रकम फिर्ताका लागि समितिसमक्ष निवेदन दिएका छन् । रासस


## भूमि प्रशासन कार्यालय जनकपुरधाम, धनुषा

### म्याद तामेली सम्बन्धी ३0 तिस दिने सार्वजनिक सूचना

जि.धनुषा गा.वि.स.वसहिया गा.वि.स.वा.नं.५ हाल जनकपुर उपमहानगरपालिका वा.नं.२४ मा बस्ने स्व. रामेश्वर यादवको छोरा देव नारायण यादव वादी र जिल्ला धनुषा जनकपुर उपमहानगरपालिका वा.नं.१ मा बस्ने जय कृष्ण प्रसाद कलवार प्रतिवादी भई कार्यवाहीयुक्त अवस्थामा रहेको मि.नं.८२४ डा.मि. २०७५/१०/१५ गतेको मोही नामसारी तथा मि.नं.१३९५ को बाँडफाँड मुद्दामा विपक्षी नाउँमा जारी भएको १५पन्ध्र दिने म्याद तामेली हुन नसकि प्रतिवेदन सहित फिर्ता भएको हुँदा प्रतिवादी जग्गाधनी नाउँको म्याद सरहको ३० तिस दिने सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गर्न लगाउने भनि मिति २०८३/०१/२१ भएको आदेशानुसार तपाई ज.ध. जय कृष्ण प्रसाद कलवारको नाउँमा यो म्याद सरहको सूचना प्रकाशित गर्ने कार्य भएको छ । अतः तपाई जग्गा धनीको नाउँमा दर्ता कायम रहेका उल्लेखित तपसिल बमोजिमको कित्ता जग्गा नोही नामसारी गरी पाउँ भनि दावी बेहोराको नालिश दिएको हुँदा निज जग्गा धनी भए निज स्वयम् वा निजको एका संगोल परिवारका नजिकका हकदारहरु कोही रहे भएको भए यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३० तिस दिन भित्र आफ्नो लिखित जवाफ प्रतिउतर लिई आफैं वा वारेश मुकरर गरी पठाई कानून बमोजिम हाजिर हुन आउनु होला म्याद मित्र नआएमा वा म्याद गुजारी बसेमा कानून बमोजिम जग्गा मोही नामसारी तथा बाँडफाँड हुनेछ पछि कुनै उजुर बाजुर लाग्ने छैन भनि जानकारीका लागि ३० तिस दिने म्याद सरहको यो सार्वजनिक सूचना प्रकाशित गरिएको व्यहोरा सादर अनुरोध छ ।

| सि.नं. | जिल्ला | गा.वि.स. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | ज.ध. |
|---|---|---|---|---|---|---|
| १. | धनुषा | वसहिया | ८क | ९१ | ०-२-१४-० | जय कृष्ण प्र. कलवार / ज.उ.न.पा.वा.नं.-१ बस्ने |
| २. | धनुषा | वसहिया | ८क | १०० | ०-१-१८-० | जय कृष्ण प्र. कलवार/ज.उ.न.पा.वा.नं.-१ बस्ने |
| ३. | धनुषा | वसहिया | ८क | २७ | ०-४-११-० | जय कृष्ण प्र. कलवार/ज.उ.न.पा.वा.नं.१ बस्ने |
| ४. | धनुषा | वसहिया | ८क | ४९ | ०-२-२-० | जय कृष्ण प्र. कलवार/ज.उ.न.पा.वा.नं.१ बस्ने |

# ट्रम्पको इरान नीति कडा संकेत

रासस/एएफपी । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अमेरिकी सेनामाथि आक्रमणमा ज्यान गुमे इरानसँग कायम रहेको युद्धविराम अन्त्य गर्ने विषयमा विचार गर्न सक्ने सङ्केत गर्नुभएको छ । सरकारी अधिकारीहरूका अनुसार उहाँले तेहरानलाई यस्तो घटनाको जिम्मेवार ठहरिएमा कूटनीतिक तथा सैन्य नीति पुनः समीक्षा हुन सक्ने स्पष्ट पार्नुभएको हो ।

अधिकारीहरूका अनुसार राष्ट्रपति ट्रम्पले यस क्षेत्रका 'हिंसात्मक झडप' र लगातार बढ्दो तनावका बाबजुद हवाई आक्रमणमा लागु गरिएको 'हप्तौं लामो विराम' हाल कायम रहेको पुष्टि गर्नुभएको छ । यसले तत्काल ठूलो स्तरको सैन्य कारबाहीतर्फ नजान चाहने तर परिस्थिति अनुसार निर्णय परिवर्तन हुन सक्ने संकेत दिएको बताइएको छ ।

समाचार स्रोतहरूका अनुसार राष्ट्रपतिको यो अडानले इरानसँग प्रत्यक्ष ठूलो सैन्य द्वन्द्वमा पुनः प्रवेश गर्न अनिच्छा देखाए पनि साना स्तरका भड्काउ घटनाहरू केही समय सहन सकिने नीति अपनाउन सकिने सङ्केत गरेको छ । यसले पश्चिम एसियामा ठूलो युद्धको जोखिम कम गर्नेतर्फ वासिङ्टन केन्द्रित रहेको विश्लेषण गरिएको छ ।

यसैबीच, संयुक्त राज्य अमेरिका र इरानबीच जारी कूटनीतिक वार्तामा गम्भीर गतिरोध देखिएको छ । तेहरानले सुरुमै रोक्का गरिएको अर्बौं डलर सम्पत्ति फुकुवा गर्नुपर्ने अडान राखेपछि वार्ता प्रभावित



भएको बताइएको छ । विभिन्न अन्तर्राष्ट्रिय मिडिया रिपोर्टअनुसार इरानले सम्झौताको प्रारम्भिक चरणमै वित्तीय सम्पत्ति फुकुवा गर्नुपर्ने माग दोहोऱ्याएको छ, जसलाई वासिङ्टनले अस्वीकार गरेको छ ।

कूटनीतिक प्रयासलाई अगाडि बढाउन पछिल्लो समय तीव्र रूपमा ब्याक-च्यानल वार्ता भए पनि ठोस प्रगति हुन सकेको छैन । मध्यस्थकर्ताहरूले विवाद समाधानका लागि विभिन्न प्रस्ताव अघि सारे पनि दुवै पक्षले आफ्ना अडान नछाड्दा सहमति टाढिँदै गएको स्रोतहरूले जनाएका छन् ।

अमेरिकी अधिकारीहरूले स्पष्ट रूपमा इरानसँग प्रारम्भिक चरणमै वित्तीय रियायत नदिने अडान लिएका छन् । उनीहरूका अनुसार आणविक कार्यक्रम र क्षेत्रीय सुरक्षा विषयमा ठोस प्रगति नभएसम्म कुनै पनि कोष फुकुवा गर्न सकिँदैन । यद्यपि राष्ट्रपति ट्रम्पले इरानसँगको वार्ता सकारात्मक दिशामा अघि बढिरहेको दाबी गर्नुभएको छ । उहाँले सम्झौता अनिश्चित भए पनि संवाद जारी रहेको र केही विषयमा प्रगति हुन सक्ने सम्भावना रहेको बताउनुभएको छ ।

ह्वाइट हाउसमा बोल्दै उहाँले इरानसँगको छलफल 'धेरै राम्रो' भएको टिप्पणी गर्नुभएको थियो । साथै उहाँले कुनै पनि सम्झौता निश्चित नभएको उल्लेख गर्दै 'केही पनि हुन सक्छ' भन्ने धारणा राख्नुभएको छ ।

उहाँले इरानसँगको वार्ताबारे प्रतिक्रिया दिँदै परिस्थितिअनुसार सम्झौता छिट्टै हुन पनि सक्ने वा नहुन पनि सक्ने अवस्था रहेको जानकारी दिनुभयो । साथै उहाँले इरानसँग व्यवहार गर्दा परिस्थितिहरू अनपेक्षित रूपमा परिवर्तन हुन सक्ने बताउनुभयो । यसै क्रममा सामुद्रिक सुरक्षा विषयमा पनि छलफल भएको उल्लेख गर्दै ट्रम्पले हर्मुज जलमार्ग पुनः पूर्ण रूपमा सञ्चालनमा आउने विश्वास व्यक्त गर्नुभयो । उहाँले इरानसँगको समझदारीपछि रणनीतिक जलमार्ग छिट्टै खुल्ने दाबी गर्नुभयो ।

इरानको संवर्धित युरेनियम भण्डारबारे प्रतिक्रिया दिँदै उहाँले त्यसको व्यवस्थापनका लागि अमेरिका र चीनसँग मात्र आवश्यक क्षमता रहेको दाबी गर्नुभयो । उहाँले उक्त सामग्री सुरक्षित रूपमा नियन्त्रणमा लिन चाहेको स्पष्ट पार्नुभयो ।

यसैबीच अमेरिकी प्रतिनिधिसभाले इरानसँगको सैन्य कारबाही सीमित गर्ने उद्देश्यले डेमोक्रेट नेतृत्वको प्रस्ताव पारित गरेको छ । २१५-२०८ मतले पारित उक्त प्रस्तावले राष्ट्रपतिको सैन्य अधिकारलाई केही हदसम्म नियन्त्रण गर्ने उद्देश्य राखेको बताइएको छ ।

रिपब्लिकन सांसदहरू मध्ये केहीले पक्षमा मतदान गरेपछि उक्त प्रस्ताव पारित भएको हो । यसलाई ट्रम्प प्रशासनको मध्यपूर्व नीति र युद्ध व्यवस्थापनप्रति संसद्भित्र बढ्दो बहसको सङ्केतका रूपमा हेरिएको छ ।

विश्लेषकहरूका अनुसार यस घटनाक्रमले वासिङ्टन र तेहरानबीचको सम्बन्ध अझै जटिल र संवेदनशील अवस्थामा रहेको देखाएको छ, जहाँ कूटनीति र सम्भावित सैन्य तनाव दुवै समानान्तर रूपमा अगाडि बढिरहेका छन् । रासस

# नेपालको लगातार दोस्रो जित




**टुडे समाचारदाता**

काठमाण्डु । मलेसियालाई पराजित गर्दै नेपाली राष्ट्रिय क्रिकेट टोली समूह विजेताको रुपमा एसियाली खेलकुद (एसियाड) छनोटको सेमिफाइनलमा पुगेको छ ।

मलेसियामाथि १ सय ६८ रनको फराकिलो जित निकाल्दै नेपाली टोली समूह ए को विजेताको रुपमा सेमिफाइनलमा पुगेको छ । नेपालसँग हारका बाबजुद पनि मलेसियाले समूह उपविजेताको रुपमा अन्तिम चारमा स्थान पक्का गरेको छ ।

समूह चरणको आफ्नो पहिलो खेलमा चीनलाई हराएका नेपाल र मलेसियाले यसअघि नै एसियाड स्थान बनाइसकेका छन् ।

नेपालले दिएको २ सय ७६ रनको विशाल लक्ष्य पछ्याएको मलेसियाले निर्धारित ओभरमा ९ विकेटको क्षतिमा १ सय ८ रन मात्र बनाउन सकेको छ ।

मलेसियालाई कम स्कोरमा रोक्न शेर मल्लले ४ ओभरमा १४ खर्चेर ३ विकेट लिए। सोमपाल कामी, सन्दीप लामिछाने, करण केसी, दीपेन्द्र सिंह ऐरि र कुशल मल्लले समान एक विकेट लिए ।

मलेसियाका लागि कप्तान सयाद अजिजले सर्वाधिक ५४ रन बनाए । सरभिन मुनिएन्डीले १८ रन थपे । ओपनर मुहम्मद हजिक एमानले १३ रन बनाए। अन्य ब्याटरले दोहोरो अंकको स्कोर छुन सकेनन् ।

त्यसअघि सिंगापुर नेशनल क्रिकेट मैदानमा मलेसियाले टस जितेर फिल्डिङ रोजेपछि ब्याटिङ गरेको नेपाली टोलीले निर्धारित २० ओभरमा ७ विकेटको क्षतिमा २ सय ७५ रनको विशाल योगफल तयार पारेको थियो ।

नेपालका लागि ओपनर कुशल भुर्तेलले कीर्तिमानी प्रर्दशन गरे। मलेसियाविरुद्ध शतक प्रहार गरेका कुशल टि ट्वान्टी आई मा नेपालका लागि लगातार दोस्रो शतक हान्ने पहिलो खेलाडी बने । २५ बलमा अर्धशतक पूरा गरेका कुशलले ४४ बलमा शतक पूरा गरे । उनले ४४ बलमा १० चौका र ७ छक्का सहयोगमा शतक पूरा गरेका थिए ।

मलेसियाविरुद्ध ५४ बलमा १४ चौका र ८ छक्का सहयोगमा १ सय २६ रन बनाएका कुशल क्याच आउट हुन पुगे ।

आशिफ शेख ६८ रन बनाउँदै आउट भए । उनले २४ बलमा ५ चौका र ७ छक्का हाने । कप्तान दीपेन्द्र सिंह ऐरिले ११ बलमा १ चौका र ४ छक्का सहयोगमा ३१ रन बनाउँदा क्याच आउट हुन पुगे ।

सन्दीप जोराले १५, लोकेश बलमे १० रन थपे। कुशल मल्ल ९ र सोमपाल कामी १ रनमा अविजित रहे ।

मलेसियाका लागि विरनदिप सिंहले ३ विकेट लिएका थिए भने सयाद अजिज र विजय युन्नीले समान २ विकेट लिनसकेका थिए ।

# श्रीलंका केयर होम आगलागीः प्रबन्धक पक्राउ

रासस/एएफपी । श्रीलंकाको एक केयर होममा भएको भीषण आगलागीमा १२ जनाको ज्यान गएपछि घटनाको एक दिनपछि सो संस्थाका प्रबन्धकलाई प्रहरीले पक्राउ गरेको छ । घटनाले देशमा वृद्ध तथा आश्रितहरूको हेरचाह केन्द्रको सुरक्षा व्यवस्थाबारे गम्भीर प्रश्न उठाएको छ ।

अधिकारीहरूका अनुसार मौपिया सेवा एल्डर्स होममा भएको आगलागीपछि गरिएको खोज तथा उद्धार कार्यका क्रममा फरेन्सिक टोलीले भग्नावशेषबाट थप सात वटा जलेका शव फेला पारेका थिए । यससँगै मृत्यु हुनेको संख्या १२ पुगेको पुष्टि भएको छ । सो घटनामा अन्य छ जना घाइते भएका छन् ।


घटनापछि बिहीबार एएफपीका फोटोग्राफरले हतकडी लगाइएका केयर होमका प्रबन्धकलाई घटनास्थलमा ल्याइएको दृश्य देखिएको बताएका छन् । सो समयमा प्रहरीले बाँचेका व्यक्तिहरू र छिमेकीहरूसँग पनि बयान लिइरहेको थियो ।

उक्त केयर होममा वृद्ध बासिन्दाका साथै मानसिक स्वास्थ्य समस्या भएका युवाहरूलाई समेत राखिएको थियो । सुरक्षा तथा व्यवस्थापनको दायराबारे प्रश्न उठिरहेका बेला सबैभन्दा कान्छो मृतक १७ वर्षीय बालक रहेको प्रहरीले जनाएको छ ।

प्रहरी प्रवक्ता फ्रेडरिक वुटलरका अनुसार बुधबार उद्धार गरिएका ५१ जना बासिन्दा तथा कर्मचारीलाई नजिकैको सरकारी सुविधामा स्थानान्तरण गरिएको छ । उनीहरूको अस्थायी बसोबास र हेरचाहको व्यवस्था मिलाइएको जनाइएको छ ।

आगलागीको कारण अझै स्पष्ट हुन सकेको छैन । अधिकारीहरूले घटनाबारे विस्तृत अनुसन्धान जारी राखिएको जनाउँदै आगलागीका सम्भावित कारणहरूबारे विभिन्न कोणबाट अध्ययन भइरहेको बताएका छन् । घटनाले श्रीलंकामा सामाजिक हेरचाह केन्द्रहरूको सुरक्षा मापदण्डबारे थप चासो र बहस सुरु गराएको छ । रासस

# नाइजेरियामा विद्यार्थी अपहरण



रासस/एएफपी । उत्तर-पश्चिमी नाइजेरियामा सशस्त्र आपराधिक गिरोहद्वारा सात जना विद्यार्थी अपहरणमा परेका छन् । प्रहरीका अनुसार घटनापछि एक विद्यार्थी भाग्न सफल भएका छन् भने अन्यको खोजी कार्य जारी छ ।

स्थानीय सुरक्षा निकाय र समुदायका बासिन्दाले 'डकैत' भनेर चिनिने यस्ता सशस्त्र समूहहरू दुर्गम गाउँहरूमा छापा मार्ने, घरहरू लुट्ने, सम्पत्ति नष्ट गर्ने र फिरौतीका लागि मानिसहरू अपहरण गर्ने गतिविधिमा संलग्न रहेको बताउँदै आएका छन् । यस्ता घटनाहरू विशेषगरी उत्तरपश्चिम र मध्य नाइजेरियाका क्षेत्रमा बारम्बार दोहोरिँदै आएका छन् ।

जामफारा राज्य प्रहरीका प्रवक्ता याजिद अबुबकरका अनुसार मङ्गलबार राति कौर नमोदा प्रशासनिक क्षेत्रको बाहिरी भागमा रहेको फेडरल पोलिटेक्निक नजिकको विद्यार्थी आवासमा आक्रमणकारीहरूले हमला गरेका थिए । त्यस क्रममा सुरक्षा निकाय घटनास्थलतर्फ परिचालित भए पनि आक्रमणकारीहरूले सात जना विद्यार्थीलाई अपहरण गरी अज्ञात स्थानतर्फ लगेको उनले जानकारी दिनुभयो ।

प्रहरीका अनुसार अपहरणमा परेका विद्यार्थीमध्ये एक जना भाग्न सफल भई सुरक्षित अवस्थामा फेला परेका छन् । अन्य विद्यार्थीहरूको अवस्था पत्ता लगाउन खोजी तथा उद्धार अभियान जारी रहेको सुरक्षा निकायले जनाएको छ ।

यस घटनाले नाइजेरियामा विद्यालय सुरक्षाबारे गहिरिँदो चिन्ता पुनः सतहमा ल्याएको छ । पछिल्ला दिनहरूमा देशका प्रमुख सहरहरूमा सयौँ शिक्षकहरूले सशस्त्र समूहद्वारा विद्यालयलाई लक्षित गरी भइरहेका अपहरण र आक्रमणविरुद्ध विरोध प्रदर्शनसमेत गरेका छन् ।

गत महिनामात्रै दक्षिणपश्चिमी ओयो राज्यमा तीनवटा विद्यालयका कम्तीमा ४६ जना विद्यार्थी तथा कर्मचारी अपहरणमा परेका थिए । सोही दिन उत्तरपूर्वी बोर्नो राज्यमा पनि दुई वर्षका साना विद्यार्थीसहित कम्तीमा ४२ जना अपहरणमा परेका थिए ।

त्यसैगरी सन् २०२५ को अन्तिम त्रैमासिकमा पनि विद्यालय अपहरणका शृ‍ंखलाबद्ध घटनाहरू भएका थिए । नोभेम्बरमा केब्बी राज्यमा करिब २४ जना छात्रा अपहरणमा परेका थिए भने सोही महिनामा नाइजर राज्यमा करिब ३०० विद्यार्थी तथा धेरै शिक्षकलाई सशस्त्र समूहले नियन्त्रणमा लिएको घटनाले अन्तर्राष्ट्रिय तहमा पनि नाइजेरियाको सुरक्षा अवस्थाबारे चिन्ता बढाएको थियो ।

नाइजेरियाका विभिन्न भागमा बढ्दै गएको यस्ता अपहरण घटनाले विशेषगरी विद्यालय र ग्रामीण क्षेत्रहरूमा बसोबास गर्ने नागरिकको सुरक्षा अवस्थालाई थप चुनौतीपूर्ण बनाएको सुरक्षा विश्लेषकहरूले बताएका छन् । रासस

# गौतमबुद्ध क्रिकेट रंगशालाको काम पुनः शुरु


चितवन । रोकिएको गौतमबुद्ध क्रिकेट रंगशालाको काम पुनः शुरु भएको छ ।

बागमती प्रदेश सरकारबाट बजेट निकासामा ढिलाइ भएकाले यसअघि भुक्तानी नपाएको भन्दै निर्माण कम्पनीले एक महिना निर्माण कार्य रोकेको थियो ।

बागमती प्रदेश सरकारबाट रु नौ करोड निकासा भएपछि निर्माण कार्य पुनः सञ्चालन भएको भरतपुर महानगरपालिकाका इञ्जिनियर आदर्श पोखरेलले जानकारी दिनुभयो ।

महानगरपालिकाका डिभिजन इञ्जिनियर सन्तोष आचार्यले निर्माण कम्पनीलाई बिल अनुसारको भुक्तानी भइसकेको बताउनुभयो । रङ्गशालाको निर्माणको काम हिमालयन कालिञ्चोक बिबिआर जेभीले गर्दै छ ।

ठेक्का सम्झौताको म्याद आगामी पुस २२ गते



सकिन्छ । हाल ५५ प्रतिशत काम पूरा भएको छ । विसं २०८१ असारमा भरतपुर महानगरपालिका र निर्माण कम्पनीबीच २०८३ पुस २२ गते काम सक्ने गरी कूल रु ७५ करोड ५० लाख ९१ हजार १८९ मा सम्झौता भएको थियो ।

धुर्मस-सुन्तली फाण्डेशनले काम गर्न नसकेपछि महानगरपालिकाले बोलपत्रमार्फत काम थालेको हो । रासस

# युरोपलाई रूसी तेल र ग्यास जरूरीः क्रेमलिन

रासस/एएफपी । उर्जा संकटबाट यूरोप बच्नका लागि यूरोपमा रूसी तेल आपूर्ति अनिवार्य रहेको रूसी प्रशासनिक केन्द्र क्रेमलिनले दावी गरेको छ ।

क्रेमलिनका अर्थविद् किरिल दिमित्रिभले बिहीबार एएफपीसँग भन्नुभयो, "मध्यपूर्वमा युद्धका कारण उत्पन्न ऊर्जा सङ्कटको प्रभाव यूरोपमा पनि परेको र यसको समाधानका लागि युरोपलाई रूसी तेल र ग्यासको प्रवाह गर्नु हुनेछ ।"

युक्रेनमा युद्ध सुरु भएदेखि नै पश्चिमी राष्ट्रहरू (यूरोपेली मुलुकहरू) ले रुसी ऊर्जाको विकल्पमा इन्धनको व्यवस्थापन गर्ने बाटो अवलम्बन गर्दै रूसमाथि आर्थिक प्रतिबन्धको घोषणा गरेका थिए ।

युरोपेली देशहरूले प्रतिवन्धको घोषणाबीच पनि रूसी ग्यास (विशेष गरी खाना पकाउने ग्यास) खरीदलाई भने अघोषित रूपमा निरन्तरता दिँदै आएका छन् ।

इरानविरुद्ध अमेरिका-इजरायल युद्ध र तेहरानको स्ट्रेट अफ हर्मुजको बन्दका कारण बढेको मूल्यले संयुक्त राज्य अमेरिका र बेलायत लगायतका केही देशहरूलाई रूसी तेलमा




केही प्रतिबन्धहरू खुकुलो पार्न प्रेरित गरेको छ ।

आर्थिक दूत दिमित्रिभले सेन्ट पिटर्सबर्ग अन्तर्राष्ट्रिय आर्थिक मञ्च (एसपिआईइएफ) को एक समारोहका क्रममा एएफपीसँग कुरा गर्दै भन्नुभयो, "मध्यपूर्वको अस्थिरताका कारण विश्व गम्भीर ऊर्जा संकटको सङ्घारमा छ ।"

उहाँले भन्नुभयो, "युरोपले यो सङ्कटबाट पार पाउनका लागि रुससँगको साझेदारीको विकल्प रोज्नुपर्छ र रुसबाट तेल र ग्यास दुवैको प्रवाह पुनर्स्थापित गर्न आवश्यक छ ।

विश्लेषकहरू भन्छन्, "इयूले सन् २०२२ पछिको कुनै पनि अवधिको तुलनामा सन् २०२६ को पहिलो त्रैमासिकमा बढी रूसी तरलीकृत प्राकृतिक ग्यास (एलएनजी) आयात गरेको पाइएको छ। यूरोपेली समूहको लागि रूस दोस्रो ठूलो आपूर्तिकर्ता हो ।"

युरोपले विशेष गरी युक्रेनमा रूसी आक्रमणको विरोधमा अर्को वर्षदेखि रुसी ग्यासको आयातमा प्रतिबन्ध लगाउने योजना बनाएको छ र विद्यमान प्रतिबन्धहरू खुकुलो पार्ने कुरालाई अस्वीकार गरेको छ ।

युरोपेली सङ्घका शीर्ष कूटनीतिज्ञ काजा कल्लासले मस्कोमाथि थप दबाब दिन आग्रह गर्नुभएको छ ।

उहाँले बुधबार ब्रसेल्समा एएफपीसँग भन्नुभयो, "हामीले युद्ध अन्त्यका लागि अहिलेसम्म वास्तवमै वार्ता गर्न रूसी पक्ष इच्छुक रहेको देखेका छैनौं ।"

यद्यपि, रुसले संकटको बीचमा प्रतिबन्धहरू खुकुलो पार्ने वा बेवास्ता गर्ने अवसर महसुस गरेको छ ।

मध्यपूर्वमा युद्धको सुरुवातमा रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले यदि युरोपेली देशहरूले मस्कोसँग 'स्थायी र स्थिर सहयोग' गर्ने प्रतिबद्धता व्यक्त गरे भने उनी तेल र ग्यास आपूर्ति गर्न तयार रहेको बताउनुभएको थियो ।

रूसले सन् २०२२ देखि चीन र भारतमा आफ्नो ऊर्जा बिक्री बढाएको छ । उसले प्रायः विश्वव्यापी रूपमा इन्धनलाई छुटमा बिक्री गर्दछ ।

# हेजबुल्लाहले आक्रमण गरेमा लेबनानमा आक्रमण जारी रहने इजरायको घोषणा

रासस/एएफपी । इजरायलका रक्षा मन्त्री इजरायल काट्जले लेबनानसँगको युद्ध-विरामको बावजुत हेजबुल्लाहले इजरायल तथा इजरायली समुदाय माथि आक्रमण गरेमा लेबनानको सेनालाई बेरुतमा आक्रमण गर्ने "स्वतन्त्रता" प्रदान गरेको र दक्षिणी लेबनानमा अपरेसन जारी रहने बताउनु भएको छ ।

काट्जले विज्ञप्ति जारी गर्दै आईडीएफले आफ्नो अपरेसनहरू जारी राख्ने बताउनु भएको छ भने युद्ध-विराम सम्झौताको प्रशंसा गर्नु भएको छ ।

इजरायली सेनाले इजरायली समुदाय र इजरायली क्षेत्रमा गोली हानाहानको प्रतिक्रियामा बेरुतमा आक्रमण गर्न अमेरिकी समर्थनका साथ स्वतन्त्रता कायम राखेको उहाँले बताउनु भएको छ ।

गत अप्रिल -१७ मा प्रारम्भिक युद्ध-विराम लागु भए देखि इजरायलले आफ्नो उत्तरी सीमाबाट केहि टाढा लेबनानको क्षेत्र भित्रको क्षेत्रमा पनि संकेत रेखा स्थापना गरेको जनाइएको छ ।

काट्जले वासिङ्टनको



मध्यस्थतामा भएको पछिल्लो युद्ध-विराम सम्झौताले लेबनानमा हेजबुल्लाहलाई निशस्त्र बनाउन आह्वान गरेको बताउनु भएको छ ।

युद्ध-विरामले "लिटानी नदीको दक्षिणको सम्पूर्ण क्षेत्रबाट हेजबुल्लाहलाई हटाउने र त्यस क्षेत्रलाई एक सैन्य मुक्ति क्षेत्रका रुपमा सिर्जना गर्ने शर्त राखेको उहाँले उल्लेख गर्नु भएको छ ।

इजरायली सेनाको अरबी भाषाका प्रवक्ता, कर्नल अविचे अद्राईले दक्षिणी लेबनानका बासिन्दाहरूलाई अर्को सूचना नआउन्जेल जह्रानी नदीको दक्षिण तिरको क्षेत्रमा नजान चेतावनी दिनु भएको छ ।

इजरायली रक्षा बलले हेजबुल्लाह सुविधाहरू र उनीहरुका सैन्य पूर्वाधारहरू लाई लक्षित गरी आक्रमण तथा अप्रसन गरिरहेको उल्लेख गर्दै दक्षिणी लेबनानमा लडाइँ जारी रहेको उहाँले सामाजिक सञ्जाल एक्स मार्फत बताउनु भएको छ ।

गत हप्ता, इजरायली सेनाले लेबनानको जह्रानी नदीको दक्षिणका सबै क्षेत्र तथा सीमाबाट करिब ४० किलोमिटर टाढा तथा टायर र नबातीह सहरहरू सहितका क्षेत्रहरुलाई "युद्ध क्षेत्र" घोषित गर्दै बासिन्दाहरूलाई उक्त स्थान छिटै खाली गर्न आह्वान गरेको थियो । रासस

## लेबनानमा युद्धपूर्वको अवस्था सुनिश्चित हुनुपर्छः इरान

रासस/एएफपी । सम्झौताका लागि लेबनानमा युद्धपूर्वको अवस्था सुनिश्चित हुनुपर्ने इरानले अघि सारेको एक प्रमुख शर्त रहेको तेहरानले जनाएको छ ।

इजरायलले लेबनानमा आफ्नो वर्तमान नियन्त्रण रेखाबाट पछि हट्नुपर्ने इरानको 'इस्लामिक रिभोलुसनरी गार्डस्' को विदेशी शाखा कुद्स फोर्सका प्रमुखले बिहीबार बताउनुभएको हो ।

इजरायलले लेबनानमा तेहरानको सहयोगी हेजबुल्लाहविरूद्ध हवाइ कारबाही चलाइरहेको छ भने इरानमा अमेरिका-इजरायलको संयुक्त हवाई आक्रमण भएदेखि नै हेजबुल्लाह समूहले इरानको समर्थनमा इजरायलमाथि पटक पटक आक्रमण गर्दै आएको छ ।

"लेबनानमा प्रतिरोधलाई समर्थन गर्नु हामी सबैको कर्तव्य हो र यस क्षेत्रबाट इजरायललाई हटाउनु मुसलमानहरूको लागि एक साध्य लक्ष्य हो," रिभोलुसनरी गार्डस् 'को विदेशी शाखाका प्रमुख इस्माइल कानीले इरानी सामाजिक सञ्जालमा गरेको एक पोस्टमा भन्नुभयो ।

"प्रतिरोधको न्यूनतम माग भनेको इरानमा ४० दिने युद्ध सुरु हुनुभन्दा पहिले लेबनानमा रहेको स्थितिमा इजरायललाई फर्कन सहमत गराउनु हो ।

# ‘लुपर’ किराको प्रकोपले झापाको चिया क्षेत्र सङ्कटमा, उत्पादनदेखि निर्यातसम्म असर पर्ने चिन्ता

सुरुंगा । प्रमुख नगदेबाली तथा निर्यातमुखी कृषि उत्पादन चियामा ‘लुपर’ नामक पात खाने किराको प्रकोप देखिएपछि चिया क्षेत्र पुनःसङ्कटमा परेको छ । गत वर्षदेखि देखिन थालेको यो किराको सङ्क्रमण यस वर्ष झनै व्यापक भएपछि किसान, बगान सञ्चालक र उद्योगी चिन्तित भएका छन् ।

विशेषगरी, हल्दीबारी गाउँपालिका, भद्रपुर नगरपालिका तथा आसपासका चिया उत्पादन क्षेत्रका बगानमा लुपर किराको सङ्क्रमण तीव्र रूपमा फैलिएको छ । किराले चियाका कोमल तथा हरिया पात मात्र नभई बोटको वृद्धि प्रणालीमै असर पुर्‍याउन थालेपछि उत्पादनमा ठूलो गिरावट आउने अनुमान गरिएको छ ।

चिया व्यवसायीहरूका अनुसार यस वर्ष झापाका धेरै बगानमा ५० प्रतिशतभन्दा बढी क्षति पुगेको हुनसक्ने प्रारम्भिक आकलन गरिएको छ । समयमै नियन्त्रण गर्न नसकिए चिया उद्योगको उत्पादन चक्र नै प्रभावित हुने अवस्था देखिएको कृषि ज्ञान केन्द्र झापाका प्रमुख सागर विष्टले बताउनुभयो ।

भद्रपुर-७ का चिया व्यवसायी शुक्र ढकालका अनुसार किसानबाट पर्याप्त मात्रामा हरियो पत्ती प्राप्त हुन नसकेपछि केही चिया प्रशोधन उद्योगले उत्पादन घटाएका छन् भने कतिपय उद्योग बन्द हुने अवस्थासम्म पुगेका छन् । उहाँका अनुसार किसान यस वर्षको पहिलो टिपाइदेखि नै राम्रो उत्पादनको आशामा थिए । पर्याप्त वर्षा भएका कारण उत्पादन बढ्ने र आम्दानीमा सुधार आउने अपेक्षा गरिएको थियो । तर, दोस्रो टिपाइ सुरु भएसँगै लुपर किराको प्रकोप व्यापक रूपमा फैलिँदा आशा निराशामा परिणत भएको छ ।

नेपालमा उत्पादन हुने कुल चियामध्ये सबैभन्दा ठूलो हिस्सा झापाबाट उत्पादन हुन्छ । झापालाई नेपाली चियाको राजधानीका रूपमा चिनिन्छ । जिल्लाका बिर्तामोड, अर्जुनधारा, हल्दीबारी, भद्रपुर, कचनकबल, बाह्रदसी, बुद्धशान्ति, मेचीनगरलगायत क्षेत्रमा हजारौं हेक्टर जमिनमा चियाखेती भइरहेको छ ।

झापामा ठूला बगानसँगै ससाना किसान पनि चियाखेतीमा आबद्ध छन् । साना किसानले उत्पादन गरेको हरियो पत्ती स्थानीय प्रशोधन उद्योगमा बिक्री गरेर जीविकोपार्जन गर्दै आएका छन् । जिल्लामा दर्जनौं चिया प्रशोधन उद्योग सञ्चालनमा छन् ।



चियाखेतीले प्रत्यक्ष र अप्रत्यक्ष रूपमा हजारौं श्रमिक, किसान तथा व्यवसायीको जीविकोपार्जन धानेको छ। विशेषगरी महिलाको रोजगारीको महत्त्वपूर्ण आधार चिया क्षेत्र नै हो ।

कृषि प्राविधिकहरूका अनुसार लुपर किराले चियाका कोमल पात खाएर बोटको प्रकाश संश्लेषण प्रक्रिया कमजोर बनाउँछ । पातमा रहेको हरितकण नष्ट हुँदा बोटको वृद्धि रोकिन्छ र दीर्घकालीन रूपमा बोट नै सुक्ने जोखिम बढ्छ ।

सामान्य अवस्थामा असार र साउन महिना हरियो पत्ती उत्पादनका दृष्टिले सबैभन्दा महत्त्वपूर्ण मानिन्छ। यही अवधिमा वार्षिक उत्पादनको ठूलो हिस्सा सङ्कलन हुने गर्दछ । तर यस वर्ष वैशाख-जेठदेखि नै सक्रिय भएको लुपर किराले उत्पादनको आधारभूत संरचनामै क्षति पुर्‍याएको किसानको गुनासो छ ।

गत वर्ष करिब ३० प्रतिशत क्षति पुर्‍याएको यो किराले यस वर्ष आधाभन्दा बढी बगान प्रभावित बनाएको अनुमान गरिएको छ । उत्पादन घटेसँगै किसानको आम्दानीमा प्रत्यक्ष असर परेको छ भने उद्योगको कच्चापदार्थ आपूर्तिमासमेत समस्या देखिएको छ।

नेपालमा उत्पादित अर्थोडक्स चिया विश्वबजारमा गुणस्तरीय चियाका रूपमा चिनिन्छ । नेपाली चिया भारत, जर्मनी, अमेरिका, जापान, चीन, बेलायत, फ्रान्स, नेदरल्यान्ड्सलगायत मुलुकमा निर्यात हुँदै आएको छ। तर पछिल्ला वर्षमा निर्यात प्रक्रियामा देखिएका अवरोध, अन्तरराष्ट्रिय बजारको प्रतिस्पर्धा, उत्पादन लागतमा वृद्धि, रासायनिक मलको अभाव तथा रोगकिराको समस्या चिया क्षेत्रका मुख्य चुनौतीका रूपमा देखिएका छन् ।

उद्योगीका अनुसार उत्पादन घट्दै जाँदा निर्यात बजारमा नेपाली चियाको आपूर्ति निरन्तरता कायम राख्न कठिन हुने अवस्था सिर्जना हुन सक्छ । अन्तरराष्ट्रिय बजारमा एकपटक आपूर्ति कमजोर भए प्रतिस्पर्धी मुलुकले बजार ओगट्ने जोखिम रहने उनीहरूको भनाइ छ।

झापाका सयौं परिवारको आर्थिक जीवन चियामै निर्भर छ। साना किसानले दैनिक टिपेको हरियो पत्ती बिक्री गरेर घरखर्च चलाउने गरेका छन् । उत्पादन घट्दा उनीहरूको आम्दानीमा सिधा असर परेको छ। चिया उद्योगमा कार्यरत श्रमिकको रोजगारीसमेत प्रभावित हुने चिन्ता बढेको छ । उत्पादन घट्दै गए उद्योगले कामदार सङ्ख्या कटौती गर्नुपर्ने अवस्था आउनसक्ने उद्योगीको भनाइ छ। किसानका अनुसार लगातार दुई वर्ष रोगकिराको प्रकोप दोहोरिँदा चिया खेतीप्रतिको आकर्षण घट्न थालेको छ। उत्पादन लागत बढ्दै जाँदा आम्दानी भने घटिरहेको उनीहरूको गुनासो छ।

**चिया निर्यात प्रभावित**

नेपाली चियाको प्रमुख बजार भारततर्फको निर्यात पुनः प्रभावित भएको छ । भारतीय पक्षले गुणस्तर परीक्षण प्रक्रियामा कडाइ गरेपछि एक सातायता चिया निकासी प्रभावित भएको हो ।

भारतको चिया बोर्डले नेपालबाट निर्यात हुने चियामा अनिवार्य प्रयोगशाला परीक्षणको व्यवस्था लागू गरेपछि गत वैशाख १८ गतेदेखि करिब २१ दिनसम्म चिया निकासी अवरुद्ध भएको थियो । पछि भारतीय पक्षले प्रत्येक खेपको परीक्षण नगरी नमुनाका आधारमा मात्रै परीक्षण गर्ने व्यवस्था लागू गरेपछि निर्यात पुनः सुरु भएको थियो । तर अहिले भारतीय आयातकर्ताका गोदाममा पुगेका नेपाली चियाका प्रत्येक बोराबाट नमुना सङ्कलन गरी प्रयोगशाला परीक्षणका लागि पठाउने र प्रतिवेदन नआएसम्म बिक्रीवितरण नगर्न निर्देशन दिइएपछि व्यवसायीहरू पुनः समस्यामा परेका छन् ।

नेपाल चिया उत्पादक सङ्घका अध्यक्ष आदित्य पराजुलीले सीमावर्ती भन्सार नाकामा समस्या नरहे पनि भारतभित्र प्रवेश गरिसकेपछि चिया रोकिएको बताउनुभयो । उहाँका अनुसार कोलकातास्थित आयातकर्ताका गोदाममा पुगेका नेपाली चियाका धेरै खेप परीक्षण प्रक्रियाका कारण रोकिएका छन् ।

“आयातकर्ताको गोदाममा पुगेपछि प्रत्येक बोराबाट नमुना सङ्कलन गरेर प्रयोगशालामा पठाउने गरिएको छ । प्रतिवेदन नआएसम्म बिक्री गर्न नपाइने व्यवस्था भएपछि व्यवसायीहरूले नयाँ निकासी प्रक्रिया अघि बढाउन सकेका छैनन्”, उहाँले भन्नुभयो । उहाँका अनुसार हाल कोलकातामा करिब ५० हजार किलोग्राम नेपाली चिया रोकिएको छ । केही ट्रकको परीक्षण प्रतिवेदन प्राप्त भए पनि अधिकांश खेपको प्रतिवेदन आउन बाँकी रहेको उहाँले जानकारी दिनुभयो ।

यसअघि भारतीय चिया बोर्डले आयातकर्तालाई चिया भारत पुग्नुअघि नै सम्बन्धित पोर्टलमा विस्तृत विवरण दर्ता गर्नुपर्ने व्यवस्था लागू गरेको थियो । चिया आउने मिति, गोदामको स्थान, कन्टेनर विवरण तथा ‘प्रोफर्मा इनभ्वाइस’ पेस गरेपछि मात्र अस्थायी स्वीकृति पत्र प्राप्त हुने प्रावधानले पनि नेपाली निर्यातकर्तालाई थप झन्झट व्यहोर्नुपरेको थियो ।

सरकारी तथ्याङ्कअनुसार नेपालमा वार्षिक करिब दुई करोड ६० लाख किलोग्राम चिया उत्पादन हुन्छ। उत्पादनमध्ये अधिकांश अर्थोडक्स चिया निर्यात हुने गरेको छ । नेपाली चियाको निर्यातमध्ये ८० देखि ९० प्रतिशत हिस्सा भारतीय बजारमा निर्भर रहेकाले त्यहाँको नीतिगत परिवर्तनले नेपाली किसान, उद्योगी र निर्यात व्यवसायीलाई प्रत्यक्ष असर गर्ने गरेको छ। रासस

## ‘मेरोकित्ता’ मोबाइल एप सार्वजनिक, जग्गासम्बन्धी सेवा अब घरमै बसेर लिन सकिने

काठमाण्डु । भूमि व्यवस्था, सहकारी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको नापी विभागले ‘मेरोकित्ता’ मोबाइल एप सार्वजनिक गरेको छ । सामान्य प्रशासनमन्त्री प्रतिभा रावलको उपस्थितिमा आज उक्त एप सार्वजनिक गरिएको हो । एपमार्फत नागरिकले जग्गासम्बन्धी सेवा घरमै बसेर प्राप्त गर्नसक्ने भएका छन् । नापी विभागका अनुसार ‘ एप एन्ड्रोइड’ र ‘आइओएस’ दुवै ‘प्लेटफर्म’मा उपलब्ध रहेको छ भने ‘प्ले स्टोर’ र ‘एप स्टोर’बाट डाउनलोड गर्न सकिने व्यवस्था मिलाइएको छ ।

एपमार्फत नक्सा प्रिन्ट, फिल्डबुक उतार, प्लट रजिस्टर उतार तथा फिल्ड रेखाङ्कनका लागि अनलाइन आवेदन दिन सकिनेछ । आवेदन दर्तापछि प्रणालीबाट ‘ओटिपी’ उपलब्ध हुने र सेवाग्राहीले मोबाइल नम्बर तथा ओटिपी प्रयोग गरी आफ्नो आवेदनको अवस्था नियमित रूपमा हेर्न सक्नेछन् ।

यस्तै, ई-सेवा, खल्ती र कनेक्ट आइपिएसमार्फत राजस्व तिर्न सकिने सुविधा पनि एपमा समावेश गरिएको छ । फिल्ड रेखाङ्कन सेवाका लागि आवश्यक राजस्व अनलाइनबाटै भुक्तानी गर्न सकिने विभागले जनाएको छ । एपमार्फत सम्बन्धित नापी कार्यालयका कार्यालय प्रमुख तथा सूचना अधिकारीको सम्पर्क नम्बरसमेत प्राप्त गर्न सकिने व्यवस्था गरिएको छ । ‘मेरोकित्ता सेवा मोबाइल एपसँगै वेब संस्करणमा पनि उपलब्ध रहेको विभागले जनाएको छ ।रासस

## झापामा हुरी र वर्षाले केराखेती नष्ट

सुरुंगा । गतहप्ता आएको हुरी वर्षाले झापाका विभिन्न स्थानमा गरिएको केराखेती नष्ट भएको छ झापामा यसवर्ष एक हजार ९१८ हेक्टर क्षेत्रफलमा केराखेती गरिएको थियो । हावा र वर्षाका कारण दुई करोड १२ लाख ८६ हजार २९२ बराबर क्षति पुगेको प्रारम्भिक अनुमान छ । २९.९७ हेक्टर क्षेत्रफलमा लगाइएको केराखेती पूर्णरूपमा २०.१ मेट्रिकटन उत्पादनमा क्षति पुगेको छ ।

सबैभन्दा बढी क्षति बाह्रदशी गाउँपालिका-७ को बत्तीसबिघे क्षेत्रमा भएको देखिएको छ। उक्त क्षेत्रमा २५.५ हेक्टर क्षेत्रफलमा लगाइएको केराखेती प्रभावित भएको छ भने ५१२.५५ मेट्रिकटन उत्पादनमा क्षति पुगेको प्रारम्भिक अनुमान छ ।

कनकाई नगरपालिका-५



नष्ट भएको कृषि ज्ञान केन्द्रले जनाएको छ ।

झापा गाउँपालिका, बाह्रदशी गाउँपालिका र कनकाई नगरपालिकामा लगाइएको केराखेतीमा हुरी र वर्षाका कारण क्षति पुग्न गएको कृषि ज्ञान केन्द्र झापाका प्रमुख सागर विष्टले जानकारी दिनुभयो ।

यहाँ झापा गाउँपालिका-३ र ६, बाह्रदशी गाउँपालिका-७ को बत्तीसबिघे क्षेत्र तथा कनकाइ नगरपालिका-५ मा व्यावसायिक केराखेती गरिँदै आएको छ ।

कृषि ज्ञान केन्द्रका अनुसार प्रभावित क्षेत्रमध्ये २९.९७ हेक्टर क्षेत्रफलमा लगाइएको केराखेती पूर्णरूपमा नष्ट भएको छ । हुरीले केराका बोट ढालेपछि उत्पादनका लागि तयार भइसकेका बोटसमेत नष्ट हुँदा किसानले ठूलो आर्थिक क्षति व्यहोर्नुपरेको छ ।

विष्टका अनुसार झापा गाउँपालिका-३ मा एक हेक्टर क्षेत्रफलमा गरिएको केराखेती पूर्णरूपमा नष्ट भएको छ । त्यहाँ मा दुई हेक्टर क्षेत्रफलमा गरिएको केराखेतीमा हुरीले क्षति पुर्‍याएको छ । त्यस क्षेत्रबाट उत्पादन हुने ४०.२ मेट्रिक टन केरा नष्ट भएको कृषि ज्ञान केन्द्रको तथ्याङ्कमा उल्लेख छ ।

झापा गाउँपालिका-३ मा कृषक चन्द्र बस्नेत र पूजा खनालले १२ बिघा क्षेत्रफलमा लगाएको व्यावसायिक केराखेतीमा मात्रै करिब ६० लाख रुपैयाँ बराबरको क्षति भएको अनुमान छ ।

केराखेतीमा भएको क्षतिले किसानहरू थप समस्यामा परेका छन् । अधिकांश किसानले बाली बीमा नगरेकाले क्षतिपूर्ति पाउने सम्भावना न्यून रहेको कृषि ज्ञान केन्द्रको भनाइ छ ।

आर्थिक वर्ष २०८२/८३ मा झापामा एक हजार ९१० हेक्टर क्षेत्रफलमा केराखेती गरिएको थियो । उक्त क्षेत्रबाट तीन लाख ८८ हजार ३१०.२ मेट्रिक टन केरा उत्पादन भएको थियो । रासस


## कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८३/०२/२२ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस ज्योति विकास बैंक लिमिटेडको तपसिलमा उल्लेखित शाखा कार्यालयहरुबाट तपसिलमा उल्लेखित ऋणीहरुले लिनु भएको ऋण कर्जाको समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि तिर्न बुझाउनको लागि पटक पटक फोन मार्फत, मौखिक एवं लिखित रुपमा अनुरोध गरी तरताकेता गर्दा समेत बैंकको अनुरोधलाई बेवास्ता गरी कर्जा भुक्तानी नगर्नु भएकोले कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकमा सम्पर्क राखी कर्जा सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन, कानून एवं यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम विक्री वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षहरुलाई कर्जा सूचना केन्द्रको कालोसूचिमा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, प्रचलित ऐन कानून अनुसार ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र कर्जा चुक्ता गर्न गराउनु हुन ऋणी तथा सम्बन्धित पक्ष सबैलाई यसै सूचनाद्वारा अनुरोध गरिन्छ ।

**तपसिल**

| क्र.सं. | शाखा कार्यालय : रुपनी, सप्तरी | |
|---|---|---|
| | **ऋणीको नाम, ठेगाना** | **जमानतकर्ताको विवरण** |
| १. | **नाम : शिव नारायण साह तेली**<br>ना.प्र.नं. २५८२, जि.प्र.का. सप्तरी<br>जारी मिति : २०४६/११/०४<br>बाबुको नाम : राम चरण साह तेली<br>बाजेको नाम : नथुनी साह<br>ठेगाना : सप्तरी जिल्ला, इनर्वा फुलवरिया गा.वि.स वडा नं. २<br>हाल : सप्तरी जिल्ला, खडक न.पा. वडा नं. १० | **नाम : अमृत कुमारी श्रेष्ठ**<br>ना.प्र.नं. २४८७/१३३८, जि.प्र.का. खोटाङ<br>जारी मिति : २०५४/११/१८<br>पतिको नाम : शिव नारायण साह तेली<br>ससुराको नाम : राम चरण साह तेली<br>ठेगाना : खोटाङ जिल्ला, खामी गा.वि.स. वडा नं. ७<br>हाल : सप्तरी जिल्ला, खडक न.पा. वडा नं. १० |
| | **ऋणीको नाम, ठेगाना** | |
| २. | **नाम : पंकज कुमार यादव**<br>ना.प्र.नं. १६-०१-७२-०२४५६, जि.प्र.का. सप्तरी, जारी मिति : २०७२/०३/१६<br>बाबुको नाम : छोटे लाल यादव, बाजेको नाम : मोती लाल यादव<br>ठेगाना : सप्तरी जिल्ला, रायपुर गा.वि.स. वडा नं. ८, हाल : सप्तरी जिल्ला, रुपनी ग.पा. वडा नं. १ | |
| | **जमानतकर्ताको विवरण** | |
| | **१. नाम : छोटेलाल यादव**<br>ना.प्र.नं. ७९०३३७३५, जि.प्र.का. सप्तरी<br>जारी मिति : २०४३/११/०६<br>बाबुको नाम : मोती लाल यादव<br>बाजेको नाम : शंकर यादव<br>ठेगाना : सप्तरी जिल्ला, रायपुर गा.वि.स. वडा नं. ८<br>हाल : सप्तरी जिल्ला, रुपनी ग.पा. वडा नं. १ | **२. नाम : अर्विन्द्र कुमार यादव**<br>ना.प्र.नं. १६१०६१/२२२, जि.प्र.का. सप्तरी<br>जारी मिति : २०६७/०४/२६<br>बाबुको नाम : छोटे लाल यादव<br>बाजेको नाम : मोती लाल यादव<br>ठेगाना : सप्तरी जिल्ला, रायपुर गा.वि.स. वडा नं. ८<br>हाल : सप्तरी जिल्ला, रुपनी ग.पा. वडा नं. १ |
| | **धितोको विवरण** | |
| | छोटेलाल यादवको नाममा मालपोत कार्यालय सप्तरी राजविराजमा दर्ता श्रेष्ता कायम रहेको सप्तरी जिल्ला, नकटीरायपुर गा.वि.स. वडा नं. ८ ख स्थित कित्ता नं. १२२१ र १२२३ को क्षेत्रफल क्रमशः ०-०-१४-० र ०-१-१६-० (बिगाहा), नकटीरायपुर गा.वि.स. वडा नं. ६ क स्थित कित्ता नं. २०२ को क्षेत्रफल ०-९-१०-० (बिगाहा) र नकटीरायपुर गा.वि.स. वडा नं. ८ ग स्थित कित्ता नं. ५८६ र ६४४ को क्षेत्रफल क्रमशः ०-२-१६-० र ०-१-१०-० (बिगाहा) भएको घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । | |
| | **ऋणीको नाम, ठेगाना** | |
| ३. | **नाम : श्रवण कुमार मण्डल**<br>ना.प्र.नं. १६३०८३/१६८, जि.प्र.का. सप्तरी, जारी मिति : २०६३/१२/१२<br>बाबुको नाम : सत्य ना. मण्डल, बाजेको नाम : जितन मण्डल<br>ठेगाना : सप्तरी जिल्ला, रामपुर जमुवा गा.वि.स. वडा नं. ३, हाल : सप्तरी जिल्ला, शम्भुनाथ न.पा. वडा नं. १० | |
| | **जमानतकर्ताको विवरण** | |
| | **१. नाम : सत्य नारायण मण्डल**<br>ना.प्र.नं. ६३३, जि.प्र.का. सप्तरी<br>जारी मिति : २०५१/११/१०<br>बाबुको नाम : जितन मण्डल<br>बाजेको नाम : डोमी मण्डल<br>ठेगाना : सप्तरी जिल्ला, रामपुर जमुवा गा.वि.स. वडा नं. १<br>हाल : सप्तरी जिल्ला, शम्भुनाथ न.पा. वडा नं. १० | **२. नाम : सुनिल कुमार मण्डल**<br>ना.प्र.नं. १६१०८३/१३१, जि.प्र.का. सप्तरी<br>जारी मिति : २०६६/०९/०८<br>बाबुको नाम : सत्यनारायण मण्डल<br>बाजेको नाम : जितन मण्डल<br>ठेगाना : सप्तरी जिल्ला, रामपुर जमुवा गा.वि.स. वडा नं. ३<br>हाल : सप्तरी जिल्ला, शम्भुनाथ न.पा. वडा नं. १० |
| | **३. नाम : राम सती देवी**<br>ना.प्र.नं. ७७६२२९५४, जि.प्र.का. सप्तरी, जारी मिति : २०४५/०१/०९<br>पतिको नाम : सत्य नारायण मण्डल, ससुराको नाम : जितन मण्डल<br>ठेगाना : सप्तरी जिल्ला, रामपुर जमुवा गा.वि.स. वडा नं. १, हाल : सप्तरी जिल्ला, शम्भुनाथ न.पा. वडा नं. १० | |
| | **धितोको विवरण** | |
| | सत्य नारायण मण्डलको नाममा मालपोत कार्यालय सप्तरी राजविराजमा दर्ता श्रेष्ता कायम रहेको सप्तरी जिल्ला, रामपुर जमुवा गा.वि.स. वडा नं. ९ स्थित कित्ता नं. ६३८ को क्षेत्रफल ०-१-५-० (बिगाहा) र रामपुर जमुवा गा.वि.स. वडा नं. ३ स्थित कित्ता नं. ५९० को क्षेत्रफल ०-०-५.७५ (बिगाहा) भएको घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । | |

| क्र.सं. | ऋणीको नाम, ठेगाना | जमानतकर्ताको विवरण |
|---|---|---|
| ४. | **नाम : हेम किशोर यादव**<br>ना.प्र.नं. ५८७२, जि.प्र.का. सप्तरी<br>जारी मिति : २०५८/१०/०२<br>बाबुको नाम : कौशल किसोर यादव<br>बाजेको नाम : राम दहीन यादव<br>ठेगाना : सप्तरी जिल्ला, मानराजा गा.वि.स. वडा नं. ५<br>हाल : सप्तरी जिल्ला, बादेवर्साइन न.पा. वडा नं. ७ | **नाम : निशा देवी यादव**<br>ना.प्र.नं. १६३११३/४४४, जि.प्र.का. सप्तरी<br>जारी मिति : २०६९/११/११<br>पतिको नाम : हेम किशोर यादव<br>ससुराको नाम : कौशल किसोर यादव<br>ठेगाना : सप्तरी जिल्ला, मानराजा गा.वि.स. वडा नं. ५<br>हाल : सप्तरी जिल्ला, बादेवर्साइन न.पा. वडा नं. ७ |
| | **ऋणीको नाम, ठेगाना** | |
| ५. | **नाम : सिताराम ट्रेडर्स**<br>उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय<br>दर्ता नं. ७६६०/०७६/०७७, दर्ता मिति : २०७६/१०/१३, पान नं. ६१२९२७९८२, दर्ता मिति : २०७६/१०/१४<br>ठेगाना : सप्तरी जिल्ला, राजविराज ना.पा. वडा नं. ९, **प्रोप्राइटर : सिताराम साहु** | |
| | **जमानतकर्ताको विवरण** | |
| | **१. नाम : सिताराम साहु**<br>ना.प्र.नं. ५९२७३६७४, जि.प्र.का. सप्तरी<br>जारी मिति : २०४३/१०/१५<br>बाबुको नाम : तुफन साह तेली<br>बाजेको नाम : अमृत साह<br>ठेगाना : सप्तरी जिल्ला, मलेठ गा.वि.स. वडा नं. ४<br>हाल : सप्तरी जिल्ला, राजविराज न.पा. वडा नं. ९ | **२. नाम : आनन्द कुमार साह**<br>ना.प्र.नं. १६-०१-७२-०५०७८, जि.प्र.का. सप्तरी<br>जारी मिति : २०७२/१०/०३<br>बाबुको नाम : सिताराम साहु<br>बाजेको नाम : तुफन साह तेली<br>ठेगाना : सप्तरी जिल्ला, मलेठ गा.वि.स. वडा नं. ४<br>हाल : सप्तरी जिल्ला, राजविराज न.पा. वडा नं. ९ |
| | **धितोको विवरण** | |
| | सिताराम साहुको नाममा मालपोत कार्यालय राजविराज, सप्तरीमा दर्ता श्रेष्ता कायम रहेको सप्तरी जिल्ला, बसविटी गा.वि.स. वडा नं. ५ स्थित कित्ता नं. ५७३, ५७४ र ६७८ को क्षेत्रफल क्रमशः ०-०-२.५-०, ०-०-३-० र ०-०-२.५-० (बिगाहा) भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । | |
| क्र.सं. | **शाखा कार्यालय : रामगोपालपुर, महोत्तरी** | |
| | **ऋणीको नाम, ठेगाना** | |
| १. | **नाम : गणपती क्लोथिङ ट्रेडर्स**<br>नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्त संरक्षण विभाग, वाणिज्य व्यवसाय व्यवस्थापन तथा नियमन शाखा<br>प्रा.फ.र.नं. १५२८००/०७६/७७, दर्ता मिति : २०७६/०९/०२, पान नं. ६१२६७३१७९, दर्ता मिति : २०७६/०९/०३<br>ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १६, **प्रोप्राइटर : ललनेन्द्र कुमार यादव** | |
| | **ऋणी तथा जमानतकर्ताको विवरण** | |
| | **नाम : ललनेन्द्र कुमार यादव**<br>ना.प्र.नं. ८६२६४४२२, जि.प्र.का. महोत्तरी, जारी मिति : २०५८/०३/२३<br>बाबुको नाम : रामचन्द्र राय, बाजेको नाम : सियाराम राय यादव<br>ठेगाना : महोत्तरी जिल्ला, श्रीपुर वडा नं. ९, हाल : महोत्तरी जिल्ला, औरही न.पा. वडा नं. ४ | |
| | **जमानतकर्ताको विवरण** | |
| | **१. नाम : दौलतिया देवी**<br>ना.प्र.नं. ८६२६१३९४, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०४३/१०/०८<br>पतिको नाम : रामचन्द्र राय<br>ससुराको नाम : सियाराम राय यादव<br>ठेगाना : महोत्तरी जिल्ला, श्रीपुर वडा नं. ९<br>हाल : महोत्तरी जिल्ला, औरही न.पा. वडा नं. ४ | **२. नाम : बिजेन्द्र कुमार यादव**<br>ना.प्र.नं. ८६२६४०६०, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०५५/०९/०३<br>बाबुको नाम : रामचन्द्र राय<br>बाजेको नाम : सियाराम राय यादव<br>ठेगाना : महोत्तरी जिल्ला, श्रीपुर वडा नं. ९<br>हाल : महोत्तरी जिल्ला, औरही न.पा. वडा नं. ४ |
| | **३. नाम : रामचन्द्र राय**<br>ना.प्र.नं. ८६२६१४३५, जि.प्र.का. महोत्तरी, जारी मिति : २०३०/११/०३<br>बाबुको नाम : सियाराम राय यादव, बाजेको नाम : राम औतार<br>ठेगाना : महोत्तरी जिल्ला, श्रीपुर वडा नं. ९, हाल : महोत्तरी जिल्ला, औरही न.पा. वडा नं. ४ | |
| | **धितोको विवरण** | |
| | रामचन्द्र रायको नाममा मालपोत कार्यालय महोत्तरीमा दर्ता श्रेष्ता कायम रहेको महोत्तरी जिल्ला, श्रीपुर वडा नं. ८ ख स्थित कित्ता नं. २१४ को क्षेत्रफल ०-३-५-० भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । | |

**ज्योति विकास बैंक लि.**
**JYOTI BIKASH BANK LTD.**
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट “ख” वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय : का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : रुपनी, सप्तरी, फोन नं. ०३१-४५००१२, रामगोपालपुर, महोत्तरी, फोन नं. ०४४-४१००७३
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

# गाउँपालिकामा तोडफोड गर्नेलाई कारवाहीको माग



**टुडे समाचारदाता**

राजविराज । सप्तरीको छिन्नमस्ता गाउँपालिका कार्यालयमा तोडफोड र प्रमुख प्रशासकीय अधिकृतलाई दुर्व्यवहार गरिएको भन्दै घटनाप्रति आपति जनाउंदै दोषीमाथि कडा कारवाहीका माग गरेका छून ।

बुधबार कार्यालय समयमा एक समूहले ५७ वर्षीय प्रमुख प्रशासकीय अधिकृत केशव कुमार झामाथि कार्यकक्षमै दुर्व्यवहार गरेको भन्दै कार्यालयमा तोडफोड गरी वितण्डा मचाएको भनी कर्मचारीहरूले बिहीबार प्रेस विज्ञप्तिमार्फत घटनाको भर्त्सना गर्दै दोषीलाई कडा कारवाही सहित चार बुँदे माग अघि सारेका छन् ।

उक्त समूहले प्रमुख प्रशासकीय अधिकृतको कार्यकक्षमा प्रवेश गरी दुर्व्यवहार गर्नुका साथै कुर्सीबाट लडाउने, अपशब्द प्रयोग गर्ने र कार्यालयको झ्यालका सिसा लगायतका सार्वजनिक सम्पत्ति तोडफोड गरी ठूलो क्षति पुऱ्याएको विज्ञप्तिमा उल्लेख छ । कर्मचारीहरूले दोषीमाथि कारबाहीको माग गर्दै कडाभन्दा कडा कारबाही गर्न स्थनीय प्रशासनसँग माग गरेका छन् ।

विद्यालय जस्तो पवित्र क्षेत्रलाई नै विवादमा तान्नेगरी एक समूहले श्री माध्यमिक विद्यालय लालापट्टिका विद्यार्थीहरुको गलत प्रयोग गरेर गाउँपालिकाका विरुद्ध प्रदर्शन गराएको उक्त गाउँपालिकाका अध्यक्ष विद्यान्द चौधरीले बताए ।

विद्यालयमा पंखा र खानेपानी जस्ता भौतिक सुविधाहरू गाउँपालिकाले उपलब्ध गराइसकेको अवस्थामा पनि गलत अफवाह फैलाएर शैक्षिक क्षेत्रमा नराम्रो नजिर स्थापित गर्न खोजिएको कर्मचारीहरुको विज्ञप्तिमा समेत उल्लेख छ ।

यस विषम परिस्थितिलाई मध्यनजर गर्दै गाउँपालिकाका कर्मचारीहरूले चारबुँदे माग सार्वजनिक गरेका छन् । उनीहरूले कार्यकक्षमा दुर्व्यवहार र तोडफोडमा संलग्न मुख्य योजनाकार तथा व्यक्तिहरूको तत्काल पहिचान गरी कानुनी दायरामा ल्याउन स्थानीय प्रशासन र प्रहरीसँग माग गरेका छन् ।

साथै, बालबालिकाको मनोविज्ञान र भविष्यमा नकारात्मक असर पर्ने गरी उनीहरूलाई राजनीतिक रिसिइबी साध्ने माध्यम नबनाउन समेत सम्बन्धित पक्षलाई सचेत गराइएको छ । कर्मचारीहरूले आफूहरू असुरक्षित महसुस गरिरहेको वर्तमान अवस्थामा कार्यालय सञ्चालनका लागि आवश्यक शान्ति सुरक्षाको पूर्ण प्रत्याभूति नभएसम्म र दोषीलाई कारबाही नभएसम्म कामकाजमा बाधा पुग्न सक्ने चेतावनीसहितका माग राखिएको छ ।

विधिको शासन र कानुनी राज्यको उपहास गर्ने जोकोहीलाई पनि कानुन बमोजिम कारबाही गर्न, गाउँपालिकाको विकास र शान्तिमा खलल नपुऱ्याउन कर्मचारीहरूले सामूहिक हस्ताक्षर समेत संचालन गरेको छ ।

# मधेशका बालबालिका कुपोषण बढ्दै

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेस प्रदेशका १६ प्रतिशत बालबालिकामा कुपोषणको समस्या देखिएको एक तथ्यांकले जनाएको छ ।



स्वास्थ्य निर्देशनालय, मधेस प्रदेशले १३६ स्थानीय तहमध्ये १३३ स्थानीय तहमा गरिएको पोषण अवस्थाको परीक्षणमा दुई लाख ८३ हजार ३०८ बालबालिकाको स्वास्थ्य अवस्था मूल्यांकन गरिएको थियो । जसमध्ये ३५ हजार ८८३ जना कुपोषित, आठ हजार ७७१ जना शीघ्र कुपोषित र दुई लाख ३३ हजार १८२ जना सामान्य अवस्थामा रहेका तथ्यांकमा उल्लेख छ ।

विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) को मापदण्डअनुसार यो अवस्था संकटपूर्ण मानिन्छ । मधेस प्रदेशमा कुपोषित तथा शीघ्र कुपोषित बालबालिकाको संख्या ४४ हजार ६५४ पुगेको छ, जुन कूल परीक्षण गरिएका बालबालिकाको १५।७६ प्रतिशत हुन आउछ । मिथिला नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख अशोक भण्डारीले अभियानमार्फत गरिएको परीक्षणले सो तथ्य पत्ता लागेको जानकारी दिएका छून ।

मधेस प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले गरिबी, अशिक्षा, पोषणसम्बन्धी चेतनाको कमी, सरसफाइको अभाव तथा असन्तुलित खानपान जस्ता कारणले मधेसमा कुपोषणका समस्या जटिल बन्दै गएको बताए । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय मधेस प्रदेशका प्रदेश सचिव डा प्रमोद यादवले कृषि उत्पादनमा सम्पन्न मानिने प्रदेशमा बाल कुपोषण उच्च हुनु चिन्ताको विषय भएको जानकारी दिए ।

करिब २९ प्रतिशत बालबालिका मधेस प्रदेशमा जन्मिने र नेपालको कूल जनसंख्याको झण्डै २२ प्रतिशत हिस्सा मधेस प्रदेशमा बसोबास गर्दै आएका छन् । राष्ट्रिय तथ्यांक कार्यालयले नेपाल बहुसूचक सर्वेक्षण २०८१/८२ को प्रदेशस्तरीय नतिजा अनुसार मधेस प्रदेशमा बालमृत्यु, कुपोषण, किशोरी प्रजनन् दर र विद्यालय बाहिर रहेका बालबालिकाको अवस्था राष्ट्रिय औसतभन्दा चिन्ताजनक रहेको छ ।

प्रतिवेदनअनुसार मधेस प्रदेशमा नवजात शिशु मृत्युदरप्रति एक हजार जन्ममा २० र पाँच वर्षमुनिका बालबालिकाको मृत्युदर ३३ रहेको छ, जुन राष्ट्रिय औसतभन्दा माथि हो । त्यस्तै, कुपोषणको अवस्था पनि गम्भीर देखिएको छ उमेरअनुसार तौल कम भएका (लिखुरे) बालबालिका २३.२ प्रतिशत र उचाइ कम भएका (पुड्को) ३१.१ प्रतिशत रहेका छन् ।

मधेस स्वास्थ्य विज्ञान प्रतिष्ठानअन्तर्गत रहेको प्रादेशिक अस्पताल जनकपुरमा रहेको पोषण गृहको पछिल्लो दुई वर्षको तथ्यांक हेर्ने हो भने बर्सेनि १५० देखि २५० जना बालबालिका कुपोषणका कारण भर्ना हुने गर्छन् । तीमध्ये अधिकांशमा क्षयरोगको समस्या देखिने गरेको छ ।

पोषण गृहकी कार्यक्रम व्यवस्थापक किरण यादवका अनुसार आर्थिक वर्ष २०७९-८० मा १८६ जना बालबालिका कुपोषणका कारण भर्ना भएका थिए भने आर्थिक वर्ष २०८०-८१ मा २१६ जना बालबालिका भर्ना भएका थिए ।

त्यस्तै अस्पतालको बालरोग विभागमा दैनिक १५० देखि २०० जना बिरामी आउँछन् । तीमध्ये प्रत्येक १० मध्ये चारजनामा कुनै न कुनै प्रकारको कुपोषण सम्बन्धी समस्या देखिने गरेको चिकित्सकहरुको भनाई छ ।

यसअघि सन् २०१६ को नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षणले पाँचवर्षमूनिका ३७ प्रतिशत बालबालिकामा पुड्कोपन दखिएको थियो भने ५९ प्रतिशतमा रक्तअल्पत्ता देखिएको थियो। यस्तै १० प्रतिशत बालबालिकामा ख्याउटेपन र २७ प्रतिशत कम तौलका बालबालिका पाइएका थिए ।

मधेस प्रदेश स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार मधेस प्रदेशमा बर्सेनि १ लाख ४० हजार बच्चा जन्मिन्छन् । जसमा ५ वर्ष मुनिका मृत्युदर प्रति एक हजार जीवित बच्चामा ३३ र नवजात शिशु मृत्युदर प्रति एकहजार जीवित जन्ममा २१ रहेको छ । जसको प्रमुख कारण कुपोषण सम्बन्धी समस्या रहेको बुझाइ छ ।

# नि:शुल्क स्वास्थ्य शिविर सम्पन्न

**टुडे समाचारदाता**

बारा । बाराको कोल्हवी नगरपालिका, बाराको आयोजनामा तथा नेशनल मेडिकल कलेज, वीरगञ्जको क्लिनिकल सहयोगमा कोल्हवी प्राथमिक स्वास्थ्य केन्द्रमा नि:शुल्क स्वास्थ्य शिविर सम्पन्न भएको छ ।

शिविरमा जनरल मेडिसिन, स्त्री तथा प्रसूति रोग, हाडजोर्नी तथा नशा रोग र छाला रोग सम्बन्धी विशेषज्ञ स्वास्थ्य सेवाहरू प्रदान गरिएको थियो। शिविरबाट कुल ३६६ जना बिरामीहरूले नि:शुल्क स्वास्थ्य परीक्षण, परामर्श तथा आवश्यक स्वास्थ्य सेवा प्राप्त गरेका छन् ।

कार्यक्रममा कोल्हवी नगरपालिकाका जनप्रतिनिधि तथा स्थानीय सरोकारवालाहरूको उल्लेखनीय सहभागिता रहेको थियो। नेशनल मेडिकल कलेज, वीरगञ्जको तर्फबाट अस्पताल निर्देशक डा. इशरत जहान, प्रमुख सूचना अधिकृत इ. प्रदीप कुमार चौधरी, क्वालिटी तथा अपरेशन म्यानेजर ब्रज किशोर चौधरी, डा. बनारसी लाल कसारी :म्नए, डा. सन्तोष झा स्त्री तथा प्रसूति रोग विशेषज्ञ , डा. ओमप्रकाश अर्थोपेडिक विशेषज्ञ तथा डा. नीलमणि प्रियदर्शी छाला रोग विशेषज्ञ, कलेजका प्रेस सलाहकार आशिक अंसारी लगायतको सक्रिय सहभागिता रहेको थियो ।

सो अवसरमा कोल्हवी नगरपालिका र नेशनल मेडिकल कलेज, वीरगञ्जबीच स्वास्थ्य सेवा सहकार्य सम्बन्धी समझदारीपत्र (:यग) मा हस्ताक्षर सम्पन्न भएको छ । उक्त सम्झौतामा नेशनल मेडिकल कलेजको तर्फबाट अस्पताल निर्देशक डा. इशरत जहान तथा कोल्हवी नगरपालिकाको तर्फबाट नगर प्रमुख रामप्रसाद चौधरीले हस्ताक्षर गरेका छन् ।

# गौशालाको विद्यालयमा पांच दिन गर्मी विदा

**टुडे समाचारदाता**

जलेश्वर । महोत्तरीको गौशाला नगरपालिकाले अत्यधिक गर्मीका कारण विद्यार्थीको स्वास्थ्यमा प्रतिकूल असर पर्न थालेपछि नगर क्षेत्रभित्र सञ्चालित सबै विद्यालयको पठनपाठन पाँच दिनका लागि बन्द गर्ने निर्णय गरेको छ ।

नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत ओमबहादुर अधिकारीले पछिल्ला केही दिनदेखि निरन्तर बढिरहेको गर्मीले जनजीवन प्रभावित हुनुका साथै शैक्षिक संस्थामा अध्ययनरत विद्यार्थीको स्वास्थ्यमा गम्भीर असर पर्ने अवस्था देखिएपछि बिदा दिने निर्णय गरिएको जनाएको छ ।

अधिकारीले बिहीबार बसेको नगर कार्यपालिकाको बैठकले विद्यार्थीको स्वास्थ्य सुरक्षा तथा हितलाई मध्यनजर गर्दै नगर क्षेत्रभित्र सञ्चालित सबै सामुदायिक, संस्थागत तथा धार्मिक विद्यालयको पठनपाठन शुक्रबारदेखि आगामी सोमबारसम्म पूर्णरूपमा बन्द गर्ने निर्णय गरिएको बताए ।

नगरपालिकाले सम्बन्धित विद्यालय, अभिभावक तथा सरोकारवालालाई निर्णय कार्यान्वयन गर्न आग्रह गर्दै विद्यार्थीको स्वास्थ्य सुरक्षालाई प्राथमिकता दिन अनुरोध गरेको छ । नगर शिक्षा शाखा प्रमुख सञ्जयकुमार सिंहका अनुसार पछिल्ला केही दिनयता नगर क्षेत्रको तापक्रम ३८ देखि ४० डिग्री सेल्सियससम्म पुगेपछि विद्यार्थी बिरामी पर्न थालेका छन् । बढ्दो गर्मीका कारण विद्यालयमा अध्ययनरत बालबालिकाको स्वास्थ्य जोखिम बढेको उनले बताए । उनका अनुसार गौशाला-१२, कान्तिबजारस्थित राष्ट्रिय माध्यमिक विद्यालयमा हालसम्म २० जना छात्रा गर्मीका कारण बेहोस भइसकेका छन् । बिहीबार पनि पाँच जना छात्राको स्वास्थ्य अवस्था बिग्रिएको थियो । उनीहरूलाई प्राथमिक उपचारपछि अभिभावकको जिम्मा लगाइएको उनले जनाएको छ ।

विद्यालयमा दिनहुँजसो विद्यार्थी बेहोस हुन थालेपछि नगर स्वास्थ्य शाखा प्रमुख अशोककुमार महतोसहित स्वास्थ्यकर्मीको टोलीले कान्तिबजार विद्यालयको अनुगमन गरेको थियो । अनुगमनका क्रममा बढ्दो गर्मी, साँघुरो कक्षाकोठा, पर्याप्त भेन्टिलेसनको अभाव, जस्तापाताको छानो तथा कतिपय विद्यार्थी भोकै विद्यालय आउने गरेका कारण स्वास्थ्य समस्या देखिएको महतोले बताए ।

नगर शिक्षा शाखाका अनुसार गौशाला नगरपालिकाभित्र ३१ सामुदायिक, ३० संस्थागत र सात धार्मिक गरी कुल ६८ विद्यालय सञ्चालनमा रहेका छन्, जहाँ २० हजारभन्दा बढी विद्यार्थी अध्ययनरत छन् । यसअघि बढ्दो गर्मीका कारण विद्यार्थी कक्षा कोठामै अचेत हुन थालेपछि बर्दिबास नगरपालिकाले पनि आफ्नो क्षेत्रका ८२ वटा विद्यालयमा दुई दिनको बिदा दिएको थियो ।

# मेयरमाथि कुटपिट र बन्धक बनाएको आरोप

**टुडे समाचारदाता**

रौतहट । बौधीमाई नगरपालिकाका मेयर प्रदीप यादवमाथि आफ्नै पालिकास्थित विद्यालयमा कार्यरत शिक्षकलाई बन्धक बनाई कुटपिट गरेको आरोपसहित मुद्दा दर्ता गराइएको छ ।



पटक-पटक जिल्ला प्रहरी कार्यालय र जिल्ला प्रशासन कार्यालय धाउँदा पनि न्याय नपाएको गुनासो गर्दै पीडित पक्षले अन्ततः पुनरावेदनमार्फत मुद्दा दर्ता गराएको बताइएको छ ।

शंकर गुदर माध्यमिक विद्यालय, सरमुजावामा कार्यरत शिक्षक रामबाबु यादवले आफूलाई छलफलका लागि भन्दै नगरपालिकामा बोलाएर अमानवीय व्यवहार गरिएको आरोप लगाएका छन् ।

उनका अनुसार नगरपालिकाका लेखापाल र शिक्षा संयोजक रमेश यादवको आग्रहमा शुक्रबार कार्यालय पुगेपछि उनलाई मेयर प्रदीप यादव, वडाध्यक्ष विन्देश्वर यादव र कार्यपालिका सदस्य सुनिल जयसवालसहितको समूहले कोठाभित्रै नियन्त्रणमा राखेको थियो ।

पीडित शिक्षकका अनुसार उनलाई दिउँसो करिब २:३० बजेदेखि राति ९ बजेसम्म बाहिर निस्कन नदिई मानसिक दबाब, गालीगलौज तथा कुटपिट गरिएको थियो। घटनाका क्रममा हात भाँचिएको र ज्यान मार्ने धम्कीसमेत दिइएको उनले आरोप लगाएका छन् ।

न्यायको माग गर्दै प्रहरी र प्रशासन धाउँदा पनि प्रभावकारी सुनुवाइ नभएको भन्दै अन्ततः उनले पुनरावेदनमार्फत मुद्दा दर्ता गराएका हुन् । घटनाबारे निष्पक्ष छानबिन गरी दोषीमाथि कानुनअनुसार कारबाही गर्न स्थानीयवासी तथा सरोकारवालाले माग गरेका छन् ।

यता मेयर प्रदीप यादवले भने आफूमाथि लगाइएका सबै आरोप अस्वीकार गरेका छन् । उनका अनुसार शिक्षक रामबाबु यादवले सामाजिक सञ्जालमा नगर नेतृत्वविरुद्ध अभद्र टिप्पणी गरेपछि स्पष्टीकरणका लागि मात्रै बोलाइएको हो । "थुनछेक वा कुटपिट गरिएको होइन, केवल नैतिकताको विषयमा छलफल भएको हो," मेयर यादवको दाबी छ । स्थानीयवासीले भने यो घटनालाई अलग्गै विषय नभई निरन्तर विवादको श्रृंखला भएको टिप्पणी गरेका छन्। मेयर यादवमाथि यसअघि पनि कर्मचारी तथा जनप्रतिनिधिमाथि दुर्व्यवहारका विभिन्न आरोप सार्वजनिक हुँदै आएका छन्।

लगातार गम्भीर आरोपहरू सार्वजनिक भइरहँदा पनि सम्बन्धित निकायबाट ठोस कदम नचालिएको भन्दै स्थानीयले आक्रोश व्यक्त गरेका छन् । उनीहरूले घटनाको निष्पक्ष छानबिन गरी कानुनी दायरामा ल्याउन माग गरेका छन् ।

# १६ नेपाली कामदार भारतमा बन्धक

**टुडे समाचारदाता**

बर्दिबास । महोत्तरी जिल्लाको बर्दिवास नगरपालिकाका पुरुष र महिलासहित १६ कामदार भारतको एक कुखुरा फार्ममा बन्धकमा परेको बुझिएको छ ।



बर्दिवास नगरपालिका-१४ मा अवस्थित मुसहर बस्तीका सदा थरका १० पुरुष र ६ जना महिला कामदार भारतको हरियाना राज्यको जिन जिल्लाको झाझर थाना अन्तर्गतका हेलन गाउँमा रहेको एक कुखुरा फार्ममा बन्धकमा परेको बताइएको छ ।

पुरुषतर्फ बर्दिवास १४ का १७ वर्षीय मुकेश, १६ वर्षीय किसन १३ वर्षीय आशिक २१ वर्षीय अमृत ३५ वर्षीय झरी, छोरा नौ वर्षीय शंकर सदा, ३८ वर्षीय विसुनदेव, विसुनदेवका छोरा अमृत, ४० वर्षिय मोहन र महिलातर्फ विसुनदेवकी ३५ वर्षीया महावती, मोहनका श्रीमति ३५ वर्षीया बेचो सदा, अमृतका श्रीमति २० वर्षीया किरण, झरी सदाको श्रीमति लालमुनी, छोरीहरु काजल, साजन रहेको इलाका प्रहरी कार्यालय बर्दिवासका प्रहरी नायब उपरीक्षक गुरुप्रसाद तिमिल्सिनाले बताएका छन् ।

मुसहर बस्तीका वीरेन्द्र सदा, कारिचरण सदा, अशोक सदा, अमरलाल सदा र मनोहर सदाले निजका आफन्तहरु बन्धकमा परेको भन्दै उनीहरुलाई भारतको राजधानी नयाँ दिल्लीस्थित नेपाली राजदूवाससँग समन्वय, सहकार्य गरेर उद्धार गराइ दिन निवेदन दिएको गुरुप्रसाद तिमिल्सिनाले जानकारी दिए ।

उनीहरुलाई बर्दिवास नगरपालिका-३ गौरीडाँडा बस्ने दिलीप परियारले गत चैत १३ गते आकर्षक तलब र सेवा सुविधा तथा हलुको काम रहेको प्रलोभन दिँदै भारतको हरियाना राज्यको जिन जिल्लाको झाझर थानाअन्तर्गत हेलन गाउँमा रहेको एक कुखुरा फाराममा रोजगारीका लागि लगेका थिए ।

बन्धक परेकामध्ये २० वर्षीया किरण सदाले साहुबाट लुकेर फोन गर्दै आफूहरुलाई डरधाक र यातना दिएर राखेको, ज्याला मजदुरी नदिएको र बन्धक बनाएर राखेको प्रहरीलाई बताएकी थिइन ।

# संकटमा परेका वृद्ध दम्पती न्याय खोज्दै


**टुडे समाचारदाता**

रौतहट । जीवनभरको पसिनाले जोडेको सम्पत्ति आफ्नै सन्तानको नाममा नामसारी गरेपछि बुढेसकालमा सहाराविहीन बनेका एक वृद्ध दम्पतीले न्यायको खोजीमा गाउँदेखि सदरमुकामसम्म धाइरहेका छन् ।

रौतहटको राजपुर नगरपालिका-८ हजमिनियामा देखिएको यो घटना पारिवारिक सम्बन्ध र वृद्ध अभिभावकको अवस्थाबारे गम्भीर प्रश्न उठाउने बनेको छ।

हजमिनिया गाउँका हफि महम्मद अन्सारी र उनकी पत्नी रोजैदा खातुनले आफ्नो एक छोरा र दुई छोरीमध्ये छोरा शाह महम्मद अन्सारीलाई विश्वासका आधारमा घरसहित करिब ९ धुर जग्गा दुई चरणमा नामसारी गरिदिएका थिए ।

तर सम्पत्ति आफ्नो नाममा भएपछि छोरा परिवारबाट टाढिँदै गएको, हाल ससुराली पक्षको बसोबास रहेको गढीमाईनगरपालिका-गम्हरियामा बस्दै आएको तथा वैदेशिक रोजगारीका लागि साउदी अरब पुगेको उनीहरूको भनाइ छ ।



वृद्ध दम्पतीका अनुसार बुहारी र नातिनातिना पनि माइतीमै बस्दै आएका छन् । अहिले आफूहरू बस्दै आएको घरसहित बाँकी रहेको जग्गा समेत बिक्री गर्ने तयारी भइरहेको जानकारी पाएपछि उनीहरू थप त्रसित बनेका छन् ।

शारीरिक रूपमा कमजोर भइसकेका हफि महम्मद अन्सारीले युवावस्थामा गरेको मेहनत सम्झँदै अहिले जीवन अत्यन्तै कठिन बनेको बताए । "पहिले शरीरले साथ दिन्थ्यो, काम गरेर घर चलाउँथें। अहिले केही गर्न सक्दिनँ, खान-लाउनकै समस्या छ," उनले भने ।

उनीहरूको जेठी छोरी भारतको बैरगनिया-स्थित सिन्दुरियामा बस्दै आएकी छन् । छोरीले कहिलेकाहीँ पठाउने सहयोगकै भरमा वृद्ध दम्पती र २० वर्षीया कान्छी छोरीको गुजारा चलिरहेको छ । आर्थिक अभावका कारण कान्छी छोरीको विवाहसमेत गर्न नसकेको उनीहरूको पीडा झन् गहिरिएको छ ।

न्यायको आशामा पत्रकारमार्फत आवाज उठाउन गौर पुगेका अन्सारी दम्पतीले सम्बन्धित निकायसम्म आफ्नो समस्या पुऱ्याइदिन आग्रह गरेका छन् । "हाम्रो आवाज माथिसम्म पुगोस्, न्याय मिलोस् ।

# रास्वपा जनकपुरधाम अधिवेशन पनि विवादित

**टुडे समाचारदाता**

जनकपुरधाम । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को नगर अधिवेशन मधेश प्रदेशका अधिकांश जिल्लाका पालिका विवादित बन्दै गएको छ । बारामा सांसद रहबर अंसारीलाई दुर्व्यवहारदेखि महोत्तरीको मनरासिस्वामा अधिवेशनकै क्रममा कुटाकुटको घटनापछि जनकपुरधाम उपमहानगरपालिका अधिवेशन पार्टीभित्रै विवादित बनेको छ ।

पार्टीको अनुशासन आयोगले विवादित स्थानका अधिवेशन स्थगित गर्न निर्देशन दिए पनि जनकपुरधाममा अधिवेशन सम्पन्न गरी नयाँ नेतृत्व चयन गरिएको भन्दै असन्तुष्टि चुलिएको हो ।

रास्वपाको अनुशासन आयोगले जेठ १९ गते जारी गरेको निर्देशनमा विवाद देखिएका विभिन्न पालिकासहित जनकपुरधाम उपमहानगरपालिकाको अधिवेशनसमेत स्थगित गर्न भनिएको थियो । तर, सोही दिन उपमहानगर समितिको नेतृत्व चयनका लागि मतदान गराइएको थियो ।

अधिवेशनमा २१ मत खसेको जनाइएको छ । वडा सभापतिहरूलाई मात्र प्रतिनिधि बनाएर गरिएको मतदानबाट ललन नायक १६ मतसहित सभापतिमा निर्वाचित भएको घोषणा गरिएको थियो ।

उनका प्रतिस्पर्धी जितेन्द्र महासेठले ५ मत प्राप्त गरेका थिए । तर, अधिवेशन प्रक्रिया पार्टी विधानविपरीत रहेको भन्दै महासेठसहित स्थानीय नेता कार्यकर्ताले आपत्ति जनाएका छन् । सभापतिका आकांक्षी महासेठले अधिवेशनका नाममा वडा सभापतिहरूलाई छलफलका लागि बोलाएर बिना कुनै सहमति र तयारीकै एकाएक मतदान गराइएको आरोप लगाएका छन् ।

रास्वपाको विधानअनुसार पालिका अधिवेशनमा सम्बन्धित पालिका समिति, वडा समितिका सदस्य, सल्लाहकार परिषद्, विभागीय प्रतिनिधि तथा जिल्ला, प्रदेश र केन्द्रीय समितिमा आबद्ध सम्बन्धित क्षेत्रका सदस्यहरू प्रतिनिधि रहने व्यवस्था छ । साथै सदस्य संख्या र समावेशिताको आधारमा थप प्रतिनिधित्व सुनिश्चित गर्नुपर्ने प्रावधान पनि रहेको छ । तर, जनकपुरधाम उपमहानगरपालिकाको अधिवेशनमा वडा सभापतिहरूलाई मात्र मतदाता बनाइएको भन्दै प्रक्रियामाथि प्रश्न उठेको हो । जनकपुरधाम उपमहानगरपालिकाका २५ वडामध्ये २१ वडाको अधिवेशन सम्पन्न भइसकेको छ । यद्यपि, पालिका अधिवेशनको वैधानिकताबारे पार्टीभित्रै विवाद बढेपछि निर्वाचन आयोगले घटनाबारे अध्ययन थालेको जनाएको छ ।

रास्वपाका निर्वाचन आयोग प्रमुख भुवन केसीले जनकपुरधाम उपमहानगरपालिकाको अधिवेशन विधानअनुसार भए/नभएको विषयमा आयोगले आवश्यक छानबिन गरिरहेको जानकारी दिएका छन् ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८